वर्ष : १४, अंक : १७, काठमाडौं, २०७५ साउन २५ गते शुक्रबार 10 August 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

## मधेशवाणी पुनः 'क' वर्गमा

काठमाडौं । राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित रही विगत १४ वर्षदेखि निरन्तर प्रकाशित भइरहेको राष्ट्रिय साप्ताहिक मधेशवाणी पुनः 'क' वर्गमा पर्न सफल भएको छ । आ.व. २०७२/७३ र २०७३/७४ को प्रेस काउन्सिल नेपालको पत्रपत्रिका वर्गीकरण प्रतिवेदन पत्रपत्रिका वितरण सम्परीक्षण समितिअनुसार मधेशवाणी पुनः 'क' वर्गमा पर्न सफल भएको हो । नतिजा अनुसार आ.व. २०७२/०७३ मा वर्गीकरणका लागि आवेदन गर्ने ९१३ पत्रपत्रिकामध्ये ८२६ पत्रपत्रिका वर्गीकरणमा समावेश भएका छन् भने हुबहु, न्यूनतम प्रकाशन अंक नपुग आदि कारणले ८७ पत्रपत्रिका वर्गीकरणमा समावेश भएका छैनन् । त्यस्तै आ.व. २०७३/७४ मा आवेदन गर्ने ९५३ पत्रपत्रिकामध्ये ८१६ पत्रपत्रिका वर्गीकरणमा समावेश भएका छन् भने हुबहु, न्यूनतम प्रकाशन अंक नपुग आदि कारणले १३७ पत्रपत्रिका वर्गीकरणमा समावेश भएका छैनन् । उल्लेखित नतिजाउपर पुनरावलोकनको लागि १५ दिन र दोब्बर दस्तुरमा थप ७ दिनको समयमा आधार प्रमाणसहित काउन्सिलमा निवेदन दिन सकिने व्यवस्था गरिएको काउन्सिलले जनाएको छ ।

### मलेठ घटनाको मन्त्रिपरिषद्स्तरीय छानबिन अन्तिम चरणमा

# मानवअधिकार आयोगको प्रतिवेदन मधेशमा अस्वीकृत

## प्रतिवेदनलाई अन्तर्राष्ट्रियकरण गर्छौं



**ज्ञानेन्द्र कुमार यादव**
**आन्तरिक मामिला तथा कानूनमन्त्री, प्रदेश २**

**० मलेठ घटनासम्बन्धी छानबिन कहाँसम्म पुग्यो ?**

– मलेठ घटनाको सत्यतथ्य पत्ता लगाउन प्रदेश २ को सरकारले तीन सदस्यीय छानबिन समिति गठन गरेको छ । त्यो समितिले स्थलगत निरीक्षण र स्थानीयहरूसँग सोधपुछ गरिसकेको छ । स्थानीय पत्रकार, मानवअधिकारकर्मी, तत्कालीन मधेशी मोर्चाका नेता कार्यकर्ताहरूसँग कुराकानी गरेका छौं । तत्कालीन नेकपा एमालेका नेता कार्यकर्ताहरूसँग पनि कुराकानी गर्ने प्रयास गर्‍यौं तर उहाँहरू सम्पर्क आउन मान्नुभएन । यताका सबै कामहरू भइसकेको छ । अर्को कुरा मलेठ घटनाको बारेमा प्राविधिक कुराहरू हेर्न बाँकी नै छ, त्यो हामी हेर्दैछौं ।

**० कहिलेसम्म तपाइँहरूको प्रतिवेदन तयार भइसक्छ त ?**

– हामीले भाद्र ५ गतेभित्रै प्रतिवेदन बुझाउँछौं ।

**० मलेठ घटनासम्बन्धी छानबिन गरी राष्ट्रिय मानवअधिकार आयोगले प्रतिवेदन सार्वजनिक गरेकै थियो, त्यसमा प्रदेश २ को सरकारले पनि किन छानबिन गर्नुपर्‍यो ?**

– प्रदेश २ र खासगरी मलेठका सम्पूर्ण जनताहरूले आयोगको प्रतिवेदनप्रति असन्तुष्टि जनाउँदै एक पक्षीय मात्रै भएको भनेर चौतर्फी विरोध हुन थालेपछि प्रदेश सरकारले आफै सो घटनाको छानबिन गर्ने निर्णय गरेको हो । सत्यतथ्यरूपमा छानबिन होस् भनेर प्रदेश सरकारस्तरीय छानबिन समिति गठन भएको हो ।

**० आयोगको प्रतिवेदनप्रति प्रदेश २ को सरकार पनि असन्तुष्ट थियो ?**

– प्रदेश २ को सरकार असन्तुष्ट हुनुभन्दा पनि त्यहाँका जनता, मानवअधिकारकर्मी, सञ्चारकर्मी लगायतले असन्तुष्टि जाहेर गरेका छन् ।

**० प्रतिवेदनप्रति चौतर्फी विरोध भइरहँदा प्रदेश २ को सरकारले लिखितरूपमा आयोगसँग किन जानकारी मागेन त ?**

– हामीले पनि त्यो प्रतिवेदन हेर्दा पूर्णरूपमा एकतर्फी रहेको पायौं । प्रतिवेदनमा भनिएका कुराहरूमा कुनै किसिमको सत्यता देखिँदैन । त्यसैले सरकारले वास्तविकता बुझ्नका लागि यो छानबिन समिति गठन गरेको हो । यो छानबिन समितिले जे सत्यतथ्य छ, त्यहीं हामी ल्याउने प्रयास गर्छौं ।

**० यसरी एउटै घटनाका लागि दुईथरि छानबिन हुँदा यसले सत्यतामाथि प्रश्नचिन्ह खडा गर्दैन ?**

– सत्यतामाथि कहाँ प्रश्नचिन्ह खडा हुन्छ । यसले हामीलाई झन सत्य नजिक लैजान्छ । त्यसैले अर्को छानबिन समितिको गठन भएको हो ।

**० तपाइँहरूले पनि दिने प्रतिवेदन सही नै हुन्छ भन्नेमा कसले विश्वास गर्ने त ?**

– हामी प्रदेश २ का जनताको जनप्रतिनिधि हौं । जनप्रतिनिधि जनताप्रति उत्तरदायी हुन्छ । त्यसैले हामीले ल्याउने प्रतिवेदन सत्यतथ्य र कोही पनि पीडित नहोस्, कसैमाथि अनावश्यक आरोप नलागोस्, दण्डहीनता पनि नमौलाओस् भन्ने खालको प्रतिवेदन ल्याउँछौं ।

बाँकी अन्तिम पृष्ठमा

**मधेशवाणी डेस्क**

काठमाडौं । सप्तरीको मलेठमा पाँच जनाको ज्यान जाने गरी भएको घटनाको प्रदेश २ को सरकारले आफै छानबिन गर्ने निर्णय गरे पछि मधेश एक पटक फेरि तरंगित भएको छ ।

प्रदेश २ को सरकारले मलेठ घटनाबारे राष्ट्रिय मानवअधिकार आयोगले सार्वजनिक गरेको प्रतिवेदन गलत रहेको दाबी गर्दै आयोगको प्रतिवेदनले मधेशमा आक्रोश बढेकाले घटनाको निष्पक्ष छानबिन सुरू गरेको जनाएको हो ।

आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र कुमार यादवको संयोजकत्वमा सामाजिक विकासमन्त्री नवलकिसोर साह र भूमि व्यवस्थापन तथा कृषिमन्त्री शैलेन्द्र साह रहेको सदस्य 'मलेठ घटना छानविन उच्चस्तरीय समिति' गठन गरिएको हो । तत्कालीन नेकपा एमालेको मेची महाकाली अभियानका क्रममा भएको झडपमा २०७३ फागुन २३ गते सप्तरीको मलेठमा प्रहरीको गोली लागेर पाँच जनाको मृत्यु भएको थियो/ ।

छानबिन समितिले मलेठ घटनामा समन्वयको अभाव, राजनीतिक सुझबुझको कमी लगायतका कारणले मलेठ घटना भएको प्रारम्भिक निष्कर्ष निकालेको छ ।

मन्त्री यादवले प्रदेश सरकारको छानबिन टोलीले घटनाको निष्पक्ष छानबिन गर्ने र दोषीलाई कानूनी दायरामा ल्याउने दाबी गर्दै मलेठ घटनाका दोषीलाई कानुनी दायरामा नल्याए दण्डहीनता मौलाउने बताए । समितिले घटनास्थलमा गएर स्थानीय बासिन्दासित पनि घटनाका विषयमा जानकारी लिएको छ ।



*मलेठ घटनाको क्रममा फायरिङ्ग गर्दै सुरक्षाकर्मी । फाइल तस्वीर*

सर्वोच्च अदालतका पूर्वन्यायाधीश ताहिर अली अन्सारीको संयोजकत्वमा मानव अधिकार आयोगले बनाएको उच्चस्तरीय छानविन आयोगको प्रतिवेदन पूर्वाग्रही रहेको मधेशमा टिप्पणी भइरहेको छ भने यसको आलोचना पनि भएको छ । यसै कारणले प्रदेश २ को सरकारले आयोगको प्रतिवेदनलाई अस्वीकार गर्दै आफ्नै आयोग बनाएको हो । मधेशका मानवअधिकारकर्मीहरूले गोली चलाउने प्रहरी हुन् या होइनन् पनि आशंका गरिएको छ । प्रहरीको पोशाकमा तत्कालीन एमाले पार्टीले ल्याएका मानिसहरू पनि थिए कि भनि आशंका पनि गरिएको छ ।

मावअधिकार आयोगको टोलीले २०७४ जेठ २ गतेदेखि १३ गतेसम्म स्थलगत अध्ययन गरी प्रतिवेदन तयार गरेको थियो । प्रतिवेदनमा कार्यक्रम नगरी नछोड्ने तत्कालीन एमालेको अडान र कार्यक्रम हुनै नदिने तात्कालीन मधेशी मोर्चाको हठका कारण घटना भएको निष्कर्ष निकालेको छ । घटनामा मधेशी मोर्चाको नाम संलग्न भएकै कारण यसको विरोध भएको भने होइन । कारण कानूनी प्रावधानको उल्लंघन हुनेगरी प्रहरीले गोली चलाउँदा घटना भएको हो । यद्यपीले गोली प्रहार गर्ने प्रहरी पनि आंशिक रूपमा दोषी देखिएको प्रतिवेदनमा उल्लेख गरिए पनि सुरक्षा निकायलाई भने मानवअधिकार आयोगको टोलीले उनमुक्ति दिने प्रयास गरेको छ । त्यसकारण आयोगलेको प्रतिवेदन पूर्वाग्रही रहेको भन्दै संघीय समाजवादी फोरम र राजपाले त्यसलाई अस्वीकार गरेको छ ।

आयोगको प्रतिवेदनमाथि विश्वास गर्न नसकिने खालको रहेको मधेशका मानवअधिकारवादीको तर्क छ ।

काठमाडौंमा मधेशका बुद्धिजीविहरूसँगको भेटमा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले प्रतिवेदनमाथि थप छलफल हुने बताएपछि त्यसमा गम्भीर त्रुटी रहेको भन्ने संकेत पनि गर्छ । अध्यक्ष शर्माले प्रतिवेदनका सन्दर्भमा आएका टीका टिप्पणीको समीक्षा गरिने र त्यसमा भएका तथ्यबारे थप छलफल हुन सक्ने बताउनुको अर्थ प्रतिवेदन एक पक्षीय, पूर्वाग्रही र मधेशी जनताको आकांक्षा विपरीत हो भन्ने अर्थ लगाउन सकिन्छ ।

मानव अधिकार आयोगजस्तो संवैधानिक निकायले मानव अधिकारको संरक्षण, व्यक्तिको जिउज्यान तथा सम्पत्तिको सुरक्षालाई प्राथमिकतामा राखी मानव अधिकारको उल्लंघन कुनै पनि पक्षबाट भएको खण्डमा व्यक्तिलाई न्याय दिलाउन सदैव प्रयत्नशील रहनुपर्नेमा त्यस्तो भएको देखिएन । साथै यस प्रतिवेदनबाट राष्ट्रिय मानव अधिकार आयोगको पारदर्शिता, कार्यक्षमता तथा प्रभावकारितामा समेत प्रश्न उठ्ने तथ्यहरू सार्वजनिक भएको छ ।

मानवअधिकार आयोगको प्रतिवेदनले घटनाको मूल जिम्मेवारी मधेशी मोर्चा र एमालेको टाउकोमा थुपारेर यसलाई राजनीतिक कलेवरमा ढाकछोपको प्रयास गरेको छ । तर पाँच जनाको मृत्यु सरकारी सुरक्षा निकायबाट भएको किटानी हुँदा पनि सुरक्षा निकाय तथा राज्यको प्रशासन संयन्त्रलाई जवाफदेही बनाउन प्रतिवेदन असक्षम भएको देखिन्छ ।

यसर्थ, घटनाबारे आयोगले तयार

बाँकी अन्तिम पृष्ठमा

## संविधान संशोधनको विकल्प छैन : उपप्रम यादव



भक्तपुर । उपप्रधानमन्त्री उपेन्द्र यादवले संघीयता र गणतन्त्रलाई बलियो बनाउन संविधान संशोधनको विकल्प नभएको बताएका छन् । संघीय समाजवादी फोरम नेपालको भक्तपुर नगर भेलालाई सम्बोधन गर्दै फोरमका अध्यक्षसमेत रहेका यादवले सबैको समान अधिकार पाउने अवस्था सिर्जना गर्न संविधान संशोधन अनिवार्य भएको बताउँदै भने, "संविधान संशोधन गर्ने, किनारा लाग्न बाँकी राष्ट्रिय मुद्दाको सम्बोधन गर्ने र विगतमा भएका विभिन्न आन्दोलनको उपलब्धिलाई संस्थागत गर्ने सहमति भएर हामी सरकारमा आएका हौं, अहिले सहमतिलाई पूरा गर्ने अभियानमा हामी लागेका छौं ।" अहिलेकै संविधानका प्रावधानबाट पछाडि परेका वर्ग, जाति, भाषा, धर्म र भूगोलको समस्या एवं अधिकार सम्बोधन गर्न असम्भव छ भएको बताउँदै यादवले भने, "अहिलेम्म केही सीमित व्यक्तिको वरिपरि मात्रै सत्ता घुमेको छ, सत्ताको पहुँचसम्म नेवार, मधेशी, जनजाति, दलित र पहाडका खसको पहुँच पुगेको छैन, अब पहुँचको विस्तार गर्नुपर्छ ।" स्वास्थ्यमन्त्री यादवले सबै नेपालीलाई आधारभूत स्वास्थ्य सेवा पुर्‍याउन गाउँगाउँमा यस वर्ष एक हजार २०० वटा केन्द्र स्थापना गरिने बताउँदै स्वास्थ्य क्षेत्रमा महिलाको अधिकार स्थापित गर्न विधेयक ल्याइने जानकारी दिए ।

## 'संशोधनको नाममा सरकार 'स्प्रिट' बाहिर गयो'



जनकपुरधाम । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्ष मण्डलका सदस्य राजकिशोर यादवले प्रचण्ड बहुमत प्राप्त ओली नेतृत्वको सरकारलाई संविधान संशोधनको प्रतिबद्धता अनुसार समर्थन गरे पनि सरकार त्यस स्प्रिटभन्दा बाहिर गएको टिप्पणी गरेका छन् । संविधानको मुख्य तीन आत्मालाई समर्थन गर्दै सरकारलाई समावेशी, संघीयता र लोकतन्त्रिक पद्दतिको मूल्यमान्यतालाई संस्थागत गर्न सरकारलाई समर्थन दिए पनि विधिको शासन पद्धतिमा चल्न नसकेको यादवले आरोप लगाए । जनकपुरधाममा पत्रकार भेटघाट कार्यक्रममा उनले भने, 'राजपा नेपाल सरकारमा जाने वा नजाने सवाल ठूलो होइन, हाम्रो प्रमुख मुद्दा भनेको संघीयतालाई सफल बनाउनु हो । यहाँ संघीयता असफल भयो, भने मधेश आन्दोलनको मूल मर्म समाप्त हुन्छ, त्यसैले संघीयतालाई सफल कार्यान्वयनको पक्षमा हामी उभिएका छौं ।'

अझ मधेशको राष्ट्रियतालाई स्थापित गर्ने काम भएपनि देश विखण्डनको आरोप संकुचित मानसिकता भएका व्यक्तिहरूले लगाउने गरेको उनको भनाइ छ । प्रदेश २ को सरकारको कामकाज बारे असन्तुष्टि जनाउँदै यादवले संघीयताको नयाँ अभ्यास रहेको तथा प्रदेश सरकार स्वायत्त नभएकोले समस्या उत्पन्न भएको स्पष्ट पारे । उनले आफूहरूले स्वायत्त शासनसहितको संघीयताका लागि मधेशी जनताले लडेको र त्यसलाई पूरा हुन अझै समय लाग्ने बताए ।

## तथ्यांक आफै बोल्छ...

### प्रदेश जनसंख्या र क्षेत्रफल

| प्रदेश | जनसंख्या | क्षेत्रफल |
|---|---|---|
| प्रदेश १ | १७.१२ % | १७.६% |
| प्रदेश २ | २०.४% | ६.५६% |
| प्रदेश ३ | २०.८७% | १३.७९% |
| गण्डकी प्रदेश | ९.११% | १४.८३% |
| प्रदेश ५ | १६.९४% | १३.४१% |
| कर्णाली प्रदेश | ५.९३% | २०.५३% |
| प्रदेश ७ | ९.६३% | १३.२७% |



**मधेश र नेपालबीच दूरी बढाउने राष्ट्रघाती षड्यन्त्र हुँदैछ : वृषेश चन्द्र लाल**

**मधेशको माग पूरा गराउने यो नै उपयुक्त समय हो : हरिनारायण प्रसाद रौनियार**



अन्तर्वार्ता पृष्ठ ३ मा

### समय-सन्दर्भ



**संगीता रेग्मी**

## कठिन साधनाको पर्व : मधुश्रावणी

**रातो पहिरन, राता फूल र राता अक्षतालाइ सौभाग्य, प्रेमको प्रतीकको रूपमा मान्नु नेपालीहरूको साझा संस्कृति हो । नेपाली संस्कृतिमा सुर्ख–दुःख, हर्ष–विस्मात् र उल्लास-उमंग साटासाट गर्ने अवसरहरू प्रशस्त रहेका छन् ।**

नेपालको मध्य तराईदेखि भारतको बिहारका ठूलो भू–भागमा फैलिएको मैथिली संस्कृति, भाषा, भेषभूषा, चालचलन, रितीरिवाज, चाडपर्व र जीवनशैलीका दृष्टिले सम्पन्न रहेको छ ।

मिथिलाञ्चल प्राचीनकालदेखि नै समृद्ध संस्कृतिका रूपमा विशिष्ट स्थान ओगटेको क्षेत्र हो । मिथिला क्षेत्रको प्रारम्भ राजर्षी जनकको समयमा भएको भन्ने गरिन्छ । करिब चार हजार वर्ष पुरानो मानिने हिन्दूको पवित्र ग्रन्थ महाभारतमा समेत मिथिला संस्कृतिको स्पष्ट रूपमा उल्लेख गरिएको पाइन्छ । अर्कातिर करिब अढाई हजार वर्ष पूर्वको वाल्मीकि रामायणमा पनि मिथिला संस्कृतिको बारेमा उल्लेख भएको भेटिन्छ ।

साउन महिनाको कृष्ण पञ्चमीको दिनदेखि शुक्ल पक्षको तृतीया तिथिसम्म मधुश्रावणी पर्व मनाउने गरिन्छ । नवविवाहिताले चौध दिनसम्म विभिन्न विधि र शृंगारका साथ पूजा-अर्चना गरी यो पर्व मनाउने परम्परा रहेको छ । यो अवधिमा श्रीमान् श्रीमती सँगै बस्ने भएकाले केही व्यक्तिहरूले यो समयलाई हनिमुन पनि भन्ने गरेका छन् । साहित्यकार रामभरोस कापडी भन्छन्- 'मेरो विचारमा यो हनिमुन अवधि होइन । महिलाहरूका लागि कठिन साधनाकै लागि हुने गरेकाले यसलाई पर्वकै रूपमा व्याख्या गर्नुपर्छ । आफ्नो दाम्पत्य जीवनको सुरक्षाको आकांक्षा यस पर्वको विशेषता हुन्छ भने हनीमुनमा सबैथोक बिर्सेर सुख र आनन्द भोग्ने चाहना प्राथमिकतामा पनि गर्दछ त्यसैले हनिमुन भन्न मिल्दैन ।'

साउन महिना आध्यात्मिक महिना हुनाका साथै धर्म ग्रन्थमा साउन महिनालाई विशेष महिनाको रूपमा हेर्नुको साथै वर्षा ऋतु, सर्पको विगविगीले गर्दा मानव जीवन कष्टप्रद हुने भएकोले पनि नाग-नागिनी प्रकृतिका प्रतीक हुने कारणले गर्दा यो पर्व मुख्य रूपमा शिव, पार्वती तथा नाग–नागिनीको पुजामा केन्द्रित रही १३ दिनसम्म मनाउने चलन रहेको छ ।

यो पर्व प्रायःजसो मैथिली समुदायका ब्राहण, कायस्थ, देव, सोनार जातिमा मनाउने प्रचलन छ । पर्व अवधिभर प्रत्येक दिन गौरी तथा नाग-नागिनीको पूजा गरी शिव पार्वती र नागसँगै सम्बन्धित कथा सुनाइने गरिन्छ । गौरीलाई दाम्पत्य जीवनको संरक्षणकार, नागलाई नारीको पतिका रूपमा वंशलाई समाप्त पार्ने प्रवृतिको जीव मानिएका कारण यस पर्वमा गौरी तथा नाग-नागिनीको विशेष पूजा आराधना गर्ने गरिएको छ । गौरी दाम्पत्य जीवनलाई सुखी बनाउने मात्र होइन, मनोकामना पूर्ण गर्ने देवी पनि भएकाले मधुश्रावणीको समयमा गाइने विभिन्न गीतका भावमा पाउने गरिन्छ । मिथिलाकी राजकुमारी सीताद्वारा गौरी पूजन गरिएकाले नै भगवान् पुरूषोत्म श्रीरामजस्ता पति पाईन् भन्ने धार्मिक आस्था पनि देखिन्छ ।

मधुश्रावणी सुरू भएदेखि प्रत्येक दिन गौरी नागको पुजन पछि कथा सुन्ने विधानअनुसार पहिलो दिन मौना पञ्चमी एवं बिसहराको जन्मका कथा भनिन्छ । यो पर्वको अन्तिम दिनको कथाको समापनपछि वितरण गरिने सुहागका प्रतीक विशेष प्रेरणादायी रहेको पाइन्छ । नवविवाहिताको पहिलो साउन महिनामा गरिने यो पर्वको तयारी पहिलेदेखि नै गर्ने गरिन्छ । यो पर्वको लागि आवश्यक पर्ने सबै सामग्री महिलाले आफ्नो श्रीमान्को घरबाट ल्याउनुपर्ने हुन्छ । सबै व्रतालुहरू निष्ठापूर्वक विभिन्न किसिमका फूलहरू पनि संकलन गर्ने गर्दछन् । पूजाको अवधिभर अर्थात् तेह्रौं दिनसम्म प्रत्येक दिन कथा भन्ने र नवविवाहिताले कथा सुन्ने परम्परा रहेको छ । पर्वको अन्तिम दिन गरिने विधिलाई 'टेमी' दिने भनिन्छ । यसमा बेहुलीको आँखा छोपी घुँडा र खुट्टा डाम्ने गरिन्छ । यो विधि सामान्य अर्थमा अलि अव्यावहारिक, अन्धविश्वास,

बाँकी अन्तिम पृष्ठ



## सम्पादकीय



# नेपालमा लोकतन्त्र, लोकतान्त्रिक संस्था र यसको भविष्य

## राज्यमन्त्रीको शान

प्रदेश २ मा हालै भएको मन्त्रिपरिषद् विस्तारमा राजपा नेपालकी डिम्पल झा भौतिक पूर्वाधार विकास राज्यमन्त्रीमा नियुक्त भइन् । राज्यमन्त्री बन्नुअघि मधेशको राजनीतिमा उनको चर्चा र योगदानका विषयमा धेरै बहस भएको छ । यद्यपी पार्टी र मधेशको आन्दोलनमा उनको व्यक्तिगत योगदानभन्दा उनका पति अनिल झाको विशेष पहलमा उनी प्रदेश २ की समानुपातिकबाट सदस्य भइन् भने अहिले राज्यमन्त्री पनि सफल भएको सर्वत्र चर्चा छ ।

उनी राज्यमन्त्री बनेपछि कसैको आक्रोश पनि छैन भने कसैले विरोध पनि गरेको छैन । तर राज्यमन्त्री बन्ने बित्तिकै उनले देखाएकी शानले सम्पूर्ण मधेश हैरान र चकित भएका छन् । राज्यमन्त्रीको हैसियतमा उनले देखाएकी रवाफ कुनै फिल्मी दृश्यभन्दा कम थिएन ।

राज्यमन्त्रीको सपथ लिए लगत्तै एक कार्यक्रमका लागि सहभागी हुन जाँदा अगाडि पछाडि लागेका गाडीको ताँतीले उनको शान उत्कर्षमा पुगेको थियो । पत्नीलाई पैसा, पद र पावरको भरमा प्रदेश सभा सदस्य बनाएकोमा राजपाका अध्यक्षमण्डलीय सदस्य अनिल झाको चर्को आलोचना नभएको होइन । तर राज्यमन्त्रीको हैसियतमा डिम्पल झाको लावालस्करसहित गाडिको ताँतीले उनको शान र शौकतको परिचय दिएको छ ।

उनी साउन ९ गते प्रदेश २ को भौतिक पूर्वाधार विकास राज्यमन्त्रीमा नियुक्त भएकी हुन् । नियुक्तिपछि ५८ वटा गाडीको लावालस्करसहित रवाफ देखाउँदै पति अनिल झासँगै उनी आफ्नो गृह जिल्ला रौतहट पुगिन् ।

**शक्तिमा पुगेपछि सत्ताको चरम् दुरूपयोग कसरी हुन्छ भन्ने एउटा नमूना हो । प्रदेश सरकारका राज्यमन्त्रीले सुरूमै यो शक्ति प्रदर्शन गर्नुलाई उनको रवाफ प्रर्दशित भएको छ । उनी राज्यमन्त्री हुनु भनेको शक्ति प्रदर्शनका लागि होइन, जनताको हितमा काम गर्नका लागि हो ।**

शक्तिमा पुगेपछि सत्ताको चरम् दुरूपयोग कसरी हुन्छ भन्ने एउटा नमूना हो । प्रदेश सरकारका राज्यमन्त्रीले सुरूमै यो शक्ति प्रदर्शन गर्नुलाई उनको रवाफ प्रदर्शित भएको छ । उनको यो रवैया अवश्य पनि आलोच्य छ भने मधेशका जनताको भावना विपरीत छ । किनभने उनी राज्यमन्त्री हुनु भनेको शक्ति प्रदर्शनका लागि होइन, जनताको हितमा काम गर्नका लागि हो । त्यसैले यसमा बहस हुनु जरूरी छ ।

तर, आफ्नो ठाउँका समस्याको गाम्भीर्यता, जसले त्यो पदमा पुऱ्याए, त्यसलाई नजरअन्दाज गरी पचासौं गाडीको लावालस्कर लगाएर जिल्ला जानु निश्चित रूपमा अनुचित काम हो । मानव विकास सूचाकाकंको १४४ औ स्थानमा रहेको देशकी एउटी सामान्य राज्यमन्त्रीले पचासौं गाडी पछि लगाएर हिँड्नु सुहाउँदो काम होइन । अहिले स्वनिर्णयको अधिकारसहित गठन भएको प्रदेश सरकारका राज्यमन्त्रीले सुरूमै यस प्रकारको शक्ति प्रदर्शन गर्नु शक्तिको दुरूपयोग हो । यस्ता प्रवृत्ति विरूद्ध अहिले नै बोलिएन र खबरदारी गरिएन भने भविष्यमा यस्ता घटनाहरू सामान्य हुन जान्छ ।

मधेशको राजनीतिमा महिलाको योगदान कम छैन । मधेश आन्दोलनमा पनि थुप्रै महिलाहरू सशादत प्राप्त गरेका छन् भने आफ्ना पति, पिता र छोरा गुमाएको पीडा बोकेका छन् । मधेश आन्दोलनमा घरबाट कुचो, थाल र नाङ्लो ठटाउँदै सडकमा निस्केका ती महिलाहरू सबै आफू पदमा पुग्नका लागि निस्केका थिएनन् । आन्दोलनमा शहीद भएका महिलाले केही महिलालाई शक्तिमा पुऱ्याएर यस्तो रवाफ देखाउ भनेर ज्यानको बाजी लगाएका थिएनन् । उनीहरूले त यस्ता महिला पदमा पुगून् कि ती आम महिला जो संधै थिचोमिचोमा बसेका छन्, आवाजविहीन छन् तिनको आवाज त्यो ठाउँमा पुगोस् भनेर छातीमा गोली थाप्न तयार भएका थिए । तर मधेशमा महिला मुक्ति र अधिकारको बहस भइरहेको बेला डिम्पल झाहरूलाई यस्तो रवाफ देखाउन केले प्रोत्साहित गऱ्यो होला ? आफ्नो यो रवाफ देखेर ती रातदिन हिंसा सहेर बसेका महिलाले के सोचेकी होलान् ?

शक्तिमा पुगेपछि आफै र आफ्नाका लागि मात्रै फाइदा हुने काम गर्ने चलन नौलो होइन । तर गलत प्रवृत्ति विरूद्ध जोसुकै होस् अब नागरिकले निश्चित वर्ग वा जात भनेर छुट दिने हो भने भविष्यमा यसको परिणाम भयावह हुन सक्छ । त्यसकारण आम जनता समयमै बोल्नुपर्छ ।

नेपालको राजनीतिमा पनि मधेशी महिलाको सहभागिता झनै न्यून रहेको छ । यसको कारण मधेशी महिलाको शैक्षिक र आर्थिक रूपमा पनि पछाडि भएकोले हो । मधेशी महिलाको राजनीतिमा कमजोर अवस्था र न्यून सहभागिताका पछाडि राजनीतिक र सामाजिक कारण जिम्मेवार रहेका छन् ।

## सातको सात बात



संविधान संशोधन गर्ने र विगतमा भएका विभिन्न आन्दोलनको उपलब्धिलाई संस्थागत गर्ने सहमति भएर हामी सरकारमा आएका हौं । अहिले सहमतिलाई पुरा गर्ने अभियानमा लागेका छौं । संघीयता र गणतन्त्रलाई बलियो बनाउन संविधान संशोधनको विकल्प छैन । **उपेन्द्र यादव, उपप्रधानमन्त्री**



वर्तमान संविधानमा हाम्रो असन्तुष्टि रहेता पनि यसले संवैधानिक सर्वच्चता कायम गर्न सफल भएको देखिन्छ । कोही सर्वोच्च छ भने त्यो संविधान नै हो । संविधानले नै संसदीय सुनुवाई व्यवस्था समितिको पनि व्यवस्था गरेको छ । **लक्ष्मणलाल कर्ण, सहअध्यक्ष, राष्ट्रिय जनता पार्टी**



प्रधानमन्त्रीलाई आफुले गरेका कुराहरू क्रान्तितिरको पाइला हो भन्ने लाग्न सक्छ तर त्यो क्रान्तितिरको पाइला नभएर भ्रान्ति हुन सक्छ । सरकारका गतिणीय दृष्टिबाट गरिएका निर्णयहरूले मुलुकलाई प्रतिक्रान्तिको बाटोमा लाँदैछ । **जितेन्द्र देव, नेता, नेपाली कांग्रेस**



संघीय निजामती सेवा ऐन चाँडो संसद्वाट पारित हुन्छ र कर्मचारी समायोजको प्रक्रिया सुरू हुनेछ । प्रादेशिक लोकसेवा आयोग गठन गरी प्रदेश र स्थानीय तहमा संघीय लोकसेवाको मापदण्डभित्र रहेर भर्ना प्रक्रियाको व्यवस्था हुनेछ । **लालबाबु पण्डित, संघीय मामिलि तथा सामान्य प्रशासनमन्त्री**



प्रदेश नम्बर २ को विकासका बारेमा राज्यको नीति नै कमजोर रहेको छ । संविधानमा लेखेका कुराहरू विस्तारै कार्यन्वयन हुँदै जालान्, तर प्रदेश सरकार बनेको ६ महिनामै परिणाम खोज्नु उचित नहोला तर केन्द्रीय सरकारले प्रदेश सरकारलाई पूर्ण अधिकार सहितको बनाउनुपर्छ । **अनिल झा, नेता, राष्ट्रिय जनता पार्टी**



संविधान कार्यान्वयन र आर्थिक समृद्धिका लागि सत्तापक्ष र प्रतिपक्ष मिलेर काम गर्नुपर्छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले कसैको बहकाउमा नलागी देश र जनताको पक्षमा सरकारसँग समन्वय गरेर अगाडि बढ्नु अहिलेको आवश्यकता हो । **पम्फा भुसाल, नेतृ, नेपाली कम्युनिष्ट पार्टी**



जिम्मेवार अधिकारीहरूले संघीयतालाई घाँडोका रूपमा नलिएर यसको सफल कार्यावन्यन गर्नेतर्फ पहलकदमी लिनुपर्छ । थुप्रै मानिसको सहादत र बलिदानीपूर्ण संघर्षपछि मात्र संघीय गणतन्त्र स्थापना भएको हो । संघीयताको सफल कार्यान्वयन गर्न चुक्यौं भने ती नेपाली सहिदहरूको अपमान हुनेछ । **दीपेन्द्र झा, मुख्य न्यायधिवक्ता, प्रदेश २**

### विचार-विश्लेषण भाग-२०



उपेन्द्र झा

**मधेश नेपाली काँग्रेसको 'भोट बैंक'को रूपमा थियो । नेपाली काँग्रेसलाई हुर्काउन बढाउन मधेशको योगदानलाई अवमूल्यन गर्ने नेपाली काँग्रेस संविधान सभामा मधेश विरोधी पार्टीको रूपमा देखिएको एमालेको पिछलग्गू बनेर मधेशको भावनासँग खेलवाड गरेबाट न मधेशको सहानुभूति कायम राख्न सक्यो न वर्गीय राष्ट्रवादको नेतृत्व गर्न सक्यो ।**

नेपाली काँग्रेस वैचारिक अस्पष्टता र ढुलमुले चरित्रका कारण आज किनाराको साक्षी भई आफ्नो निरीह अवस्थामा आक्रोश पोख्दै बसेको छ । लोकतान्त्रिक शक्तिको रूपमा पहिचान बनाई राष्ट्रिय मूल राजनीतिलाई नेतृत्व दिने अभिभारा बोकेको नेपाली काँग्रेस आफ्नै कारणले राजनीतिको मूलधारबाट अलग्गिएर गतिहीनताको अवस्थामा जाँकिएको छ । विगतमा लोकप्रियता गुमाई सकेको, लोकतान्त्रिक शासन पद्धति संचालन गर्न असक्षम भई सकेका व्यक्ति पुनश्च नेतृत्व पंक्तिमा आएकोले सहकर्मी मात्र होइन, जनताद्वारा समेत असक्षम घोषित भई असहयोग पाएका कारण नेपाली काँग्रेसको यो हविगतलाई आत्मालोचनाको माध्यमबाट सच्याउने काम पनि नगरेकाले आकार साँगुरिएको व्यथा भोगि रहेको छ । नितान्त व्यक्तिगत वर्चस्व कायम राख्ने सोचबाट प्रेरित सशक्त गुट उपगुटमा विभक्त नेपाली काँग्रेसले विरासतमा पाएको सोच र सिद्धान्तलाई बिर्सि सकेको छ । जनतालाई लोकतन्त्रको अधिकार अनुभूत गराउने दायित्व बिर्सि सकेको छ । राष्ट्र र जनताप्रतिको जिम्मेवारीको तिलाँजली दिई व्यक्ति स्वार्थलाई सर्वोपरि बुझि त्यसमा आफूलाई सिमित गरेकोले संकुचित सीमाभित्र कैद हुन गएको छ ।

कुनै बेला लोकतान्त्रिक शासन व्यवस्थाबाट जन अधिकार स्थापित गर्ने जन आस्थाको केन्द्र बनेको नेपाली काँग्रेस सामन्ती अधिनायकवादी पंचायती व्यवस्था विरूद्ध सशस्त्र संघर्ष नै थालेका थिए । नेपाली जनताको अपार समर्थन र जनसहभागिताबाट कमाएको राजनीतिक लोकप्रियताले नेपाली काँग्रेस शीर्ष दर्जाको प्रतिष्ठा पाएको थियो । नेपालमा लोकतन्त्र स्थापना गर्न भारतको भरपूर सहयोग पाएर उत्साहित बनेका नेपाली जनता संघर्षको अग्रपंक्तिमा लामबद्ध भई शहादत दिन र नेपाली काँग्रेसको नाममा मरि मेट्न आफ्नो सौभाग्य बुझ्थ्यो । नेपाली काँग्रेसप्रति आस्थावान तिनै नेपाली जनताको बलिदानी संघर्षले नेपालमा लोकतन्त्रको स्थापना गराई नेपाली काँग्रेसको गौरवपूर्ण इतिहास रचेको हो । संघर्षकालमा नेपाली काँग्रेसका शीर्ष पंक्तिका नेताहरू लोकतन्त्रको विश्वव्यापी मूल्य र मान्यतालाई आत्मसात गरि जनस्तरमा समेत लोकतन्त्रको प्रभाव बढाएर जन समर्थन प्राप्त गरेका थिए । लोकतन्त्रको स्थापनाका लागि त्याग, तपस्या, संघर्षप्रतिको आत्मसमर्पण आदि समग्र पार्टी पंक्तिमा गहिरो प्रभाव रहेको तथा नेतृत्व पंक्तिलाई देवत्वको सम्मानमा राख्ने नेपाली जनताको अनवरत संघर्षको बलमा नेपालमा लोकतन्त्रको स्थापना भयो ।

अग्रज राजनीति पार्टीको रूपमा विकसित भई रहेको नेपाली काँग्रेसको विकल्पमा कम्युनिष्ट पार्टी पनि राजनीतिक हैसियतमा आफ्नो अस्तित्व जनतामाझ ल्याई रहेका थिए । वैकल्पिक शक्तिको विकास नेपाली काँग्रेसलाई कथमपि स्वीकार थिएन । दुबै दलको शत्रुतापूर्ण सम्बन्ध लामो समयसम्म रहेकोले पंचायती व्यवस्था विरूद्धको संघर्ष नतिजामुखी भई रहेको थिएन । कम्युनिष्ट नेतृत्वका कतिपय नेताहरू राजासंग नजिक सम्बन्ध बनाएकोले पनि नेपाली काँग्रेस र कम्युनिष्टबीच सौताको सम्बन्ध कायम रह्यो । शक्तिको रूपमा रहेको नेपाली काँग्रेसलाई निस्तेज गर्न पनि राजाले कम्युनिष्टका कतिपय नेताहरूलाई आफ्नो प्रभावमा राखेका थिए ।

दुबै पार्टीको आफ्नै किसिमको संघर्षले कुनै नतिजा निकाल्न नसकेको र प्रशिक्षित कार्यकर्ताको शहादतले पार्टीलाई क्षति भई रहेको अवस्थामा नेपाली काँग्रेस र कम्युनिष्ट पार्टीले संयुक्त संघर्षको अवधारणलाई विकसित गऱ्यो । पंचायत विरूद्ध संयुक्त संघर्षको नयाँ रणनीति विकसित भएपछिको संघर्ष वास्तवमा पंचायती व्यवस्थालाई सिध्याउने खतरनाक साबित भयो । ०३६ सालको संघर्षले सामन्ती अधिनायकवादी पंचायती व्यवस्थालाई ढाल्न त सकेन, तर नराम्रो किसिमले जरालाई हल्लाई दिएको थियो । ०३६ सालको आन्दोलनले नेपाली काँग्रेस र कम्युनिष्ट पार्टीबीचको तिक्ततालाई हटाएर सहकार्य गर्ने अवधारणालाई विकसित गऱ्यो र १० वर्षपछि ०४६ सालमा पंचायती व्यवस्थाको अन्त गरि संयुक्त संघर्षले प्रजातन्त्रको पुनर्स्थापना गऱ्यो ।

सत्तामा आएपछि नेपाली काँग्रेसका शीर्ष नेताहरूको क्रमिक रूपमा मृत्यु हुँदै जाँदा सशक्त नेतृत्वको क्षीणताले पार्टीभित्र लोकतान्त्रिक मूल्य मान्यताको सैद्धान्तिक धरातल भत्किन थाल्यो । यसको विकल्पमा व्यक्तिगत स्वार्थले आफ्नो साम्राज्य फैलाउन थाल्यो । फलतः पार्टीले लिएको समग्र नेपाली जनताको हक अधिकार दिलाउने, गरिबीबाट मुक्त पारि देशलाई समाजबादको बाटोबाट समृद्धिको दिशातिर लैजाने वैचारिक धरातलको अवसान भयो । त्याग, तपस्या, नैतिकता, इमान्दारिता, अनुशासन, मर्यादा, जनताप्रतिको दायित्व आदि सबैको अवसानपछि गुटबन्दी सिर्जना भएबाट पार्टी अराजक भीडमा परिणत भयो । नेतृत्वको पहिलो पंक्तिको अवसानपछि दोश्रो पंक्तिको अराजक भीडले पार्टीलाई तहस नहस त बनायो नै, विचारहीनताको अंध्यारोमा ढकेलि दियो । सैद्धान्तिक अस्पष्टता, व्यक्तिगत स्वार्थ, गुटबन्दी राजनीति (पार्टीभन्दा पनि व्यक्तिगत वर्चस्व बढाउने प्रवृति) जनताप्रतिको उदासीनता आदि कारणले नेपाली काँग्रेसको लोकप्रियता विस्तारै घट्दै जानु र प्रभावशाली नेताहरूको अवसानले नेपाली काँग्रेस सशक्त नेतृत्वको अभावमा अनियन्त्रित हुँदै गयो ।

स्वनिर्णय गर्न कमजोर तथा गलत निर्णयका कारण जनताको नजरमा नेपाली काँग्रेस सधैं संदिग्ध रह्ने अवस्थाले पनि राजनीतिक प्रतिष्ठा बचाउने समस्यासंग पार्टीलाई सधैं जुध्नु परेको हो । जन अपेक्षा पूरा गर्न गठित संविधान सभामा नेपाली काँग्रेसको अग्रणी भूमिका गौण हुन पुग्यो । नवोदित शक्तिको रूपमा आएको माओवादी पार्टी तथा तत्कालीन एमाले दुबै गणतन्त्रमा जाने निर्णय गरेकाले नेपाली काँग्रेस पनि आफ्नो परम्परागत स्वभावमा परिवर्तन गरि गणतन्त्रमा जान बाध्य भयो । परिस्थितिवश गरिएको निर्णय अनुसार आफूलाई बदल्न नसक्ने तथा पारम्परिक दर्शनमा पनि अडिग रह्न नसक्ने ढुलमुले चरित्रले नेपाली काँग्रेस न घरको रह्यो न घाटको ।

सधैं शीर्षासनको सम्मान पाएर देवत्वको अनुभूति गर्ने नेपाली काँग्रेस अहिले साँगुरिएर कैदखानामा बसे जस्तै बस्नु पर्दा के गर्नेको द्विविधायुक्त परिस्थिति झेली रहेको छ । एक अर्कामाथि पराजयको दोष थुपार्दै कतिपय अवसरवादीहरू बाम सरकारको प्रभावमा पुगेका छन् । बाम सरकारको सहानुभूति प्राप्त गर्ने कतिपय नेताहरू यता सेवामा संलग्न छन् भने पार्टीभित्र नेतृत्वको आलोचना गर्न पनि महत्वपूर्ण समय खर्चिन पुगेका हुन्छन् । आफूबाहेक सबै बेकार बुझ्ने कतिपय अवसरवादी नेताहरू पार्टीभित्र वर्चस्व देखाउन अनेक साजिश गरि रहेका कारण पनि नेपाली काँग्रेसको अवस्था दयनीय हुन पुगेको छ । पारस्परिक झैं झगडामा लिप्त रह्ने पार्टीले राष्ट्रिय राजनीतिको अगुवाईलाई पनि बिर्सि सकेको छ अथवा पार्टीको भूमिकालाई गौण बनाई सरकारलाई फायदा पुऱ्याउने साजिशमा लागेको छ ।

मधेश नेपाली काँग्रेसको 'भोट बैंक'को रूपमा थियो । नेपाली काँग्रेसलाई हुर्काउन बढाउन मधेशको योगदानलाई अवमूल्यन गर्ने नेपाली काँग्रेस संविधान सभामा मधेश विरोधी पार्टीको रूपमा देखिएको एमालेको पिछलग्गू बनेर मधेशको भावनासँग खेलवाड गरेबाट न मधेशको सहानुभूति कायम राख्न सक्यो न वर्गीय राष्ट्रवादको नेतृत्व गर्न सक्यो । दुबै शक्तिबाट विस्थापित नेपाली काँग्रेस सरकारमा रहेको अवस्थामा पनि चुनावमा आफ्नो साख जोगाउन सकेन । चुनावको मिति सार्ने दबाव आएपनि नेपाली काँग्रेसले केही गर्न सकेन । चुनावको मिति सारेको भए नेपाल कम्युनिष्ट पार्टीको अहिलेको जस्तो सशक्तता प्राप्त हुन सक्ने थिएन । नेपाली काँग्रेसको संदिग्ध नेतृत्वलाई जनताले रूचाएन र नेपाली काँग्रेस किनाराको साक्षी हुन पुग्यो ।

नेपाल कम्युनिष्ट पार्टीको सशक्तता तथा नेपाली काँग्रेसको शर्मनाक पराजयले राजनीतिक वृतमा राजनीतिक असन्तुलन ल्याई दिएको छ । देवत्व अनुभूत गरेका, पहाड जस्तो उच्च तथा अडिग महत्वाकाँक्षा राखेका, शीर्षासनको सम्मान पाएका नेपाली काँग्रेसका नेताहरू लामो समयका लागि सत्तासुखबाट बञ्चित रहँदा नेपाली काँग्रेस नै ध्वस्त हुने लक्षणहरू देखा पर्न थालेको छ । दुईतिहाईको मत पाएका विद्यमान सरकारलाई नेपाली काँग्रेसको असन्तुष्टताको सानोतिनो प्रहारबाट किञ्चित फरक नपर्ने अवस्थामा पूर्ववत् अवस्थामा आउन नेपाली काँग्रेसलाई आन्दोलनमार्फत यो सरकार विरूद्ध ठूलो चुनौती दिनु पर्ने बाध्यता छ । डा० गोविन्द्र केसीको एजेण्डाप्रति ऐक्यबद्धता जनाई थालिएको नेपाली काँग्रेसको आन्दोलनलाई डा० केसीको माँगलाई सम्बोधन गरि सरकारले तुहाई दिएको छ । नेपाली काँग्रेसले आन्दोलनका ठोस रणनीति बनाएर यो सरकार विरूद्ध संघर्षलाई तेज गर्नु पर्दछ । नेपाली काँग्रेसले पुनश्च राजनीतिक प्रतिष्ठा स्थापित गर्न आन्दोलनको विकल्प छैन ।

असन्तुष्टताको धरातलमा ल्याईएको यो संविधान तथा बनाईएको दुईतिहाईको सरकारसंग आफ्नै पार्टी पनि असन्तुष्ट देखिएकाले पनि सशक्ततामा प्वाल परेको स्पष्ट छ । भिन्न भिन्न ठाउँमा असन्तुष्ट भई बसेका जन समुदाय पनि आन्दोलनको प्रतीक्षामा रहेकोले नेपाली काँग्रेसको आन्दोलनमा ती शक्तिहरू सहायक बन्ने अनुकूल परिस्थिति छ । नेपाली काँग्रेसले आफ्नो अस्तित्व बचाउन, घून जस्तै पार्टीलाई चाटि रहेको गुटबन्दीबाट निजात पाउन पनि आन्दोलन अपरिहार्य बनेको छ । असन्तुष्टताको जगमा जन्म लिने राष्ट्रिय आन्दोलनको मुख्य भूमिकामा नेपाली काँग्रेसको अगुवाई खोजी रहेको आवश्यकताले नेपाली काँग्रेसले तत्काल यो यथार्थलाई स्वीकार गरि राष्ट्रिय आवश्यकता पूरा गर्नु पर्दछ । जन्माईएका तमाम समस्याको निराकरण गर्ने राष्ट्रिय आन्दोलन उठ्ने पनि सम्भावना उत्तिकै प्रवल देखिन्छ । राष्ट्रिय आन्दोलनलाई उठाउने कर्ता पनि नेपाली काँग्रेस नै हुने सम्भावनालाई नकार्न सकिंदैन । स्वनिर्णय लिन असक्षम देखिएका नेपाली काँग्रेस अहिलेको सम्बेदनशील अवस्थामा निर्णय लिन चुक्यो भने काँग्रेस (आई) को हविगत भोग्नु पर्ने निश्चित छ ।

janukjha24@gmail.com

# सिंगो दलित परिवारै नागरिकताविहीन

- राजु विश्वकर्मा

लहान । एक सिंगो दलित परिवार नै नागरिकता प्रमाणपत्र पाउनबाट वञ्चित रहेको सुन्दा जो कोहीलाई अचम्म लाग्न सक्छ तर, यथार्थ यही नै हो । सप्तरीको शम्भुनाथ नगरपालिका-५ मोहनपुरका गोनर सदाका पूरै परिवार अहिले आफ्नो पहिचान खोज्ने ठूलै कसरतमा छ । नेपालमै जन्मिएको र हुर्किएको भएपनि अहिलेसम्म उनले आफू नेपाली नागरिक भएको कुनै पहिचान पाउन सकेका छैनन् । यही चिन्ताले ४५ वर्षीय गोनरलाई निरन्तर सताइरहेको छ ।

घरकै मूली गोनरको नागरिकता प्रमाणपत्र बन्न नसक्दा ४५ वर्षीया श्रीमती अमिरका देवीको पनि बन्न सकेन । दम्पतीकै नागरिकता नभएर जेठो छोरो २८ वर्षीय सचिन्द्र, माइलो छोरो २१ वर्षीय रामकुमार, कान्छो छोरो १५ वर्षीय सुनिल, बुहारी २५ वर्षीया आशा, छोरी १२ वर्षीया दुर्गा देवी, नातिनी १० वर्षीया सृजना, नाति ८ वर्षीय प्रेम र ५ वर्षीय सुरेन जन्म दर्ता र नागरिकता प्रमाणपत्रबाट वन्चित छन् ।

नेपाली भएको मुख्य पहिचान नागरिकता प्रमाणपत्र नै नपाएका उक्त परिवारका सबै सदस्य अहिलेसम्म राज्यबाट पाउनुपर्ने सबै प्रकारका सेवा सुविधाबाट वञ्चित छन् । स्थानीय साहुमहाजनकोमा खेतीपातीको काम गर्दै आएका गोनरले नागरिकता पाउन थुप्रै सरकारी निकायमा धाए । जता गए पनि आश्वासनबाहेक केही नपाएको गोनरको दुःखेसो छ ।

जन्मे लगत्तै कानूनी रूपमा राज्यका नागरिकहरूको फेहरिस्तमा नाम जोडिनु पर्छ र यो हरेक नागरिकको नैसर्गिक अधिकार हो । बुवा महेन्द्र सदाकै नागरिकता प्रमाणपत्र बन्न नसकेका कारण अहिले गोनरको पूरै परिवार नै पहिचानविहीन छ ।

उनी भन्छन् - "बुबाको नागरिकता नहुँदा मेरो जन्म दर्ता बन्न सकेन । अहिले मेरो नागरिकता नहुँदा श्रीमती, छोराछोरी, नातिनातिनीसम्मको पहिचान बन्न नसकेको हो ।" जन्म दर्ता नबन्दा गोनरका छोराछोरीहरू विद्यालय पनि जान पाएका छैनन् भने नाति नातिनीले त्यो अवसर पाउने कुरै भएन ।

आर्थिक विपन्नताका कारण केही समय भारतको पञ्जाबमा काम गरेर परिवारका केही सदस्यसहित हालै फर्केका गोनर स्वदेशमै मिहिनेत गर्ने चाहना भएपनि नेपाली भएको कुनै पहिचान नहुँदा समस्या भइरहेको सुनाउँछन् ।

गाउँमा नागरिकता टोली आएका बखत पनि उनी पञ्जाबमै थिए । गोनर भन्छन् - "त्यति बेला छरछिमेकको नागरिकता बन्यो, हामी छुटिहाल्यौं ।" त्यसयता नागरिकताका लागि तत्कालीन गाविस कार्यालयदेखि अहिलेको स्थानीय तहको वडा कार्यालयसम्म सिफारिश पाउन धाउँदै गए तर, पाएको छैन ।

"नागरिकताको सिफारिशका लागि जन्म दर्ता खोज्छन् तर, आफ्नो जन्म दर्ता छैन," अमिरका देवी भन्छिन् - "नेपालमै जन्मिए तर, नेपाली भएको कुनै प्रमाण नहुँदा आफ्नो जीवन नै व्यर्थ भएको महसुश भइरहेको छ ।"

नागरिकता नबन्दै ससुरा महेन्द्रको पाँच वर्षअघि मृत्यु भएपछि आफूहरू झन् समस्या फसेको अमिरका देवीको भनाइ छ । नागरिकता नहुँदा समाज र समुदायबाटै पनि अलग अलग हुनुपरेको पीडा उनीसँग छ । अमिरका देवी भन्छिन् - "नागरिकताकै अभावमा गाउँ स्तरमा बन्ने कुनै पनि समूहको सदस्यता पाउन सकिरहेकी छुइनँ ।" यो समस्या सप्तरीको शम्भुनाथ नगरपालिकामा मात्रै होइन, सप्तरी र सिरहाका विभिन्न स्थानीय तहहरूमा विद्यमान रहेको पाइएको छ ।

सिरहा र सप्तरीमा जन्म दर्ता, विवाह दर्ता र नागरिकताको ठूलै समस्या पाइएपछि व्यक्तिगत घटना दर्ता तथा नागरिक शिक्षा कार्यक्रमसमेत शुरू गरिएको छ । युएसएडको सहयोगमा समग्र विकास सेवा केन्द्रले सिरहा र सप्तरीमा नागरिक शिक्षा तथा व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गरेको छ ।

अभियानका क्रममा सिरहा र सप्तरीका विभिन्न स्थानीय तहमा नागरिकताबाट वञ्चित व्यक्तिहरूको तथ्यांक संकलन सँगसँगै नागरिकता बनाउन समेत पहल गरिने सेवा केन्द्र सप्तरीका संयोजक अरूण कुमार चौधरी बताउँछन् ।

संयोजक चौधरीका अनुसार सिरहाको लहान नगरपालिका, कर्जन्हा नगरपालिका र लक्ष्मीपुर पतारी गाउँपालिका तथा सप्तरीको शम्भुनाथ नगरपालिका, कञ्चनरूप नगरपालिका, सुरूंगा नगरपालिका र कृष्णासबरण गाउँपालिकामा तथ्याँक संकलनको कार्य शुरू गरिएको छ ।

# मधेश र नेपालबीच दूरी बढाउने राष्ट्रघाती षड्यन्त्र हुँदैछ

राज्यले मधेशीलाई कुनै ठाउँमा सुरक्षा फौजसँग लडाउन खोजिरहेको छ, कुनै ठाउँमा अदालतसँग पनि लडाउन खोजिरहेको छ । यो सबै षड्यन्त्र हो, मधेश र नेपालसँग दूरी पैदा गर्ने । यो राष्ट्रघात हो ।



**वृषेश चन्द्र लाल**
**वरिष्ठ उपाध्यक्ष, राष्ट्रिय जनता पार्टी नेपाल**
**तथा राष्ट्रिय सभा सदस्य**

**० प्रदेश २ का राज्यमन्त्री, जलेश्वर नगरपालिकाका मेयर लगायत २८ जनालाई पक्राउ गर्नु भनी जनकपुर उच्च अदालतले परमादेश जारी गरेको छ, राजपाले यसलाई कसरी लिएको छ ?**

– जनकपुर उच्च अदालतले वारेन्टेड व्यक्तिहरूलाई समात्नु भनेर परमादेश जारी गरेको छ । यो कुरालाई मधेश विरोधी मिडिया र विपक्षीहरूले उचालिरहेका छन् । यसलाई हामी कुनै नयाँ घटनाको रूपमा हेर्दैनौं । २०४६ सालमा पञ्चायतको विरूद्धमा जब लोकतन्त्रको आन्दोलन सफल भयो, धेरै जनामाथि मुद्दा थियो र ती सबै मुद्दाको आममाफी भएको थियो । त्यस्तै, प्रतिगमनविरूद्धको आन्दोलन सफल भएपछि पनि अहिले थुप्रै मन्त्री र शीर्ष नेताहरू हुनुहुन्छ र उहाँहरूमाथि वारेन्ट छ । त्यसको अहिलेसम्म कुनै निर्क्योल भइसकेको छैन । द्वन्द्वकालीन र संक्रमणकालीन न्यायको बारेमा नेपालमा अहिले त्यस्तो स्थिति भइसकेको छैन । मधेश आन्दोलनका क्रममा पनि धेरै झुठा मुद्दाहरू दायर भए र ती झुठा मुद्दाहरू राजनीतिक कारणले दायर भएका छन् । अहिले राज्यमन्त्री लगायतका आन्दोलनकारी माथि लगाइएका मुद्दाहरू एकदमै झुठा तवरबाट चलाएका छन् । आन्दोलनकारी नेताहरू अभिराम शर्मा, मेयर रामशंकर मिश्र माथि मात्रै होइन, देवेन्द्र यादवमाथि पनि मुद्दा लगाइएको छ । त्यतिबेलाको घटनामा मलेसियामा श्रमिकको रूपमा काम गरिरहेका र पछि आएर मधेश आन्दोलनमा सक्रिय भएकाहरूमाथि पनि मुद्दा लगाइएको छ । एउटा कुरामा मिडिया जसरी पूर्वाग्रह देखिन्छन्, त्यो कुरा के हो भने अभिराम शर्मा र रामशंकर मिश्रको बारेमा कुरा गरिन्छ तर यो पनि थाहा हुनुपर्ने हो कि अभिराम शर्मा र रामशंकर मिश्र लगायत थुप्रै जनामाथि जाहेरीवालाले जाहेरीमा किटान गरेका छैनन् । भनेपछि यी सबै मुद्दाहरू राजनीतिक कारणले चलाइएका छन् । तैपनि अदालतले परमादेश जारी गरेको छ भने राजपा कानूनको मर्यादा राख्न चाहन्छ । तर, कानूनले कुनै विभेदपूर्ण कुरा नगरेस् भन्ने पनि चाहन्छ । यो देशमा थुप्रै मन्त्री र शीर्ष नेताहरू विभिन्न मुद्दामा वारेन्टेड छन र उनीहरूको गिरफ्तारी भइरहेको छैन । किनभने द्वन्द्वकालीन र संक्रमणकालीन मुद्दाहरूबारे राज्यले एउटा धारणा बनाउनुपर्ने हुन्छ । मधेशीहरूका लागि एउटा धारणा र गैरमधेशीका लागि अर्को भन्ने कुरा होइन । कानूनको मर्यादा रहोस्, विधिको शासन होस्, कुनै विभेद नहोस्, झुठा मुद्दाहरू खारेज होस् भन्ने कुरा राजपा चाहन्छ । राजपा नेपाल त्यसैअनुसार आगामी नीतिलाई अगाडि बढाउँछ । हामी आन्दोलनकारी हौं, विभिन्न मुद्दाहरू पनि खेप्न चाहन्छौं । तर, हामी जुन मुद्दा बोकेर आन्दोलनमा उत्रेका छौं ती मुद्दाहरूबाट पछि हट्दैनौं ।

**० भनेपछि अहिले जसरी वारेन्ट जारी भएको छ, यो राजपाविरूद्धको एउटा षड्यन्त्र हो ?**

– राज्यले वारेन्ट ल्याइसकेपछि उच्च अदालतले कानूनबमोजिम परमादेश जारी गर्ने हो । यसमा उच्च अदालतले पूर्वाग्रह भएर परमादेश जारी गरेको हो भन्ने होइन । तर, यस्ता परमादेशहरू थुप्रै जारी भएका छन्, सर्वोच्च अदालतबाट पनि जारी भएर बालकृष्ण ढुंगेलको मुद्दा सबैलाई थाहै छ । मधेशलाई यो राज्यले देशको अंग नै मान्दैन । मधेशलाई तोड्न चाहन्छ, अलग्याउन चाहन्छ, मधेशसँग त्यस किसिमको लगातार व्यवहार भइरहेको छ । राजपा नेपाल यो देशलाई मजबुत, एकताबद्ध गर्न चाहन्छ । मधेश वा कुनै पनि समुदायप्रति कुनै पनि विभेदपूर्ण काम नहोस् तर यो राज्यले राष्ट्रघाती कामहरू गर्दैछ । संक्रमणकालीन जुन न्याय छ, त्यो माओवादीहरूका लागि पनि एउटै हुनुपर्छ, प्रतिगमनविरूद्ध लडेकाहरूका निमित्त पनि एउटै हुनुपर्छ र मधेशको मुद्दा लिएर मधेशका जनताको नेतृत्व गरेर लडाइँ लड्नेहरूका लागि पनि एउटै व्यवस्था हुनुपर्छ ।

**० प्रदेशसभा सदस्य अभिराम शर्मा राज्यमन्त्रीमा नियुक्त हुने बित्तिकै यस्तो परमादेश आउनुले कहीं प्रदेश २ को सत्ता समीकरणमा परिवर्तन आउने संकेत त होइन ?**

– प्रदेश २ को सत्ता परिवर्तनसँग यसमा कुनै पनि सम्बन्ध छैन । उहाँ मन्त्री भएपछि अदालतले फैसला गर्नुलाई पनि अदालतलाई दोष लगाउँदैनौं । यो संयोगको कुरा हो । तर, हास्यास्पद कुरा के छ भने जसले जाहेरी गरेका छन् उसले १८ जनाको मात्र नाम दिएका थिए र त्यो १८ जनामा अभिराम शर्मा हुनुहुन्न । र, अर्को हास्यास्पद कुरा के हो भने मृतकका नातागोता जसले जाहेरी दिएका छन्, उनले प्रहरीसँग यो प्रश्न सोधेका छैनन् कि एउटा घाइते प्रहरीलाई एक जना प्रहरी जवान, एक जना चिया पसलमा काम गर्ने मान्छे र एक जना चालकको भरमा जलेश्वरबाट जनकपुर किन पठाइयो ? किन हेलिकप्टरबाट पठाइएन ? किन एम्बुलेन्समा राखेर पठाइएन ? किन १० वटा भ्यानमा प्रहरी राखेर सुरक्षाका साथ पठाइएन ? किन राजमार्ग भएर पठाइएन, गाउँबाट किन पठायो ? यस्ता प्रश्नहरू अहिले उठाउनुपर्ने हो । मधेश आन्दोलनको क्रममा भएका घटनाहरूको छानबिन गर्ने आयोगले के रिपोर्ट दिएको छ, कसलाई दोषी ठहऱ्याएको छ यी सब कुरा सरकारले किन बाहिर ल्याउँदैन ? यी कुरा किन उठाउँदैनन् भन्ने महत्वपूर्ण हो ।

**० उच्च अदालतले परमादेश जारी गरिसकेपछि राज्यमन्त्रीले गिरफ्तारी दिनु हुन्छ त ?**

– हामी राजनीतिक आन्दोलनकारी हौं र त्यसैअनुसार हामी आफ्नो नीति अपनाउँछौं । राजनीति गर्ने मानिसहरू र आन्दोलनकारीहरूको अगाडि चुनौतीहरू पनि हुन्छन् । यी सबै कुराहरूलाई ध्यानमा राखेर नै आन्दोलनकारीहरू आफ्नो मुद्दा अगाडि बढाइरहेका हुन्छन् । त्यसैले, यी सब कुरा हाम्रा लागि कुनै नयाँ कुरा होइन । यसलाई हामी सामना गर्न तयार छौं । तर, राज्यले मधेशीलाई कुनै ठाउँमा सुरक्षा फौजसँग लडाउन खोजिरहेको छ, कुनै ठाउँमा अदालतसँग पनि लडाउन खोजिरहेको छ । यो सबै षड्यन्त्र हो, मधेश र नेपालसँग दूरी पैदा गर्ने । यो राष्ट्रघात हो ।

**० राजपाका अध्यक्षमण्डलका नेताहरू हालै प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर संविधान संशोधन, रेशमलाल चौधरीको मुद्दा लगायतका विषयमा ध्यानाकर्षण गराउँदा प्रधानमन्त्रीले मधेशका धेरै मुद्दा असान्दर्भिक भइसकेको, आवश्यक्ता र औचित्यको आधारमा संशोधन गर्ने भन्ने जवाफ दिनुभयो । यसको जवाफ राजपाले केही फर्काएन त ?**

– राजपाले के जवाफ फर्काउनु ? राजपा यो स्पष्ट गर्न चाहन्छ कि अहिले पनि यो देशका शासकहरू मधेशका मुद्दाहरू सम्बोधन गर्न चाहँदैन । राजपा नेपाल त्यहाँ कुनै भिक्षा माग्न गएको होइन । राजपाले आफ्नो मुद्दाको सम्झना गराउन प्रधानमन्त्रीसँग भेटेको हो । राजपा आफ्नो मुद्दामा अडिग छ र आफ्नो मुद्दालाई अगाडि बढाउँछ ।

**० तपाइँहरूले संविधान संशोधन गर्ने शर्तमो प्रधानमन्त्रीलाई समर्थन गर्नुभएको थियो, तर यो सरकारलाई संशोधनको औचित्य र आवश्यक्ता महसुस नै भएको छैन । कहिलेसम्म यो सरकारलाई राजपाको समर्थन रहन्छ ?**

– हामीले किन समर्थन गऱ्यौं त्यो कुरा बुझ्नुपर्छ । संविधान संशोधन गर्न दुई तिहाईको बहुमत चाहिन्छ, संविधान संशोधन गर्न चाहन्छौं भन्नेहरूलाई तपाइँहरूसँग दुई तिहाई बहुमत छ भन्ने देखाउनका लागि हामीले समर्थन गरेका हौं । जुन समर्थनको अरू अर्थ नै थिएन, हाम्रो मतले प्रधानमन्त्री बन्ने वा नबने स्थिति नै थिएन । तैपनि हामी समर्थन गऱ्यौं । यदि वास्तवमा उहाँहरू आफ्नो कुरामा अटल हुनुहुन्छ भने दुई तिहाई बहुमत छ र गरेर देखाउनुपऱ्यो । तर उहाँहरू गरिरहनु भएको छैन, यसले पुन: प्रमाणित भएको छ कि उहाँहरूको बोली र व्यवहारमा एकरूपता छैन । उहाँहरू मधेशको मुद्दालाई नेपालको मुद्दा नै ठान्नुहुन्न, समानता र सुशासनको मुद्दालाई मान्नु नै हुन्न भन्ने कुरा सबैलाई देखाउनका लागि समर्थन गरेका हौं । हामीले यो सरकारलाई समर्थन गरेकै होइन, हामी त सरकार निर्माणमा मतदान गऱ्यौं । हामीले यो सरकारलाई समर्थन गरेको कुनै सम्झौता छैन नि । यो जगजाहेर कुरा छ कि हामी सरकारको भूमिकाको विपक्षमा भूमिका खेलिरहेका छौं । यो सरकारलाई हाम्रो समर्थन छैन । विपक्षमा बसेर कहीं सरकारलाई समर्थन हुन्छ त । यो कुरा बुझ्नुपऱ्यो ।

**० प्रमुख प्रतिपक्षी नेपाली कांग्रेससँग राजपा नेपालले सहकार्य गरी सशक्त प्रतिपक्षको भूमिका खेल्ने कति सम्भावना छ ?**

– राजनीतिक दलहरूबीच सहकार्य र विरोध भइरहन्छ । यो पनि जरूरी छैन कि विपक्षमा बस्नेहरू सहकार्य नै गर्नुपर्छ । विपक्षमा आफ्नै किसिमका भूमिका हुन्छ । यदि कांग्रेस सहकार्य गर्न चाहन्छ भने उसले मधेशको मुद्दामा एउटा न्यूनतम् समझदारी गर्न सक्नुपर्दछ । त्यो समझदारी नहुन्जेलसम्म राजपा नेपाल आफ्नो भूमिका निर्वाह गरिरहन्छ । तर, हामी निरन्तर कांग्रेससँग सम्पर्कमा छौं ।

**० राजपा अध्यक्षमण्डलका नेताहरू प्रधानमन्त्रीसँग भेटिसकेपछि कांग्रेसका शीर्ष नेताहरूसँग पनि छलफल गरेको चर्चा छ, के छ वास्तविकता ?**

– प्रधानमन्त्रीसँग भेट्नुअघि र भेटिसकेपछि पनि राजपा र कांग्रेसका शीर्षस्थ नेतृत्वबीच छलफल भएको हो । प्रधानमन्त्रीसँग पनि हामी छलफल गर्न हरबखत तयार छौं र कांग्रेससँग पनि हामी छलफलमा छौं ।

# मधेशको माग पूरा गराउने यो नै उपयुक्त समय हो



**हरिनारायण प्रसाद रौनियार**
**प्रतिनिधिसभा सदस्य**
**संघीय समाजवादी फोरम नेपाल**

केही बोल्नुभन्दा गरेर देखाउनु राम्रो हो । राजपाले बाहिरबाट बोलिरहेको छ तर हामी भित्रबाट गरिरहेका छौं । अब हामी बोल्ने अवस्थामा छैनौं किनकि हामी सरकारमा छौं, हामीले गर्नुपर्छ । हाम्रो पार्टीका अध्यक्ष नै उपप्रधानमन्त्रीजस्तो गरिमामय पदमा बस्नुभएको छ, उहाँले प्रतिपक्षजस्तो भाषण गर्न मिल्दैन ।

**० संविधान संशोधनको सन्दर्भमा अहिले के हुँदैछ ?**

– संविधान संशोधनको प्रक्रिया अगाडि बढ्दैछ । हाम्रा पार्टीका अध्यक्ष उपेन्द्र यादव र नेकपाका अध्यक्षद्वय केपी ओली र प्रचण्डबीच जुन सहमति भएको छ, त्यसअनुसार छलफल भइरहेको छ । निकट भविष्यमै संशोधनबारे सबैले थाहा पाउनेछन् ।

**० संशोधन विधेयक कहिलेसम्म संसदमा प्रस्तुत हुन्छ ?**

– संशोधन विधेयक कहिले संसदमा प्रस्तुत हुन्छ भन्ने कुराको ठ्याक्कै मिति भन्न सकिँदैन तर हाम्रो दबाब छ कि चाँडोभन्दा चाँडो होस् । किनभने संशोधन हाम्रो प्रमुख माग हो । हामी सत्तापक्ष भएर सत्ता चलाउन लालायित भएका होइनौं । केपी ओली र प्रचण्डको पनि वक्तव्य आउँदैछ कि संविधान संशोधन गर्छौं भनेर । अर्कोतिर हाम्रो दबाब त जारी नै छ ।

**० तर, प्रधानमन्त्री केपी शर्मा ओलीले आवश्यक्ता र औचित्यको आधारमा मात्र संविधान संशोधन गर्छौं भनेर भन्दै आउनुभएको छ । उहाँलाई संशोधनको आवश्यक्ता र औचित्य किन महसुस भइरहेको छैन ?**

– उहाँहरूले त संविधान जारी भएदेखि नै संविधानका एक शब्द पनि हटाउँदैनौं भन्दै हुनुहुन्थ्यो तर अहिलेको अवस्थामा संशोधन गर्न तयार हुनु भएको छ । आवश्यक्ता नै आविष्कारको जननी हो भनिन्छ । जब केही चीजको आवश्यक्ता हुन्छ अनि आविष्कार हुन्छ । हामी पटकपटक भन्दै आएका छौं कि पाएका उपलब्धिलाई रक्षा गरौं र पाउन बाँकी रहेका मुद्दाका लागि संघर्ष जारी राखौं । विगतमा प्रधानमन्त्री ओलीको जुन बोली थियो त्यसमा धेरै परिवर्तन आएको छ । उहाँ अहिले संघीय नेपालको प्रधानमन्त्री हुनुहुन्छ, कुनै पार्टीका नेता मात्र हुनुहुन्न । त्यसैले उहाँले हामीसँग जुन प्रतिबद्धता व्यक्त गर्नुभएको छ, त्यो पूरा गर्नुपर्छ । हामीले आश्वासन वा मौखिक प्रतिबद्धताको आधारमा सरकारमा गएका होइनौं, लिखित सहमति गरेका छौं ।

**० यस्ता लिखित सहमतिहरू फोरमले विगतमा पनि गरेको हो, खोइ त पूरा भएको ?**

– यसपटक हामी विश्वास गर्नैपर्छ । किनभने अहिलेको सरकारसँग पूर्ण बहुमत छ । यदि सहमतिअनुसार संशोधन भएन भने हामी पनि बाध्य भएर अर्को बाटो रोज्न सक्छौं । तर, त्यस्तो दिन आउँदैन भन्ने विश्वास गरौं । हाम्रा थुप्रै मागहरू छन्, कतिपय माग अहिले पूरा भएको हो, कतिपय विस्तारै समय परिस्थिति अनुसार हुँदैजान्छ ।

**० पूर्ण बहुमतको सरकारले तपाइँहरूले भनेअनुसारको संशोधन गर्छ त ?**

– हामी विश्वस्त छौं कि निकट भविष्यमै संशोधन हुन्छ ।

**० तपाइँहरूको मुख्य मागमध्ये सीमांकन हेरफेर गर्न सजिलो छ ?**

– प्रदेशको सीमांकन हेरफेर गर्नुपर्दा सबै प्रदेशको सहमति हुनुपर्ने जुन प्रावधान छ, संविधानबाट त्यसलाई नै पहिला हटाउनुपर्छ । यस्ता थुप्रै कुराहरू छन् जसलाई हामी परिवर्तन गर्न चाहेका छौं । यसका लागि व्यापक छलफल र आपसी समझदारी बन्नुपर्छ । हाम्रा मागहरू पूरा गराउन योभन्दा राम्रो परिस्थिति कहिल्यै पनि बन्दैन । किनकि अहिलेको सरकारसँग बहुमत पनि छ र प्रतिपक्षीले पनि सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

**० संशोधनका विषयमा राजपासँग पनि छलफल भइरहेको छ ?**

– संविधान संशोधनका विषयमा राजपासँग पनि छलफल भइरहेको छ । पहिला पनि हामीले संयुक्तरूपमै संशोधनका मुद्दाहरू बुझाएकै हो । संशोधनका विषयमा सरकारसँग कुरा हुँदा फोरमले राजपासँग पनि छलफल गरिरहेको छ ।

**० तपाइँहरू सरकारमा जाँदा राजपासँग छलफल गर्नुभएन भन्ने गुनासो छ नि ?**

– एउटा कुरामा सबै स्पष्ट हुनु जरूरी छ कि हाम्रो सहकार्य र समन्वय प्रदेश २ मा थियो । राजपा छुट्टै पार्टी हो र फोरम पनि छुट्टै पार्टी हो । गठबन्धन बनाएर देशभरि चुनाव लडेका होइनौं । जहाँ हाम्रो गठबन्धन भएको छ, त्यहाँ हामी अहिले पनि सँगै छौं र जहाँ भएको छैन त्यहाँ दुवै स्वतन्त्र छन् । त्यसैले हामी सरकारमा जाँदा राजपाले गुनासो गर्नुपर्ने कुनै कारण नै छैन । सरकारमा सहभागी हुन राजपासँग पनि सरकारले छलफल गरेको थियो । तर, ६ वटा पार्टी मिलेर एउटा राजपा बनेको छ, त्यसमा पनि ६ वटा अध्यक्षहरू छन् । को सरकारमा जाने को नजाने भनेर कुरा नमिलेर होला, राजपा सरकारमा जान सकेन । उहाँहरूलाई जुनसुकै निर्णय गर्न धेरै समय लाग्छ तर, हाम्रो त्यस्तो समस्या छैन । हामीले दुई दिनमै संसदीय दलको नेता चयन गऱ्यौं तर राजपाले अहिले भर्खर चयन गरेको हो । त्यसैले दुवै पार्टी छुट्टाछुट्टै भएकोले स्वतन्त्र रूपमा आफ्नो निर्णय गर्न पाउँछन् । यसमा कोही रिसाउनु वा गुनासो गर्नुको कुनै तुक छैन ।

**० तपाइँहरू सरकारमा हुनुहुन्छ तर आन्दोलनका बेला राजबन्दी बनाइएकाहरूको रिहाई, झुठा मुद्दा फिर्ताबारे फोरमले केही बोलेको देखिँदैन न ?**

– केही बोल्नुभन्दा गरेर देखाउनु राम्रो हो । राजपाले बाहिरबाट बोलिरहेको छ तर हामी भित्रबाट गरिरहेका छौं । अब हामी बोल्ने अवस्थामा छैनौं किनकि हामी सरकारमा छौं, हामीले गर्नुपर्छ । हाम्रो पार्टीका अध्यक्ष नै उपप्रधानमन्त्रीजस्तो गरिमामय पदमा बस्नुभएको छ, उहाँले प्रतिपक्षजस्तो भाषण गर्न मिल्दैन । उहाँले बोल्नुभन्दा पनि गरेर देखाउनुपर्छ । हाम्रो पार्टीले राजबन्दीहरूको रिहाई र झुठा मुद्दा फिर्ता गराउँछ ।

**० फरक प्रसंग, तपाइँले सञ्चालन गर्नु भएको निर्माण कम्पनी पप्पु कन्स्ट्रक्सनसँग जोडिएर तपाइँ विरूद्ध विवादास्पद खबरहरू आएका छन्,के हो वास्तविकता ?**

– हेर्नुस्, यो एउटा षड्यन्त्र हो । केही मिडियाहरू कहींबाट निर्देशित भएर, कसैको स्वार्थका लागि, कसैको दबाबमा म विरूद्ध यस्ता भ्रामक कुराहरू ल्याउने गरेका छन् । मिडियाको जुन धर्म हुन्छ त्यो पनि निर्वाह गरेको देखिँदैन । यदि म विरूद्ध कसैले कुनै जानकारी दिन्छ भने त्यो सत्य हो कि होइन भनेर सम्बन्धित पक्षसँग पनि एक पटक सोध्नुपर्ने हो । तर, एकपक्षीय ढंगले कसैको प्रभावमा यस्ता भ्रामक समाचारहरू आएको छ । कुनै ठेक्का वा आयोजनामा अनियमितता भएको छ भने त्यसमा पप्पु कन्स्ट्रक्सन छ कि छैन, त्यो पप्पु कन्स्ट्रक्सनको ठेक्क हो कि होइन, पप्पु कन्स्ट्रक्सनमा हरिनारायण प्रसाद रौनियारको हैसियत के छ त, यस्ता कुराहरू नै नबुझेर अफवाह फैलाउने काम मात्र भएको छ । निर्माण पेशा यस्तो शुद्ध पेशा हो जुन कुनै इम्पोर्ट-एक्सपोर्ट अथवा उद्योगसँग जोडिएको होइन । यो सिधा सरकार र विकाससँग जोडिएको हुन्छ । राज्यद्वारा छुट्याइएको रातो किताबको बजेटसँग जोडिएको हुन्छ । म वि.सं. २०४० सालदेखि २०७४ सालसम्म एउटा निर्माण व्यवसायी थिएँ । मैले संघीय समाजवादी फोरम नेपालमा आबद्ध भएपछि किन मेरो बारेमा यस्ता कुराहरू आउन थाले, म आफै आश्चर्यचकित भएको छु । यो एउटा षड्यन्त्र नै हो ।

**० भनेपछि तपाइँ फोरममा सक्रिय राजनीतिमा सहभागी भएदेखि तपाइँमाथि प्रहार हुन थाल्यो ?**

– म फोरममा आबद्ध भएपछि म कम्पनीको पद नै त्याग गरें । अहिलेको अवस्थामा पप्पु कन्स्ट्रक्सनसँग कहीं पनि मेरो कागजी लगाव छैन । ३४ वर्षसम्म म अध्यक्ष थिएँ, प्रबन्ध निर्देशक थिएँ । तर, मेरो राजनीतिक यात्रा सुरू भएको एक वर्ष पनि भएको छैन । यति दिनसम्म म पप्पु कन्स्ट्रक्सनमा हुँदा किन मिडियाले मेरो बारेमा केही ल्याएन, त्यतिबेलासम्म मलाई कसैले चिन्दैन्थ्यो । म फोरममा आबद्ध भएर, मैले आफ्नो जीवनमा सामाजिक कार्य गरेकोमा दिग्गज-दिग्गज नेताहरूलाई हराउँदै प्रतिनिधिसभाको सदस्य भएँ । म सामाजिक कार्य गरेको हुनाले त्यहाँका जनताले मलाई ६ महिनाकै अवधिमा अत्याधिक मतले जिताएका छन् । मेरो जीतबाट स्वयम् पार्टी अध्यक्ष आश्चर्यचकित हुनुभएको थियो । मेरो जीत मिडियाका साथीहरूलाई अपच भयो कि ? कि मेरा प्रतिपक्षसँग मिलेर मलाई बदनाम गर्न लागेको हो कि ? म सांसद भएदेखि अहिलेसम्म मेरो कम्पनीले कुनै नयाँ ठेक्कपट्टा लिएको पनि छैन । पहिलाकै काम नै हामी गर्दैछौं । जुन ठेक्का हामीले गरेकै छैन त्यस्ता ठेक्काहरूबारे भ्रामक समाचारहरू षड्यन्त्रपूर्ण तरिकाले ल्याइँदैछ । कहीं कुनै पुल बनाएको छ र त्यो भत्केको छ भने त्यो पप्पु कन्स्ट्रक्सनले नै बनाएको भन्ने कुराहरू आउँदैछ । जुन निर्माणमा हाम्रो कुनै संलग्नता नै छैन, त्यस्ता विषयमा मेरो नाम मुछिएर बदनाम गर्न खोजिँदैछ ।

नेपालमा अहिले १५ सय जति पुल निर्माण कार्य भइरहेको छ । त्यसको लागत ६३ अर्ब रूपैयाँ हो र राज्यले प्रतिवर्ष जम्मा तीन अर्ब बजेट विनियोजन गर्छ । बजेटको अनुपातमा हेर्दा त यी सबै पुलहरू बनाउन करिब २१ वर्ष लाग्न सक्छ । म मिडियाका साथीहरूसँग आग्रह गर्न चाहन्छु कि सरकारसँग सोध्दैन कि ५० करोडको पुलको ठेक्कदा गर्दा वर्षको मात्र दुई करोड विनियोजन गर्दा तीन वर्षमा निर्माण कार्य सकिन्छ त ? ५० करोडको पुल तीन वर्षमा बनाउन त वर्षमा करिब १५ देखि २० करोड रूपैयाँ बजेट त रातो किताबमा राख्नुपर्छ नि । अरू केही प्रमाण खोज्नुपर्दैन । यदि कुनै परियोजना ठेक्का लागेको छ भने त्यसको ठेक्का अवधि कहिले हो, समाप्त गर्ने कहिले हो र त्यसको बजेट रातो किताबमा कति छ हेर्दा सबै छर्लङ्ग हुन्छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# अहिले पनि मधेशमा कांग्रेसप्रति ठूलो आशा छ

**रामकृष्ण यादव**



> मधेशी जनतालाई थाहा छ फोरम र राजपा दुवैले प्रतिबद्धता अनुरूपको काम गरिरहेको छैन । संविधान संशोधन, भाषा, नागरिकता र सिमांकनका मुद्दाहरू पनि जस्ताको त्यस्तै रहेका छन् । त्यसकारण मधेशको नाममा राजनीतिक गर्छौं भन्ने दलहरूले मधेशको मुद्दालाई सत्तामा पुग्ने सिँढीको रूपमा प्रयोग गरे ।

**नेपाली** कांग्रेस प्रजातान्त्रिक र लामो इतिहास बोकेको पार्टी हो । लोकतन्त्र स्थापना र पुनर्स्थापनाको लागि संघर्ष गर्दै आएको पार्टी हो । राणाशासन र ३० वर्ष लामो पञ्चायती व्यवस्थाको अन्त्य, १० वर्ष जनयुद्धबाट शान्ति स्थापना गरी संविधानसभाबाट संविधान निर्माण भईसकेको अवस्था छ । यो सबै प्रक्रियामा नेपाली कांग्रेसको महत्वपूर्ण भूमिका रहेको छ । अहिले संघीय लोकतान्त्रिक संविधान हामीले प्राप्त गरेका छौं । त्यसको आधारबाट तीन चरणको निर्वाचन सम्पन्न भएको छ । २०७२ सालमा निर्माण भएको संविधान विपरितका कामहरू भएपछि, असंवैधानिक कामहरू भएपछि, लोकतन्त्र र संघीयतालाई कमजोर गर्ने कामहरू भएपछि र जनताको अहितका कामहरू भएपछि नेपाली कांग्रेसले व्यवस्थापिका संसददेखि सडकसम्म आवाज उठाउने गरेको छ ।

प्रस्तावित प्रधानन्यायधीश दीपकराज जोशीका नाम संवैधानिक परिषद्बाट सिफारिस भएर आएको थियो । त्यसपछि संसदीय सुनुवाई समितिले जुन कारणहरूबाट उनको नाम अस्वीकृत गरेको छ त्यसको कारणहरू बारे पूर्ण पुष्टि हुन सकेको छैन । शैक्षिक प्रमाणपत्रहरूको बारेमा, विगतमा गरिएका कामहरूको बारेमा र अन्य २/४ वटा कारणहरू देखाईएको छ र ती कारणहरू शंकाको भरमा मात्र गरिएका हुन् भन्ने पुष्टि भएको छैन । नेपालको इतिहासमा पहिलेपटक यस्तो भएको छ जसलाई सुनवाई समितिले नाम अस्वीस्कृत गरेको छ । त्यसकारणले गर्दा लोकतान्त्रिक व्यवस्थामा सत्तापक्षले प्रतिपक्षलाई पूर्ण रूपमा बेवास्ता गरेर अगाडि बढ्यो भन्यो भने त्यहाँ निरकुंशताको गन्ध आउँछ । प्रधानन्यायधीशको विषयमा व्यापक छलफल होस् भनेर नेपाली कांग्रेसले भन्दै आएको थियो । दुईतिहाई बहुमत छ भन्दैमा जे मन लाग्छ त्यही गर्ने मनसाय सरकारमा देखियो । त्यसको विरोध नेपाली कांग्रेसले गरिरहने छ ।

न्यायपरिषद्बाट सिफारिस भएर श्रीमान्को नाम आएको थियो । त्यसमा विभिन्न छलफलहरू भयो । जे–जे विषय उठाएर विरोध गरियो, त्यसको यथेष्ट आधारहरू भेटिएन र बहुमतको आधारमा अयोग्य घोषित गर्नु राम्रो होइन । यहाँ सरकारको दोहोरो चरित्र देखिएको छ । संवैधानिक परिषद्मा प्रधानमन्त्री कै अध्यक्षतामा बैठक हुन्छ, त्यहाँबाट सिफारिस भयो तर सुनुवाई समितिमा सत्तारूढ पार्टीकै सांसदहरूले फेरि अस्कीकृत गरिदिए । त्यसबाट सरकारमाथि गम्भीर प्रश्न उठेको छ र स्वतन्त्र न्यायपालिकामाथि कार्यपालिकाको पूर्ण हस्तक्षेप भएका देखिन्छ । यो विषयले न्यायलयमाथि प्रहार भएको कांग्रेसको बुझाइ रहेको छ ।

लोकतान्त्रिक शासन व्यवस्थामा सत्तापक्ष र प्रतिपक्ष रहेका हुन्छन् र सत्तापक्षले प्रतिपक्षलाई पनि विश्वासमा लिएर अगाडि बढ्नुपर्ने हुन्छ । एक दिन पनि नपर्खेर, त्यस्तो यथेष्ट कारणहरू पनि पत्ता नलगाई, देखाईएका कारणहरू पनि पुष्टि नगरेर अस्कीकृत गर्नु सरकारमा रहेको दुई तिहाईको दम्भ नै हो ।

प्रधानमन्त्रीले अहिले देशको एउटा अभिभावकको जिम्मेवारी पाइराख्नुभएको छ । उहाँ संवैधानिक परिषद्को अध्यक्षमा पनि हुनुहुन्छ र उहाँकै अध्यक्षतामा भएको बैठकले सिफारिस गरेको व्यक्तिलाई उहाँकै प्रत्यक्ष वा अप्रत्यक्ष निगरानीमा उहाँकै पार्टीका सांसदहरूले अस्वीकृत गरेका छन् । यस्तो दोहोरो चरित्रको जिम्मेवारी प्रधानमन्त्रीले लिनैपर्छ । यसरी घटनाक्रम आउँदा न्यायलय कमजोर हुन्छ । न्यायलय कमजोर भएपछि देशमा अराजकता हुन्छ । न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाको आ-आफ्नै काम, कर्तव्य र अधिकार हुन्छ । राज्यका अंगहरूले एकले अर्कोलाई हस्तक्षेप गर्न मिल्दैन । यस्तो गर्नु लोकतान्त्रिक व्यवस्थाको लागि उचित होइन ।

यो अभियान धेरै राम्रो हो र हुनु पनि पर्छ । सरकार निर्माण भएको ६ महिनामा प्रवेश गरिसकेको छ तर यो अभियान नारामा मात्र सीमित भईरहेको छ । सरकारमा भएका मन्त्रीहरूले कुरा मात्र ठूला ठूला गर्ने तर काम नगर्ने परिपाटी बनिरहेको छ । सपना बाँड्ने काम मात्र यो सरकारले गरिरहेको मैले महसुस गरेको छु । सरकारको यस्तो व्यवहारबाट संघीयता र लोकतन्त्र बलियो हुन सक्दैन ।

नेपाली कांग्रेस यो सरकारको जन्मजात विरोधी त होइन जो हरेक कुरामा विरोध गरिरहन्छ । तर एउटा सत्तापक्ष र अर्को प्रतिपक्ष भएपछि दुवैको भूमिका महत्वपूर्ण हुन्छ । सरकारबाट गलत कामहरू भइरहेको छ, संविधान विपरितका कामहरू भइरहेको छ भने, निश्चित रूपमा काँग्रेसले त्यसको प्रतिरोध गर्छ र गर्दै पनि आएको छ । प्रतिपक्षको भूमिका भनेको लोकतन्त्रको रक्षा गर्नु, जनताका र संविधानको पक्षमा कुरा उठाउनु हो । नेपाली कांग्रेस प्रतिपक्षमा बसेर आफ्नो धर्म निर्वाह गरिरहेको छ ।

सरकारले विगतको समयमा भएका राम्रा कामलाई निरन्तरता दिँदै अगाडि बढ्नु पर्ने हुन्छ तर त्यसो गरेको पाइदैंन । यसभन्दा अघिल्ला सरकारले गरेको नियुक्तिहरू पनि यो सरकारले निलम्बन गरेको छ । तर, सम्मानित अदालतबाट केहीको पुनर्बहाली भएको छ । संस्कृत विश्वविद्यालयका उपकुलपति कुलप्रसाद कोइराला जस्तो व्यक्तिलाई विमानस्थलबाट बिना कारण पक्राउ गर्नु, संविधानमै व्यवस्था छ कि सभामुख र उपसभामुख फरक लिंगको हुनुपर्छ र दलको आधारमा पनि फरक हुनुपर्छ भन्ने तर दुई नम्बर प्रदेश बाहेक अन्य सबै प्रदेशमा एउटै पार्टीको सभामुख र उपसभामुख रहेको छन् । प्रधानमन्त्री ओलीको बोलीहरू सार्वजनिक रूपमा अभिव्यक्त भइरहेका छन्, त्यो आफ्नो पदीय मर्यादाभन्दा बाहिर गएर बोलिरहनुभएको जस्तो लाग्छ । सरकारका क्रियाकलापबाट सरकार अधिनायकवाद तर्फ जान लागेको जस्तो हामीलाई लाग्ने गरेको छ ।

जनताले दिएको मतलाई हामीले स्वीकार गरेका छौं । लोकतान्त्रिक परिपाटी, लोकतान्त्रिक व्यक्तिले मतलाई सधैं स्वीकार गर्नुपर्छ । नेकपा एमाले र माओवादी एक ठाउँमा आएको हुनाले कम्युनिष्ट पार्टीको विजयी भएको हो । यो सबैलाई थाहै छ, नेपाली कांग्रेस एक प्रजातान्त्रिक पार्टी हो र एक्लै चुनावमा जाँदा पनि जुन मत प्राप्त गरेको छ, त्यसमा हामी सन्तुष्ट छौं ।

नेपाली कांग्रेस र तराई/मधेशका कार्यकर्ता एकअर्काका पुरक हुन् । हिमाल पहाड र तराई/मधेश तीनै क्षेत्रको प्रतिनिधित्व नेपाली कांग्रेसले स्थापनाकालदेखि नै गर्दै आएको छ । हिमालमा बस्नेहरूले पनि नेपाली कांग्रेसको आदर्श तथा सिद्धान्तलाई बलिदानी दिएका छन् । पहाड र तराईका जनताले पनि नेपाली कांग्रेसलाई धेरै अप्ठ्यारो अवस्थामा सहयोग गरेका छन् । १/२ वटा निर्वाचनमा पछाडि पर्दैमा तराई मधेशका जनताले नेपाली कांग्रेसलाई माया गर्न छोड्यो भन्ने कुरा आँकडामा सहि हुन सक्छ तर तर्क र व्यवहारमा गलत हुन । विगतको इतिहास हेर्दा मधेशमा नेपाली कांग्रेसले सबैभन्दा बढी मत पाउँदै आएको छ । अहिले पनि मधेशमा नेपाली कांग्रेसप्रति ठूलो आशा रहेको छ । एकचोटी क्षेत्रीय दललाई पनि स्थान दिऊँ भनेर मात्र क्षेत्रीय पार्टीहरू संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टी नेपाललाई जनताले मत दिएका हुन । तर मधेशी जनतालाई थाहा छ यी दुवै पार्टीले प्रतिबद्धता अनुरूपको काम गरिरहेको छैन । संविधान संशोधन, भाषा, नागरिकता र सिमांकनका मुद्दाहरू पनि जस्ताको त्यस्तै रहेका छन् । त्यसकारण मधेशको नाममा राजनीतिक गर्छौं भन्ने दलहरूले मधेशको मुद्दालाई सत्तामा पुग्ने सिँढीको रूपमा प्रयोग गरे । यो विषयलाई मधेशका जनताले राम्रोसँग बुझेका छन् । र, फेरि अर्कोचोटि नेपाली कांग्रेस पार्टीलाई नै आर्शीवाद दिने मनसायमा पुगिसकेका छन् ।

(नेपाली कांग्रेसका केन्द्रीय सदस्य यादवसँग मधेशवाणीले गरेको कुराकानीको सम्पादित अंश)

## सिक्किमका स्रष्टाको ठूलो भूमिका

काठमाडौं । नेपाली भाषा साहित्यको विकासका लागि सिक्किमका स्रष्टाहरूको ठूलो भूमिका रहेको छ । नेपाल प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको सिक्किमका कलाकार भेटघाट तथा सिक्किमका साहित्यकार के एन शर्माद्वारा लिखित 'नेपाली भाषाका लोक अभिव्यक्तिको संगालो'को विमोचन समारोहमा सहभागी वक्ताले नेपाली भाषाको विकासमा सिक्किमे स्रष्टाको महत्वपूर्ण भूमिका रहेको बताएका हुन् । नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीले लोक साहित्य, लोकगाथा, लोक परम्परामा बाँचेका शब्दहरू लोप हुँदै जाने अवस्थामा सिक्किमका कलाकारले लोक अभिव्यक्ति कोष संगालो निकालेर राम्रो काम गरेको बताए । प्रज्ञा-प्रतिष्ठानका उपकुलपति डा विष्णुविभु घिमिरेले सिक्किम र नेपाली शब्दकोषलाई मिलाउन सके बृहत् नेपाली शब्दकोषको निर्माण हुने बताए ।

## नेपाल-भारत सीमामा संयुक्त गस्ती बढाइने

काठमाडौं । नेपाल र भारतका सीमा सुरक्षा अधिकारीहरू समन्वय र संवाद प्रभावकारी बनाउन सहमत भएका छन् । दुई देशका उच्च सुरक्षा अधिकारी सम्मिलित 'कोअर्डिनेसन समिति' को नयाँदिल्लीमा सुरू तेस्रो बैठकमा केन्द्रदेखि स्थानीयस्तरसम्म समन्वय गर्ने सहमति बनेको हो । बैठकमा सीमापार अपराध नियन्त्रणका लागि औपचारिक संयन्त्र बनाई नियमित गस्ती गर्ने सहमति भएको छ । क्षमता अभिवृद्धिका लागि दुई संगठनले आ-आफ्ना अनुभव साट्ने र अवलोकन भ्रमण गर्ने समझदारी पनि बनेको छ । सीमा सुरक्षा दुवै मुलुकको राष्ट्रिय सुरक्षा र सार्वभौमिकतासँग जोडिएका विषय भन्दै बैठकलाई नियमित गरिने भएको छ । यसअनुसार एपीएफ र एसएसबी प्रमुखहरूको 'कोअर्डिनेसन समिति' को बैठक वर्षमा एकपटक, बटालियन तहको बैठक ६ महिनामा र चेकपोस्टका नेतृत्व गर्ने अधिकारीहरूबीको बैठक महिनामा एकपटक गर्न दुवै पक्ष सहमत भएका छन् ।

“आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रूपान्तरण”

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

“सिंचाइ गरौं – उत्पादन बढाऔं”

- कृषि उत्पादनमा टेवा पुऱ्याउन मुलुकमा उपलब्ध जलस्रोतको अधिकतम् उपयोग गरी सिंचाइ क्षेत्रको विकास र विस्तारमा जोड दिऔं ।
- सिंचाइ प्रणालीको विकास र दिगो व्यवस्थापनका लागि जनसहभागितामूलक पद्धतिको अंगीकार गरौं ।
- सिंचाइ प्रणालीबाट उपलब्ध सिंचाइ सुविधाको आवश्यकताअनुसार प्रयोग गरौं र प्रयोग गर्न सल्लाह दिऔं ।
- सिंचाइ प्रणालीबाट उपलब्ध हुने सिंचाइ सुविधाको समन्यायिक तरिकाले सबैलाई उपलब्ध हुने गरी जल व्यवस्थापन गरौं ।

सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना
जावलाखेल, ललितपुर
फोन नं. : ५५३२६२२, ५५२८५८५
फ्याक्स : ५५३०९३८

## मधेश अपडेट

### गौर नगरपालिकाको छुट्टै सुरक्षाकर्मी

राकेश यादव, रौतहट । गौर नगरपालिकाले नगरवासी र कार्यालयको सुरक्षाका लागि तालिम प्राप्त नगर प्रहरी तयार गरेको छ । नगर क्षेत्रमा हुने विभिन्न किसिमका सुरक्षा कार्यको साथै कार्यालयको रक्षाका लागि नगर प्रहरी तयार गरिएको हो । दैवी प्रकोपको घटना, सडक अतिक्रमण हटाउन, वादविवादको समस्या समाधानमा आवश्यक भूमिका खेल्ने तथा आइपरेको बखतमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरीसँग मिलेर नगरपलिकाको सुरक्षाको, उद्धार कार्यमा नगर प्रहरीले मिलेर काम गर्न सक्नेछन् । जनप्रतिनिधि विहीनताको अवस्थामा बारूण यन्त्रको कार्यको लागि भर्ना गरिएको नगर प्रहरी भएको बेलामा कार्य गर्ने गर्थ्यो । जनप्रतिनिधि निर्वाचित भएर आइसके पछि ९ वटा थप नगर प्रहरी भर्ना गरी छुट्टै पोषाक, खुकुरी, रोल, टोपी, जुत्तासहितको तालिम प्राप्त युवा प्रहरी खडा गरिएको छ । कार्यालय परिसरमा बस्ने नगर प्रहरी २४सै घटना तयारी अवस्थामा रहने गरेको नगर प्रमुख अजय कुमार गुप्ताले बताएका छन् । कार्यालय व्यवस्थापनको शिलशिलामा आफ्नो सुरक्षाकर्मी हुनु महत्त्वपूर्ण कुरो रहेको मेयर गुप्ताको भनाइ रहेको छ ।

### सहयोग जुटाउन सेलरोटी बेच्ने अभियान

मोरङ । मोरङको लेटाङ नगरपालिका-९ जाँतेकी १० वर्षीया बालिका मनिषा लिम्बूको हड्डीको क्यान्सरको उपचारमा सहयोग जुटाउन लायन्स क्लब अफ लेटाङले बजारमा सेलरोटी बेच्ने अभियान चलाएको छ । सो अभियानअन्तर्गत लायन्स क्लब अफ लेटाङकी अध्यक्ष शान्ति लामा पाखिनको नेतृत्वमा लायन्स क्लब अफ पथरी, पथरी वाणिज्य संघसमेतको सहकार्यमा घरमा बनाइएको सेलरोटी दिएर बिहीबार पथरी बजारमा सहयोग रकम संकलन गरिएको हो । सेलरोटी र एक बोतल पानी दिँदै इच्छाअनुसारको सहयोग माग्ने क्रममा पथरी बजारबाट रू ७१ हजार ८८५ संकलन भएको थियो । उक्त रकममा नगरपालिकाका प्रमुख दिलीपकुमार राईसहितका जनप्रतिनिधिले सहयोगी टोलीलाई कार्यालयमै बोलाएर सहयोग रकम प्रदान गरेका छन् । 'लेटाङ प्रिन्सेस'- २०१८ की बिजेता सुजता खतिवडा, फष्ट रनरअप जानुका मगरसमेत सो अभियानमा सहभागी भई गत सोमबार बेलबारी बजारमा रू ६१ हजार २११ रकम संकलन गरेका छन् ।

### लुम्बिनीमा भारतीय पर्यटकमा वृद्धि

रूपन्देही । बुद्धको जन्मस्थल लुम्बिनी आउने भारतीय पर्यटकको संख्या बढ्दै गएको छ । लुम्बिनीको विषयमा भारतमा फरक खाले धारणा रहे पनि पछिल्लो पाँच वर्षयता लुम्बिनी आउने भारतीय संख्या बढ्दै गएको छ । सन् २०१२ देखि लुम्बिनीमा भारतीय पर्यटकको संख्या वृद्धि हुँदै आएको हो । लुम्बिनी विकास कोषको तथ्यांकअनुसार सन् २०११ मा जम्मा ६३ हजार भारतीय लुम्बिनी घुम्न आएका थिए । उक्त तथ्यांकमा अर्को वर्षदेखि दोब्बर वृद्धि भएको छ । सन् २०१६ मा एक लाख २० हजार भारतीय लुम्बिनी आएका थिए । लुम्बिनी आउने भारतीयमध्ये सबै भन्दा बढी उत्तर भारतका छन् । लुम्बिनी विकास कोषका सूचना अधिकृत राजन बस्नेतका अनुसार सिक्किम, अरूणाञ्चल, हिमाञ्चल प्रदेशका नागरिक तीर्थाटनका लागि लुम्बिनी आउने गरेका छन् । भारतका अन्य क्षेत्रबाट आउने पर्यटक नुम्बिनीसँगै पहाडको अनुभूति गर्न पाल्पाको तानसेन र गोर्खाको कुटिनटारमा केबलकार चढ्न पुग्ने गरेका छन् ।

### जलोद्यान (वाटरपार्क) निर्माण गरिँदै

नेपालगञ्ज । नेपालगञ्ज उपमहानगरपालिका-१ धम्बोझीमा जलोद्यान(वाटरपार्क) निर्माणको काम शुरू भएको छ । रू ७० करोडको लागतमा जलोद्यान निर्माण थालिएको हो । निर्माण चार वर्षभित्र सम्पन्न गर्ने लक्ष्य रहेको नेपालगञ्ज नगरविकास समितिका अध्यक्ष गोपाल पुनले बताए । जलोद्यानको कूल क्षेत्रफल ६५ बिघा रहेकामा १० बिघामा तालले ओगटेको छ । “ताल क्षेत्रलाई नौका बिहार र पौडी पोखरीका रूपमा विस्तार गरिने छ,” पुनले भने, “उद्यानमा आकर्षक र मनमोहक फूलबारी, बाल उद्यानलगायत संरचना निर्माण गरिनेछ ।” जलोद्यान निर्माणबाट नेपालगञ्जको विकासमा टेवा पुग्ने नेपालगञ्ज उपमहानगरपालिका-१ का वडाध्यक्ष प्रमोद रिजाल बताउँछन् । “ जलोद्यानले धम्बोझी टोलको स्वरूप फेरिन्छ, व्यापारिक गतिविधि बढ्नुका साथै यहाँका बासिन्दाको जीवनस्तर नै फेरिन्छ,” उनले भने ।

### विशेष सुझाव समितिको म्याद थप

धनगढी । प्रदेश नं ७ को स्थायी राजधानी रहने स्थान र प्रदेशको नामाकरणका लागि सुझाव दिन गठित 'विशेष सुझाव समिति'को म्याद एक हप्ता थपिएको छ । समितिले छलफल तथा परामर्शका लागि थप समय माग गरेकाले सो प्रयोजनका लागि एक हप्ता समय थपिएको प्रदेशसभाको बैठकमा सभामुख अर्जुनबहादुर थापाले जानकारी दिए । प्रदेश नं ७ को स्थायी राजधानी रहने स्थान र प्रदेशको नामाकरण विषयमा सरोकारवालासँग परामर्श लिई प्रतिवेदन प्रस्तुत गर्न प्रदेशसभामा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) संसदीय दलका प्रमुख सचेतक तारा लामा तामाङको संयोजकत्वमा एक हप्ताभित्र सुझाव दिनका लागि यही साउन १४ गते पाँच सदस्यीय विशेष सुझाव समिति गठन गरिएको थियो ।

### प्रधानमन्त्री कार्यालयको टोलीसँग छलफल

कैलाली । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट स्थलगत भ्रमण गर्न आएको एक टोलीले प्रदेश नं ७ को सरकारसँग छलफल गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव केदारबहादुर अधिकारी नेतृत्वको टोलीले प्रदेश नं ७ का मुख्यमन्त्री र मन्त्रीहरूसँग छलफल तथा अन्तरक्रिया गरेको हो । अन्तरक्रियामा प्रदेशको भौतिक पूर्वाधार र जनशक्ति, प्रदेशको आव २०७५/७६ को बजेट, कार्यक्रम र योजना, प्रदेश प्रहरी ऐन, प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोगको गठनलगायतका विषयमा छलफल भएको थियो । संघीय, प्रादेशिक र स्थानीय सरकारबीचको सम्बन्ध, प्रदेश सरकार सञ्चालनमा आवश्यक पर्ने ऐन, कानून, नियम, निर्देशिका, कर्मचारी समायोजन, पदपूर्ति र प्रदेश निजामती सेवा ऐन सम्बन्धमा पनि छलफल भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ ।

### नगर प्रमुखको पारिश्रमिकबाट छात्रवृत्ति वितरण

बुटवल । रूपन्देहीको तिलोत्तमा नगरपालिका प्रमुख वासुदेव घिमिरेले आफ्नो पारिश्रमिक आउने रकम सामुदायिक विद्यालयका विद्यार्थीलाई छात्रवृत्तिका रूपमा वितरण गरेका छन् । उनले सामुदायिक विद्यालयमा अध्ययन गर्ने ४४ जनालाई एक वर्षको पारिश्रमिकस्वरूप प्राप्त गरेको रू तीन लाख ८५ हजार नगरप्रमुख छात्रवृत्ति कोष-२०७५ मार्फत वितरण गरेका छन् । यो छात्रवृत्ति नगरका सम्पूर्ण सामुदायिक विद्यालयका एक/एकजना विद्यार्थीले प्राप्त गरेका हुन् । छात्रवृत्ति वितरण तथा व्यवस्थापनका लागि नगरपालिकाले उप–प्रमुख जागेश्वरी चौधरीको संयोजकत्वमा एक समिति गठन गरेको थियो । नगरप्रमुख घिमिरेले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न र गरिब तथा जेहेन्दार विद्यार्थीलाई उत्साही बनाउन आफूले प्राप्त गर्ने पारिश्रमिक छात्रवृतिमा लगाउने निर्णय गरेको बताए । उनले आफूले बाँकी चार वर्षको पारिश्रमिक पनि छात्रवृत्तिमै लगाउने घोषणा गरेका छन् ।

### हिन्दू परिषद्को जिम्मेवारी बाँडफाँड

वीरगंज । हिन्दू परिसद नेपालको केन्द्रीय पदाधिकारी बैठक वीरगंजमा सम्पन्न भएको छ । राष्ट्रिय अध्यक्ष संतोष पटेलको सभापतित्वमा सम्पन्न बैठकले जिम्मेवारी बाँडफाँड गरेको छ । बैठकले विद्यार्थी परिषद्को इन्चार्जमा राकेश चौधरी, कानून व्यव्सायी परिषद्मा अनिरूद्ध सिंह, कला एंव सांस्कृतिक परिषद्मा श्रीराम उपाध्याय, बुद्धिजीवी परिषद्मा विजय गुप्ता, उद्योग वाणिज्य परिषद्मा शिव गोयल, खेलकुद परिषद्मा सुरेश साह कानू, पत्रकार परिसदमा रामपुकार राउत, शिक्षक परिषद्मा चितरंजन श्रीवास्तवलाई केन्द्रीय इन्चार्जको रूपमा चयन गरेको छ । साथै धार्मिक जनजागरण अभियानको संयोजकमा संजय सर्राफ, मानवअधिकार परिषद्को संयोजकमा प्रकाश थारू, भौतिक पूर्वाधार एवं निर्माण अभियान संयोजकमा लालबाबू कुर्मी, सामाजिक विकृति एवं विसंगतिविरूद्ध विशेष अभियान संयोजकमा अजिता देवीलाई चयन गरेको छ । साथै बैठकले हरेक प्रदेश एवं जिल्लाहरूमा जनजागरण अभियान तथा संगठन विस्तारको कार्यलाई तीव्रता दिने कार्यमा लाग्न सम्पूर्ण परिषदका पदाधिकारीहरूलाई बैठकले कडा निर्देशनसमेत गरेको छ ।

### विद्यार्थी संघको जनकपुर नगर कमिटी गठन

जनकपुरधाम । राष्ट्रिय जनता पार्टी नेपाल निकट राष्ट्रिय विद्यार्थी संघले प्रदेशको २ को राजधानी जनकपुरधाममा जनकपुर नगर कमिटि गठन गरिएको छ । रा.बि.संघको केन्द्रिय सदस्य रोशन मिश्र, जिल्ला अध्यक्ष कमलेश यादव, सचिव शिवशंकर यादव, युवा नेता प्रशान्त झाको उपस्थितिमा करण मिश्रको अध्यक्षतामा ३१ सदस्य नगर कमिटि गठन गरिएको रा.बि.संघका केन्द्रिय महासचिव रंजित निस्पक्षले जनाएका छन् । नगर कमिटिको उपाध्यक्षमा नितेश झा, दिपक यादव र अखिलेश शर्मा सचिवमा रोशन साह, सहसचिव रोशन यादव, कोषाध्यक्ष कामोध यादव, प्रवक्ता संजिव साह, सदस्यहरूमा समोसिम हुसेन, बालकृष्ण मण्डल, संतोष राउत, अनिल यादव, मिथलेश यादव ,मनोज पंडित गरि ३१ सदस्य नगर कमिटि बनाइएको छ । जनकपुरमा अहिले शिक्षामा व्यापक अनियमितता, विभेदहरू भैरहेकोले र शिक्षा प्रणालीमा सुधार ल्याउनको लागि र शिक्षा माफिया विरूद्ध लडन संगठित हुन् राष्ट्रिय विद्यार्थी संघले संगठन निर्माण गरेको महासचिव निस्पक्षको भनाइ छ ।

### फोरमको प्रदेश ५ को बैठक सम्पन्न

कपिलवस्तु । संघीय समाजवादी फोरम नेपालको प्रदेश ५ को प्रदेश समितिको बैठक भैरहवामा सम्पन्न भएको छ । प्रदेश नं. ५ का प्रदेश अध्यक्ष अशोक कुमार यादवको अध्यक्षतामा तथा प्रदेश नं. ५ का संसदीय दलका नेता सहसराम यादवको प्रमुख अतिथित्व तथा प्रदेश समितिका सहइन्चार्ज नबिन सुनवारको बिशिष्ट अतिथित्वमा प्रदेश नं. ५ को प्रदेश समितिको बैठक सम्पन्न भएको छ । सम्पन्न बैठकबाट प्रदेश ५ का इन्चार्जमा मोहम्मद इस्तियाक राई र सहइन्चार्जमा सहसराम यादव तथा नबिन सुनुवार सर्बसम्मतिबाट चयन भएका छन् । त्यस्तै गरी फोरम नेपालको प्रदेश ५ को प्रदेश प्रवक्तामा युवा नेता अकरम पठान सर्बसम्मतिबाट चायन भएका छन् ।

# मलेठ घटनासम्बन्धी मानवअधिकार आयोगको प्रतिवेदन-४

७. निष्कर्ष

७.१. घटनाको कारण

सरसर्ती हेर्दा देशको एउटा प्रमुख राजनितीक पार्टी ने.क.पा. (एमाले) ले आफ्नो चुनाव प्रचार अभियान अन्तर्गत सप्तरीको राजबिराज नजिकै मलेठमा रहेको औद्योगिक क्षेत्रमा आमसभा गरेको र त्यसलाई रोक्ने, बिथोल्ने गरी लोकतान्त्रीक मधेशी मोर्चाका कार्यकर्ताहरूले गरेको बिरोध प्रदर्शन नै मलेठ घटनाको मुख्य कारण देखिन्छ। तर यी दुई राजनितीक दलहरू बिचको द्वन्द्वका साथै स्थानीय स्तरमा हेर्दा ने.क.पा. (एमाले) का सप्तरी ६ र मधेशी मोर्चाका सप्तरी १ बिचको व्यक्तिगत द्वन्द्व र अडानले मलेठ घटनाको जग तयार गरेको समितिले अनुभव गरेको छ। जसरी जुन मूल्यमा भएपनि राजबिराजमा एमालेको सभा गराई छाड्ने भन्ने एमालेका सप्तरी ६ को प्रयास र सो सभा गर्न नदिने भन्ने मोर्चाका सप्तरी ६ को अडान, यी दुई बिचको द्वन्द्वात्मक अडान थाहा पाउँदा पाउँदै पनि दुवै पक्ष तर्फका शीर्ष नेतृत्व वर्गले संभावित खतराको आंकलन वा अनुमान गर्न नसक्नु पनि आश्चर्य र दु:ख लाग्दो छ।

राजबिराज नगरको बिचमा रहेको रंगशालाबाट सभा स्थल औद्योगिक क्षेत्र भित्र सारेपछि मधेशी मोर्चाले त्यहाँ सम्म गएर सो सभा रोक्नु, बिथोल्नु पर्ने कुनै औचित्य र कारण थिएन। तर एक त औद्योगिक क्षेत्रमा एमाले आफैंले सभास्थल निश्चित् गरेको होईन। सप्तरी प्रशासन र सुरक्षा निकायले औद्योगिक क्षेत्रमा पनि सो सभा नगर्न भनी ने.क.पा. (एमाले) को जिल्ला र केन्द्रीय नेतृत्व सम्मलाई मौखिक भएपनि राम्रोसंग अवगत् गराएको थियो। किनभने मधेशी मोर्चा सप्तरीले त्यहाँ पनि सभा गर्न नदिने भनी हरतवरबाट कटिबद्ध थियो। अर्को तर्फ ने.क.पा. (एमाले) को मेची महाकाली अभियान अन्तर्गतका कार्यक्रमहरू पूर्वमा दमक, ईटहरी, ईनरूवा जस्ता पुर्व पश्चिम लोकमार्गका स्थानहरूमा आयोजना गरिएको थियो भने संभवत: सप्तरी ६ को निजी अडानले गर्दा सप्तरीमा पर्ने पूर्व पश्चिम लोकमार्गको कुनै उपयुक्त स्थानमा सभा नगरी एमालेले लोकमार्ग भन्दा १० कि.मी. दक्षिण पर्ने राजबिराजमा सो सभा गर्ने भनी कार्यक्रम घोषणा गरेको पाईन्छ। तर त्यहाँ कुनै हालतमा गर्न हुँदैन भनी प्रशासनको अडानको कारण मात्र सभास्थल औद्योगिक क्षेत्रमा सारिएको रहेछ। यद्यपी त्यहाँ पनि सभा गर्नु सुरक्षित नभई खतरापुर्ण ९ष्लभलतभथि मबलनभचयगक० रहेको भन्ने कुरा सभास्थलको तयारी र सुरक्षा व्यबस्थाबाट स्पस्ट अनुमान गर्न सक्नु पर्ने थियो। राजबिराज र वरीपरीबाट एमालेको सभामा आफु खुशी सहभागी हुनेहरूलाई सप्तरीको मधेशी मोर्चाले रोकेको र कोशी व्यारेज पार गर्दा देखि नै गरिएको सुरक्षा प्रवन्धले पनि सभा गर्नु खतरापुर्ण रहेको भन्ने कुरा देखाउँछ। सो एक दिन एमालेको सभा कार्यक्रमका लागि सप्तरीका अतिरिक्त झापा, मोरङ्ग, सुनसरी, उदयपुर र सिराहा समेतबाट सशस्त्र/जनपदका गरी हजारौं प्रहरीहरू झिकाईएका छन्। काठमाण्डौबाट पानीको फोहरा फाल्ने ट्यांकर गाडी झिकाईएको छ। त्यस्तै सभामा भाग लिन एमालेको कार्यकर्ताहरू वरिपरीका अनेक जिल्लाबाट सयौं सवारी साधनहरूबाट आएका छन्। तिनिहरूको र तिनका नेताहरूको सुरक्षार्थ ठाउँ ठाउँमा सयौंको संख्यामा प्रहरीहरूलाई तैनाथ गरिएको छ। यस्तो अति संवेदनशील र डरलाग्दो अवस्थामा पनि राजबिराजको औद्योगिक क्षेत्रमा कार्यक्रम गरी छाड्ने अडानलाई कुनै दृष्टिकोणबाट उचित निर्णय भन्न सक्ने ठाउँ छैन। सभामा सहभागी एमालेका कार्यकर्ता एवम् एमालेको शिर्ष नेतृत्व र लोकतान्त्रिक मधेशी मोर्चा सप्तरी बिचको प्रत्यक्ष संघर्ष हुन नदिन लाठी, अश्रु ग्याँस, रबर बुलेट, डमी बुलेट र एस.एल.आर जस्तो हतियार (ाष्चभ(बचक० समेत लिएको हजारौं प्रहरीहरू ५-६ घण्टा सम्म मधेशी मोर्चाका हजारौं प्रदर्शनकारीहरू संग संघर्षरत रही तिनीहरूलाई एमालेको सभास्थल भित्र प्रवेश गर्न नदिने साहश देखाएका छन् यो निश्चय नै सुरक्षाकर्मीहरूको ठूलो सफलताको रूपमा लिनु पर्ने समितिको ठहर छ। किनभने एमालेको सभा भित्र सो दिन बिरोधी वा आन्दोलनकारी प्रदर्शनकारीहरू प्रवेश गर्न सकेको भए त्यसबाट निस्कने भयावह दुष्परिणामलाई कसैले अनुमान लगाउन पनि अत्यन्त कठीन छ। तर प्रहरीको उपरोक्त सफलताले प्रहरीकै गोली लागी ५ प्रदर्शनकारीको मृत्यु र कतिपय घाइते भएको घटनाको गम्भीरता कम हुँदैन।

तसर्थ यस्तो अवस्थामा उपलब्ध तथ्यहरूको बिश्लेषण र घटना क्रमको विवेचनाबाट मलेठ घटनाका निम्न लिखित कारणहरू रहेको भन्ने यस समितिको ठहर रहेको छ:

- राजनैतिक दलहरूले लोकतान्त्रिक मान्यता अनुसारको व्यवहार नगर्नु।
- आफ्नो अधिकारको प्रयोग गर्न खोज्ने तर अर्काको अधिकारको सुरक्षा प्रति संवेदनशील नहुनु।
- कानूनको व्यवस्था र संवैधानिक दायित्व प्रति प्रतिवद्ध नहुनु।
- राजनैतिक दलहरूले कुनै पनि बिरोधका कार्यक्रमहरू गर्दा जनताको जीउ धन र सार्वजनिक शान्ति सुरक्षा प्रति जिम्मेवार नहुनु।
- प्रशासन र सुरक्षा निकायले कुनै बिशेष परिस्थितीको र कुनै बिशेष कार्यको परिणामको ठीक ढङ्गले पूर्वानुमान गर्न नसक्नु।
- बिरोध प्रदर्शनगर्दा शान्तिपुर्ण भन्ने तर लाठी, भाटा, फलामे रड जस्ता वस्तुहरूको प्रदर्शन गर्दै कानुनको सीमा नाघी सुरक्षाकर्मीहरूसंग संघर्ष गर्न खोज्ने प्रवृत्ति।
- प्रदर्शनमा धेरै जसो कम उमेरका बालबालीका वा १६-१८ वर्षका नवयुवकहरूलाई संलग्न गराउने प्रवृत्ति।

सुरक्षा निकायले बल प्रयोग गर्दा धैर्य गुमाउँदै कानुनको परिधी नाघेर पनि बल प्रयोग गर्नु। उदाहरणको लागि ताकेर गोली प्रहार गर्दा पनि घुँडा मुनि हान्नुपर्नेमा सोको पर्वाह नगरी हानेको र घटनास्थलबाट भागीसके पछि पनि दौडाएर वा घर भित्र पसेर प्रदर्शनकारीलाई कुटपीट गर्नु।

घटनास्थलमा खटिएका सुरक्षावलका कमाण्डरहरूले उचित समयमा उचित निर्णय लिन नसक्नु र सुरक्षा निकायका बिभिन्न यूनिटहरू बिच ठीक ढङ्गले समन्वायत्मक कारवाही हुन नसक्नु।

७.२. घटनाको दोषी

यस्तो स्थितीमा घटनाको खास दोषी को हो भन्ने तर्फ हेर्दा जिल्ला स्तरीय सुरक्षा समितिले मिति २०७३।११।२३ मा कानून बमोजिमको प्रकृया अवलम्वन गरी सुरक्षा निकायलाई २०७३।११।२३ को सुरक्षाको सन्दर्भमा बल प्रयोग गर्न सक्ने अधिकार दिने संस्थागत निर्णय सम्म गरेको देखिन्छ। प्रमुख जिल्ला अधिकारीले छुट्टै बल प्रयोग गर्ने वा गोली चलाउने लिखित आदेश दिएको देखिँदैन र मौखिक आदेश दिएको भन्ने पनि सम्बद्ध पक्षको भनाई छैन।

यसका साथै जनपद प्रहरी र सशस्त्र प्रहरीका विभिन्न स्थानबाट सयौंको संख्यामा आएका र समष्टिगत रूपमा तिनको संख्या १५ शय देखि २ हजार सम्म रहेको देखिन्छ। घटना स्थलमा कमाण्ड गरीरहेको दुवै तर्फको एस.पी. हरूले विस्तृत प्रतिवेदन पनि माथिल्लो निकायमा पठाउन नपाउँदै घटनाको भोलीपल्टै सप्तरीबाट दुवै एस.पी. र जम्मा ५ दिन मात्र सप्तरीमा रहेका प्रमुख जिल्ला अधिकारीलाई सप्तरीबाट काठमाडौ झिकाइएको देखिन्छ। घटनासँग सम्बद्ध र सरोकारवालाहरूसँग बुझ्दा जनपद प्रहरीले लाठी, रबर बुलेट, डमी फायर र अश्रु ग्याँससम्म प्रदर्शनकारी माथि प्रहार गरेको छ। हवाई फायर वा मानिस ताकेर गोली फायर गरेको छैन भन्ने देखिन आएको छ। सँगै खटिएको सशस्त्रका प्रहरीले मात्र गोली प्रहार गरेको बुझिन आएको छ।

त्यसमा पनि कति संख्यामा हवाई फायर र ताकेर फायर भएको भन्ने कुरा एकीन हुन सकेको छैन। तत्काल कमाण्ड गर्ने सशस्त्रका प्रहरी ९ काअनुसार १५ राउण्ड फायर भएकोमा १० राउण्ड हवाई फायर र ५ राउण्ड मानिसलाई ताकेर घुँडा मुनि फायर भएको भन्नेछ। तर त्यो भनाई र विवरण विश्वसनीय देखिएन। किनभने ५ जना मानिसको ज्यान गोली प्रहारबाट गएको छ भने दिगम्वर यादव र दिलीप कुमार यादव गरी २ जनाको शरीर भित्र अद्यापी गोली रही रहेको छ। यसका साथै अनेक घाइतेहरूलाई पनि बन्दूकको गोली बाट गम्भीर चोट लागेको देखिएको छ। यस्तो स्थितीमा सप्तरी को एस.पी. को प्रत्यक्ष मातहतका यूनिट बाहेक अन्यत्रबाट आएका सशस्त्र प्रहरीका यूनिट कमाण्डरहरूबाट सप्तरीका तत्कालीन सशस्त्र प्रहरी कमाण्डर एस.पी. ले विस्तृत विवरण र रिपोर्ट लिन नसकेबाट पनि वास्तविक तथ्यांक खुलाउन नसकेको भन्ने देखिन आउँछ।

गोली फायर वास्तवमा अन्तिम समयमा भएको भन्नेमा पनि विवाद छैन। सशस्त्र प्रहरीका प्रहरी ९ को भनाई अनुसार दिउँसो ११ बजेदेखि नै सभाको विरोधकर्ता प्रदर्शनकारीहरू माथि अश्रु ग्याँस हान्न थालिएको थियो। एमालेको आम सभामा अपरान्ह ४ बजेर २० मिनेटमा प्रारम्भ भई ५ बजेर ३० मिनेट जाँदा सभाका सहभागी नेताकार्यकर्ता औद्योगिक क्षेत्रबाट बाहिरिई सकेका छन्। यस बिचमा ४:३० मा हवाई फायर र करिव ५ बजे ताकेर गोली फायर भएको हो। यस कथनलाई एकजना प्रत्यक्षदर्शी सप्तरी २ को भनाईले पनि पुष्टि गर्दछ। ने.क.पा. (एमाले) का अध्यक्ष श्री केपी ओलीको भाषण चल्दा चल्दै बाहिर गोली चल्न थाल्यो। १०–१५ मिनेट सम्म गोली चल्यो अनि त्यसको ४–५ मिनेट पछि सभा सकियो। निजले बाहिर प्रदर्शनकारी १ हजार – १५ शय थिए भन्ने पनि भनेको देखिन्छ। तर निज सप्तरी २ सभास्थल भित्रै रहेकोले बाहिर प्रदर्शनकारीको संख्या र परिस्थिती बारे ठीक अनुमान लगाउन नसकेको देखिन्छ।

यस्तो अवस्थामा सशस्त्रका अनेक यूनिट मध्ये कुन् यूनिटको क–कस्ले चलाएको गोलीले ज्यान गएको वा घाइते भएका मध्ये क–कस्लाई लागेको हो सो कुरा यकीन हुन सकेको छैन। त्यस्तै प्रत्यक्षत: ताकेर गोली हान्ने आदेश दिने खाश कमाण्डरको नाम खुल्न नसके पनि सशस्त्रको समग्रमा कमाण्ड गर्ने अधिकारी ९इखभचर्बा अफ्कबलमभच० श्री प्रहरी ९ माथि सोको सामान्य जिम्मेवारी अवश्य आउँछ। तर यहींनेर जनपद तर्फका श्री प्रहरी ८ को भनाई पत्यार लाग्दो देखिन्छ। प्रहरी ८ को भनाई अनुसार सो दिन सभास्थल भित्रबाट श्री केपी ओलीको भाषण हुन लाग्दा ५–७ हजार प्रदर्शनकारीको भीड एकाएक पर्खाल चढेर भित्र प्रवेश गर्न खोजेको थियो। सोही बेला स्थिती नियन्त्रण बाहिर जानलाग्दा गोली चलाएको भन्ने देखिन्छ। किनभने बाहिरका केही प्रदर्शनकारी पनि भित्र पसेको भए स्थिती अत्यन्त भयावह बन्न सक्दथ्यो र अहिलेको घटना भन्दा धेरै गुणा ठूलो घटना हुन सक्ने थियो। गोली प्रहारबाट मात्र भीड पछि हटेर तितर वितर भएको भन्ने देखिन्छ। यसर्थ मृत्यु हुने वा घाइते बनाउने गरी गोली चलाएको दोष कुनै एक वा केही प्रहरी वा प्रहरी अधिकारी माथि थुपार्ने स्थिती देखिन आउँदैन। घटनाको प्रकृती र परिस्थितीको गम्भीरता हेर्दा मलेठ घटनामा गोली चलाउन परिस्थिती सृजना भएर मात्र गोली चलाएको देखिने हुनाले यसबाट दण्डहीनताले प्रश्रय पाउने परिस्थिती पक्कै छैन। गर्नुपर्ने एउटा कुरा मात्र हो, त्यो के भने घुँडा मुनि गोली हान्नु पर्नेमा धेरै जसो घुँडा माथि गोली हानिएकोले सो सम्बन्धमा घटना हुँदा सशस्त्र प्रहरीको कमाण्डमा रहेको प्रहरी ९ लगायत तल्लो दर्जाका सशस्त्र प्रहरी नायव निरिक्षक (सई) अधिकृत कमाण्डरहरूलाई समेत यसतर्फ सचेत गराउनु उचित र न्याय सम्मत हुने यस समितिको निष्कर्ष रहेको छ। सो बाहेक मलेठ घटनासँग संलग्न सबै पक्ष संयुक्त रूपमा यस घटनाका सामान्य अर्थमा दोषी रहेको भन्ने पनि यस समितिको निष्कर्ष रहेको छ।

७.३. पीडित, पीडक र दोषी

यी शव्दहरूबिचको अन्तर सम्झनको लागि कुनै घटनाको पृष्ठभूमि, घटनाको प्रकृती र सो घटनासँग सम्लग्न पक्षहरूको एक अर्का प्रतिको व्यवहार दृष्टिगत गर्नु आवश्यक हुन्छ। दुई वा बढी पक्षहरू संलग्न घटनामा कुनै एक पक्ष आंशिक वा पूरै पीडित हुने वित्तिकै अर्को पक्षलाई दोषी ठहर्याउनु मिल्दैन। दुई गाडी बिचको ठक्कर बाट कसैलाई कुनै क्षति पुगेको छ भने त्यो सँधै पीडित र अर्को गाडीवाला पक्षलाई पीडक वा दोषी ठान्नु हुँदैन। अपितु घटना पिच्छे त्यसको प्रकृती र तथ्यको समष्टिगत विश्लेषण एवम्अध्ययनबाट मात्र पीडित र पीडक मध्ये को दोषी भन्ने कुरा छुट्याउनु उचित हुन्छ। जस्लाई बढी क्षति भयो ऊ निर्दोष र क्षति नभएको वा कम क्षति पुगेको पक्ष दोषी ठान्ने कुनै सिद्धान्त वा मान्यता हुँदैन। त्यस्तो ठान्ने मानसिकता पनि ठिक होइन। अपितु, गल्ती कसको हो र गल्ती कसले कति गरेको छ? कानूनको पालन कसले कति गरेको छ, सामान्य अवस्थामा अपनाउनै पर्ने सावधानी र आत्मसंयम कसले कति अपनाएको छ र प्रचलित कानूनको अवलम्वन कसले कति गरेको छ? यी र यस्ता कुराहरूको सूक्ष्म विवेचना र प्रत्येक घटनाको तथ्यगत विश्लेषणबाट मात्र वास्तविक पीडित र दोषी ठहर गर्नु पर्ने हुन्छ।

मलेठ घटनाको पनि सर्वपक्षीय विश्लेषण गर्दा फागुन २३ मा स्थानीय प्रशासन र सुरक्षा निकायको सुझाव विपरित औद्योगिक क्षेत्रमा सभा गर्ने ने.क.पा. (एमाले), त्यसलाई जुन् मूल्य चुकाएर भएपनि हुन नदिने वा विथोल्ने कटिबद्ध भई त्यहाँ जाई लाग्ने प्रदर्शनकारीहरूको अगुवाई गर्ने सप्तरी जिल्लाको मधेशी मोर्चा नै मुख्य दोषी रहेको भन्ने यस समितिको निष्कर्ष रहेको छ। यी दुवै पक्षबाट सुरक्षा निकाय, प्रशासनलाई निरीह बनाइएको छ। तर त्यसरी निरीह नबनेर प्रशासन र सुरक्षा निकायले त्यहाँ कुनै हालतमा पनि सभा गर्न दिनुपर्ने थिएन। औद्योगिक क्षेत्रमा सभा गर्नदिनु र त्यसकोलागि दुरूपयोगको हदसम्म व्यापक संख्यामा सुरक्षा फौज परिचालन गर्नु प्रशासन र सुरक्षा अधिकारीहरूको कमजोरी र दोष दुवै रहेको भन्ने यस समितिको निष्कर्ष रहेको छ। तर प्रशासन एवम् सुरक्षा निकायको दोष तिनीहरूको जिम्मेवारीको अनुपातमा मात्र रहेको भन्ने बुझिन आएको छ।

८. सुझाव

मलेठ घटनालाई एउटा विशेष घटनाको रूपमा लिन सकिन्छ किनभने त्यहाँ कुनै स्थानीय वा राष्ट्रिय विवादित बिषयमा एकतर्फी वा दुई पक्षीय जुलुस छैन। प्रदर्शनकारीहरूले राज्य वा सरकारसंग कुनै माग राखेको र त्यो पुरा नभएबाट जुलुस निस्केको पनि छैन। अर्थात् मधेशी मोर्चाको प्रदर्शन राज्य वा सरकारको बिरोधमा वा स्थानीय प्रशासनको बिरोधमा वा नेपाल सरकारले नेपालको कुनै भागमा कुनै कारवाही गरेको वा कुनै नीति वा कार्यक्रमको बिरोधमा छैन। त्यो प्रदर्शन शुद्ध र स्पस्ट रूपले एउटा राजनैतिक दल बिरूद्धको प्रदर्शन मात्र हो। यसकारण पनि यस घटनाको बिशेष महत्व छ। यसबाट शिक्षा लिएर भविष्यमा यस्तो घटना हुन नदिनेतर्फ सरकार, स्थानीय प्रशासन र सम्बद्ध राजनैतिक दलहरू पुर्ण रूपले प्रतिवद्ध हुनु जरूरी छ। दुई राजनैतिक पक्ष बिच व्यर्थको शक्ति प्रदर्शन बाट कहिले क्षतिपूर्ति नहुने गरी ५ जनाको जीवन गएको छ भने अनेक सर्वसाधारण जनता र सुरक्षाकर्मी घाइते भएका छन्। यसर्थ माथि बिभिन्न उपशिर्षक अन्तर्गत विवेचना र बिश्लेषण गरिएबाट यस समितिले भविष्यमा त्यस्तो घटनाको पुनरावृत्ति रोक्नका लागि बिभिन्न निकायका लागि निम्न अनुसारको सुझाव दिने निर्णय गरेको छ।

१. नेपाल सरकारका लागि

**१.१ स्थानीय प्रशासन ऐन, २०२८ मा परिमार्जन :** यस समिति संगको कुराकानीमा हामीले राजनैतिक दललाई कुनै खास दिन वा स्थानमा सभा गर्न बाट रोक्न मिल्दैन सो व्यहोराको सुझाव, सल्लाह सम्म दिने हो नमानेमा सुरक्षाको प्रवन्ध गर्नैपर्ने हुन्छ भन्ने समेत प्रमुख जिल्ला अधिकारीबाट बिचार व्यक्त भएको देखिन्छ।

स्थानीय प्रशासन ऐन, २०२८ हेर्दा कुनै राजनैतिक दलले भविष्यमा गर्ने भनिएको कुनै सभा, जुलूस वा शैली नगर्नु भनी निषेध गर्न सक्ने स्पस्ट अधिकार स्थानीय प्रशासनलाई प्रदान गरेको देखिदैन। अपितु भईरहेको त्यस्तो प्रदर्शनबाट शान्ति सुरक्षामा खलल पर्न नदिनेतर्फ कारवाही गर्नुपर्ने सम्म देखिन्छ। यसर्थ स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा (१) मा खण्ड (१ ख) थप गरी “कुनै राजनैतिक दलले कुनै खास दिन र स्थानमा आयोजना गर्न लागेको सभा, जुलुश वा र्याली वा अन्य कार्यक्रमबाट शान्ति सुरक्षा, व्यबस्था र सामाजिक वा साम्प्रदायीक सद्भावमा गंभीर असर पर्ने देखिएमा जिल्ला सुरक्षा समितिको सल्लाहमा प्रमुख जिल्ला अधिकारी आफैले त्यस्तो सभा, जुलुश, र्याली वा अन्य कार्यक्रम गर्न बाट लिखित आदेश जारी गरी रोक्न सक्नेछ। त्यस्तो आदेशको जानकारी कम्तीमा २४ घण्टा अगावै सम्बन्धित राजनैतिक दल, क्षेत्रिय प्रशासन कार्यालय र गृह मन्त्रालयलाई दिनु पर्नेछ ” भन्ने स्पष्ट कानूनी व्यवस्था गर्न गराउन नेपाल सरकारले तत्काल पहल गर्नु जरूरी देखिन्छ। १.२ घाइतेको श्रेणी विभाजन गरी आवश्यक राहत उपलब्ध गराउने: अहिलेसम्म सुरक्षा कारवाहीबाट वा अन्य कारण बाट मृत्यु भएको आश्रित वा परिवारलाई मात्र क्षतिपूर्ति वा राहत दिने प्रचलन रहेको पाइन्छ। तर प्रहरी कारवाहीको क्रममा घाइते भएकालाई सामान्यतया सरकारी अस्पतालबाट तत्काल नि:शुल्क औषधी उपचार गराउने बाहेक अरू कुनै राहत वा क्षतिपूर्ति दिने गरिएको छैन। यसर्थ अब आईन्दा सुरक्षा कारवाहीमा घाइते भएकाहरूलाई निम्नानुसार चार श्रेणीमा बिभाजन गरी निम्नानुसारको क्षतिपूर्ति वा राहत दिनेतर्फ नेपाल सरकारले तत्काल पहल गर्नुपर्ने देखिन्छ।

औचित्य

सप्तरीको मलेठ घटनाका पीडित घाइते हरूसंग सोधपुछ गर्ने क्रममा दुई जनाको बाहिरी घाउ निको भएको देखिएपनि अहिलेसम्म बन्दुकको गोली शरीर भित्रै रहेको पाईएको छ। तिनीहरू शारिरीक र मानसीक रूपले ठीकसंग आफ्नो पेशा व्यवसाय गर्न सक्दैनन्। साथै केही पीडित घाइतेको हात वा खुट्टामा गोलीको घाउ लागी अझैपनि निको हुने पर्खाइमा छन्। तिनीहरूको जीविकोपार्जन गर्न रोजगारी वा व्यबसायमा गम्भीर असर पुगेको छ। त्यसकारण सबै घाइतेलाई घाउको प्रकृती अनुसार बर्गीकरण गरी उपचार गर्नु एवम् उपचार खर्च दिनुको अतिरिक्त ती सबैलाई न्युनतम क्षतिपूर्ति दिने तर्फ तत्काल नीति निर्माण हुनु एकदम आवश्यक छ। यसको लागि नेपाल सरकारले तत्काल कारवाही अघि बढाउनु जरूरी छ।

**१.३. जीवीकोपार्जन तथा परिपूरणको व्यवस्था:** मलेठ घटनाजस्तो घटनामा मृतकको आश्रित वा परिवारलाई एकमुष्ठ क्षतिपूर्ति वा राहत दिएर पुग्ने अवस्था छैन। मृत्यु भएकाको आश्रित वा पूरै परिवारको जीवीकोपार्जनको श्रोत नै समाप्त भएको हुन्छ। तिनीहरूमा जीवनभरी मानसिक तनाव र जीवीकोपार्जनको समस्या देखिन आएको छ। तसर्थ एकमुष्ठ क्षतिपूर्ति बाहेक पनि अन्य जीविकोपार्जनको पर्याप्त श्रोत नभएका मृतकको आश्रित वा परिवारको एकजना सदस्यलाई रोजगारीको व्यवस्था गर्नु मानवीय र मानव अधिकारको रक्षागर्ने दृष्टिकोणले आवश्यक देखिन्छ। यसतर्फ पनि नेपाल सरकाले पहल गर्नु जरूरी छ।

**२. स्थानीय प्रशासन र सुरक्षा निकायका लागि**

भनिन्छ “उपचार गर्नु भन्दा रोग लाग्न नदिनु नै उत्तम (Prevention is better than cure)" हो। यो शारिरीक वा मानसिक रोगको सम्बन्धमा मात्र लागू हुने मान्यता होइन। अपितु जीवनको अनेक पक्ष र राज्य संचालनको अनेक चरणमा पनि लागू हुने मान्यता हो। सुरक्षा निकाय र स्थानीय प्रशासनले राम्रोसँग मलेठ घटनाको व्यवस्थापन र त्यसको संभावित परिणामको समयमा नै पूर्वानुमान गर्न सकेको भए त्यस्तो क्षति हुनेगरी घटना हुने थिएन। सुरक्षा निकाय र स्थानीय प्रशासनले सामाजिक सदभाव, शान्ति सुरक्षा र व्यवस्था कायम गरी राख्नुपर्ने आफ्नो प्रमुख दायित्व भएको बुझ्नु पर्दछ। यस सन्दर्भमा सानो ठूलो राजनैतिक दल वा व्यक्तिसँग मोल–मालाहिजा वा सौदावाजी गर्न मिल्ने हुँदैन। कुनै समूह वा राजनैतिक दलले संविधान वा कानूनको आड लिएर शान्ति र सुरक्षा भंग गर्न पाउने होइन। त्यस कारण भोली हुन गई रहेको कुनै कार्यक्रमको जानकारी मात्र प्रशासन र सुरक्षा निकायले राख्ने होइन। अपितु आफ्नो श्रोत, साधन र जनशक्तिको अधिकतम परिचालनबाट सो कार्यक्रमको प्रकृती र परिणामको सही पूर्वानुमान लगाउन सक्नु पर्दछ। सामाजिक शान्ति, सुरक्षा र साम्प्रदायिक सदभाव माथि गम्भीर असर पर्ने देखिएमा त्यस्तो कार्यक्रम कुनै हालतमा पनि हुन दिनु हुँदैन। पहिले नै रोक्नु पर्दछ।

२.१. स्थानीय निकाय र सुरक्षाकर्मीले एकै दिन एकै साथ हुने दुई विरोधी वा प्रतिष्पर्धी राजनैतिक दल वा समूहलाई एकै स्थानमा कुनै कार्यक्रम कुनै हालतमा पनि गर्न दिनु हुँदैन। यसतर्फ सुरक्षा निकाय र स्थानीय प्रशासन सँधै सजग रहनु पर्दछ। कुनै एक राजनैतिक दलको सभाको सुरक्षाका लागि असिमित वा हजारौंको संख्यामा सुरक्षा बलको परिचालन गर्नुपर्ने बाध्यता वा निरिहताको स्थितीबाट माथि उठ्नु पर्दछ। आफ्नो जिल्लाको र जिल्लावासीको सुरक्षाको रणनीतिक योजना बनाउनु पर्दछ। साथै राजैतिक दलहरूले गर्ने कार्यक्रमहरूमा सुरक्षार्थ खटाइने सुरक्षाकर्मीको संख्या र प्रयोग हुन सक्ने हतियार र उपकरण समेतको मापदण्ड बनाउनेतर्फ पनि पहल गर्नु आवश्यक छ।

२.२. धेरै घटनाहरू हेर्दा बल प्रयोग गर्दा आवश्यक परे घुँडा मुनि गोली हान्ने कानूनी व्यवस्था भएपनि व्यवहारमा त्यसको पालन भएको पाईंदैन। त्यसकारण यसतर्फ बढी सजग हुनु आवश्यक छ।

२.३. घटनाको र त्यसको परिणामको एवम् घटनाको सुरक्षार्थ प्रयोग भएको बन्दूक ९ँष्चभ बचक० को सही विवरण युक्त प्रतिवेदन पनि प्राय: दिने गरिएको पाईंदैन। मलेठ घटनाको सन्दर्भमा हेर्दा जम्मा १५ राउण्ड फायर भएको र त्यसमा पनि १० राउण्ड हवाई फायर र ५ राउण्ड ताकेर फायर भएको भनिएको छ। तर ५ जना मानिस बुलेट प्रहारबाट मृत्यु र कयौं बुलेट प्रहारबाट घाइते भएका छन्। दुई जनाको जीउमा यद्यपी गोली मौजूद छ। त्यसकारण सशस्त्र प्रहरीको उक्त विवरण विश्वसनीय छैन। यसर्थ घटनाको र घटनामा प्रयोग भएका गोलीको वास्तविक विवरण सहितको लिखित प्रतिवेदन दिनु, राख्नु आवश्यक छ।

२.४. सुरक्षाकर्मीहरूको मनोवल उच्च राख्ने खालका कार्यक्रम सञ्चालन गर्न मनासिव देखिने साथै प्राविधिक उपकरणहरू चलाउने सुरक्षाकर्मीहरूको दक्षता बढाउनुका साथै भीड नियन्त्रणको क्रममा कम भन्दा कम क्षति पुर्याउने खालका हातहतियारको आपूर्तिमा विशेष ध्यान दिईनुपर्ने।

३. अस्पताल र चिकित्सकका लागि

प्रहरीको कारवाही वा सुरक्षा सम्बन्धी कारवाहीको क्रममा मारिएका वा घाइते भएकाहरूको चिकित्सकीय विवरण र अभिलेख पनि पूर्ण र उचित ढंगले राखिएको देखिदैन। उदाहरणको लागि मलेठ घटनामा मृत्यु भएको २५ बर्षिय सञ्जन मेहताको पोष्ट मार्टम प्रतिवेदनमा मृत्युको कारण बुलेट इन्जूरी लेखिए तापनि उनको टाउकोको गिदी बाहिर आएको भित्री भागका हड्डीहरू पनि कुच्चिएको देखिएकोले घाउको प्रकृतीसँग मृत्युको उल्लिखित कारण पूर्ण रूपले मेल खाँदैन। यसर्थ मृतकको पोष्ट मार्टम गर्दा सूक्ष्म ढंगले घाउको प्रकृतीको अध्ययन गरी मृत्युको कारण उल्लेख गर्नुका साथै घाइतेलाई लागेको चोटको प्रकृती पनि विस्तारमा खुलाउनु पर्दछ। निको हुने, नहुने, निको भएपनि कुनै अंगले पहिला जस्तो काम गर्न सक्ने वा नसक्ने वा आंशिक वा पूर्ण अंग भंग भएको भए सो समेत विस्तृत रूपले र बुझिने ढंगले घाउको वास्तविक प्रकृती चिकित्सकले खुलाउनु र खोलाउन लगाउनु पर्दछ। यसका साथै घाउको प्रकृतीबाट लाठी, ढुंगाले लागेको ९द्यगिलत क्ष्लवगचथ० हो वा बन्दूक ९ँष्चभ बचफ० बाट लागेको भए कस्तो किसिमको बन्दूकबाट लागेको हो, कति नजिक वा टाढाबाट लागेको हो सो समेत खुल्ने गरी मेडिकल प्रतिवेदन तयार गर्नु, गर्न लगाउनु पर्ने देखिन्छ। मेडिको लिगल जाँच प्रतिवेदन तयार गर्दा हालै संशोधित ढाँचाहरूको प्रयोग भएमा विस्तृत विवरण आउन सक्ने हुँदा सो तर्फ ध्यान दिन आवश्यक देखिन्छ।



सप्तरी जिल्लाको मलेठमा २०७३।११।२३ मा सुरक्षाकर्मीको गोली लागी ५ जना व्यक्तिहरुको मृत्यु भएको र कयौं व्यक्तिहरु घाइते भएको भन्ने घटनाको छानविन प्रतिवेदन

राष्ट्रिय मानव अधिकार आयोग

हरिहर भवन, ललितपुर

राष्ट्रिय मानव अधिकार आयोग

| घाइतेहरुको श्रेणी विभाजन तथा क्षतिपूर्ति राहत सम्बन्धि हुनुपर्ने व्यवस्था | | |
|---|---|---|
| घाइतेको श्रेणी | | क्षतिपूर्ति वा राहत |
| क | सामान्य घाइते | नि:शुल्क उपचार वा उपचारमा लागेको खर्चको शोध भर्ना |
| ख | गम्भीर घाइते | नि:शुल्क उपचार वा उपचार खर्चको अतिरिक्त क्षतिपूर्ति वापत एक लाख रुपैया |
| ग | आंशीक अङ्गभङ्ग हुनेगरी भएको घाइते | निशुल्क उपचार वा उपचार खर्चको अतिरिक्त क्षतिपूर्ति वापत दुई लाख रुपैया |
| घ | पूर्णरुपले अङ्गभङ्ग हुनेगरी भएको घाइते | नि:शुल्क उपचार वा उपचार खर्च बाहेक क्षतिपूर्ति वापत ५ लाख रुपैया |

४. राजनैतिक दलहरूका लागि

४.१. सर्वप्रथम आफ्नो राजनैतिक अधिकार प्रयोग गर्दा अरू दलको र आम जनमानसको अधिकार माथि आघात नहुने गरी प्रयोग गर्नु पर्दछ भन्ने सोच, मानसिकता र प्रतिवद्धता प्रत्येक राजनैतिक दल वा समूहमा हुनु आवश्यक छ। बहुदलीय प्रजातान्त्रिक व्यवस्था अन्तर्गत एक अर्काको अधिकारको सम्मान गर्नु पर्ने नै हुन्छ। राजनैतिक प्रतिष्पर्धा गर्ने हो तर प्रत्यक्ष मुठभेड वा द्विपक्षीय वा बहुपक्षीय भौतीक संघर्ष गर्नु प्रजातान्त्रिक सिद्धान्त र मान्यताको विपरीत हो। यस तथ्यलाई राजनैतिक अभ्यासमा अंगीकार गरेको भन्ने कुरा व्यवहारबाट देखिनु पर्दछ। साथै विचार अभिव्यक्त गर्दा एवम्कुनै कार्यक्रम गर्दा अर्काको अस्तित्व, सम्मान र प्रतिष्ठामा आँच वा आघात पुग्ने कृयाबाट पनि राजनैतिक दलले आफूलाई जोगाउनु र आत्म नियन्त्रण गर्नु पर्ने जरूरी देखिन्छ।

४.२. प्रत्येक राजनैतिक दलहरूको शान्तिपुर्ण रूपमा आफ्ना बिचार अभिव्यक्त गर्ने संबैधानिक स्वतन्त्रता भएतापनि शान्तिपूर्ण प्रदर्शनको नाउँमा मसाल जुलुश र लाठी जुलुश प्रदर्शनगर्ने कार्यका साथै प्रदर्शनमा बालबालीकाको प्रयोगलाई निरूत्साहित गर्नेतर्फ दलहरू प्रतिवद्ध हुनुपर्ने।

५. राष्ट्रिय मानव अधिकार आयोगका लागि

यस समितिले मलेठ घटनाको अध्ययन, छानविनबाट देखेको तथ्यको आधारमा राष्ट्रिय मानव अधिकार आयोगको लागि पनि देहाय बमोजिमका सुझाव दिने निर्णय गरेको छ। जुन्यसप्रकार छ:

५.१. कार्यवाहीको लागि लेखी पठाउनुपर्ने : मलेठ घटनामा २०७३।११।२३ गते मेधेशी मोर्चाका प्रदर्शनकारीहरू माथि त्यहाँ खटिएका सशस्त्र प्रहरी बलको सुरक्षाकर्मीका तर्फबाट गोली चलेको स्पष्ट भई सकेको छ। त्यस कारण जिल्ला सुरक्षा समितिको निर्णय र कानूनको विपरित धेरै जस्तो घुँडा माथि नै गोली प्रहार गरिएकोले सो सम्बन्धमा त्यहाँ खटिएका र गोली प्रहार गर्ने सशस्त्र प्रहरीका बिभिन्न दर्जाका कमाण्डरहरू र सशस्त्र तर्फका सम्पूर्ण सुरक्षा बललाई कमाण्ड गरी रहेका प्रहरी ९ लाई यसतर्फ सचेत गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाउनुपर्ने देखिन्छ।

५.२. निर्देशन दिनुपर्ने: यस प्रतिवेदनको सुझाव खण्डको दफा ३ मा अस्पताल र चिकित्सकका लागि दिइएको सुझाव अनुसार गर्नु गराउनु भनी देशका सबै सरकारी अस्पताललाई निर्देशन दिनु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाउनु पर्ने देखिन्छ।

५.३. यस प्रतिवेदनको सुझाव खण्डको दफा १ र २ मा उल्लिखित सुझावहरू कार्यान्वयनका लागि पनि राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयलाई लेखी पठाउनुपर्ने देखिन्छ।

५.४. राष्ट्रिय मानव अधिकार आयोग आफैंले गर्नुपर्ने :

(क) राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार सम्बन्धी आफ्नो अनुगमन प्रणालीलाई बढी विश्वसनीय र प्रभावकारी बनाउने प्रयोजनले एउटा छुट्टै कार्यदल बनाई उसले दिएको सल्लाह अनुसार समेत आफ्नो काम कारवाहीको प्रकृयालाई बढी सुदृढ र पारदर्शी बनाउनु आवश्यक देखिन्छ। यसबाट पटक पटक हुने राष्ट्रिय मानव अधिकार आयोगको मानवीय श्रोत एवम् सम्पत्ति माथिको आक्रमण र क्षतिबाट समेत आफूलाई जोगाउनु र आयोग एवम् आयोगको कार्यप्रति राज्य सञ्चालनका बिभिन्न निकाय एवम जनमानसमा सम्मान र सर्वस्विकार्यता अभिवृद्धि गर्नु जरूरी देखिन्छ।

(ख) आयोगले कम्तिमा ३ महीनामा १ पटक भएपनि संसदमा प्रतिनिधित्व गरेको राजनैतिक दलका शीर्ष नेतृत्व, केही सुरक्षा प्रमुख र प्रशासक एवम् केही मानव अधिकार सम्बन्धी विज्ञहरूलाई बोलाई एक दिने अन्तरकृयात्मक कार्यक्रम गर्दै राजनैतिक दलहरूमा एक अर्काको अधिकारको सम्मान गर्ने र सार्वजनिक सम्पत्ति माथि क्षति नपुर्याउने लगायत संविधानको धारा ४८ ले निर्धारित गरेको नागरिकको मौलीक कर्तव्यतर्फ सचेत एवम् जागरूक गराउन निरन्तर प्रयाश जारी राख्नु पर्ने आवश्यक देखिन्छ।

प्रतिवेदन प्रस्तुतकर्ताहरू

द. ताहिर अली अन्सारी (पूर्व न्यायाधीश) – संयोजक

द. डा. हरीहर वस्ती (फरेन्सीक विशेषज्ञ) – सदस्य

द. मञ्जु खतिवडा (मानव अधिकार अधिकृत) – सदस्य

द. जीवन न्यौपाने (मानव अधिकार अधिकृत) – सदस्य

समाप्त

*स्रोत : राष्ट्रिय मानव अधिकार आयोगको वेबसाइट*

# देशको बेथिति देख्दा...



धीरेन्द्र झा मैथिल

लोकतन्त्रबाट नेपाली जनताले आशा राखेका थिए। के-के नै होला भनेर मनमा सोचेका थिए। तर देशको हाल बेहाल देख्दा दुःख लाग्छ। नेपाली जनताले बच्चा जन्माउँदा कर लाग्ने भएको छ। जन्म दर्ता, मृत्यु दर्ता गराउँदा स्थानीय निकायमा कर तिर्नु परेको छ। नियमले २००-४०० भए पनि एउटा सानो कामको सिफारिस गराउनु पर्दा १० दिन लाग्दो रहेछ। आजैको आजै गर्नु पर्‍यो भने ५०००-२०००० तिर्नुस् सिफारिस गराएर ल्याइदिन्छु। भन्छन्, मातहतका कर्मचारी। जनताले यी यस्ता पीडा भोगिरहेका छन्।

युवाहरू बेरोजगार छन्। दिनका दिन विदेश जान बाध्य भएका छन्। मुलुक आज यूवाविहिन भएका छन्। बाटाघाटाहरू नियालेर हेर्नुस् यूवाहरू भेटिदैनन्। भेट्छन् उही जो व्यवसाय थापिसकेका छन्। विरामी अथवा अपांग हुन्। होनेहार यूवा जो देशका लागि चाहिएको छ। त्यो देश बाहिर पलायन भइसकेका छन् वा पलायन हुदैछन्। राज्यसँग यसको समाधान केही देखिएको छैन। यस विषयमा कुनै योजना छैन। हिमाल, पहाड र तराईमा जनताहरूको दुःख पीडा उस्तै उस्तै छन्। पहाडमा विकाश गर्न कठिन छ। लागत बढी लाग्छ भनेर विकाश माथि ढिलो भएको कुरा सरकारले स्पष्ट पार्छन् भने तराई-मधेशमा विकास गर्न सरकारले चाहेकै छैन। मधेशका जनताहरूप्रति भेदभावको भावनाबाट प्रेरित भई पन्छाउने गरिएको छ। मधेश क्षेत्रमा सडक बनिरहेको - पीचिङ भइरहेको सफातिर देखिन्छ भने त्यही पीच महिना नपुग्दै उप्किएको पाइन्छ। यसको जिम्मेवार को होला ? ऋणमा लिएको पैसा यसरी वर्वाद पारेको देख्दा नेपाली जनताको मुटु दुःखेको छ। एउटा बाटो निर्माण गर्न थालेको महिनौ बितिसक्दा टुङ्गो लगाउन सकेको देखिएनन्। रेखदेख गर्ने बाँडफाँड गरेर मौन बसेका छन्। यही हो लोकतन्त्र ? गाउँमा सिंहदरवार बनेको यही हो ? लोकतन्त्रको अपज यही हो ?

एउटा सानो मुलुकमा सात प्रदेश बनेको छ। एउटा प्रदेशका लागि चाहिएको जनसंख्या पुगेको छैन। एउटा प्रदेश चलाउन सरकारसँग हुती छैन। तर नाटकीय रूपमा यी यस्ता बेथितिहरू देशमा देखिएको छ। तलब, भत्ता गाडी, निवास, विदेश जाने खर्चको नाममा जनप्रतिनिधिहरू तथा दर्जनौ मन्त्रीहरू, सांसद्हरू केन्द्र र प्रदेशहरूमा राखिएको छ। गाइजात्रा हाम्रो देशमा देखिएको छ। धेरै मन्त्री र सांसद्हरू छन्। सरकारी रजाइमा तीनीहरू मस्त छन्। देशको विकास र जनताको गरीबीसँग उनीहरूको कुनै सम्बन्ध छैन। कमाइको पर्खाइमा मात्र तिनीहरू बसेका छन्। देशको बेथितिबाट हामी नियाल्ने हो ? जताबाट पनि हामी हेर्न सक्छौं। सवारी साधनमा चढ्दा जथाभावी भाडा माग्छन्, नदिए बेइज्जत गर्छन्। कताका लागि गाडीमा चढाएर माग्छन्, पैसा थुत्छन् र बाटैमा अलपत्र छोड्छन्। सरकारी निकायलाई गुनासो गर्दा उल्टै थुनिदिने भनेर गाली गर्छन्। जनतालाई कुनै सहयोग दिने पक्षमा सरकार छैन। विद्यालय र कलेजमा आफू खुसी मोटो रकम असुल्ने गरेका छन्। विभिन्न विषयमा विद्यार्थीसँग पैसा उठाउने गरेको स्पष्ट देख्दादेख्दै पनि जिम्मेवार निकाय बोल्दैनन्। तरकारी बजार जानुस् मनलागी भाउमा तरकारी फलफूल बेच्छन्। घटी जोख्छन्, बोल्यो भने गाली गर्छन्। प्रशासन हेरेर बस्छन्। लोकतन्त्र भनेको लुटतन्त्र हो। यसमा हरेकलाई लुट्ने, थुत्ने, ठग्ने, बेइज्जत गर्ने, हत्या गर्ने छुट रहेको छ। कानुनी कारवाही कसैलाई गरिदैन। धर्म-कर्म सबै बिग्रियो। जसले जे गर्दा भयो। नेपाल कृषि प्रधान देश भनेर किताबमा लेखिएको छ। यी कुरा अब सपनाझैं बन्न पुगेको छ। कृषिलाई सपार्ने व्यवस्था सरकारले गर्दैन। खेती योग्य जमिन र बारी सबै मल र सिचाइको व्यवस्थाको अभावले बाँझो बन्दैछ। सरकारलाई कुनै मतलब छैन। यसको मुख्य जड के हो भने देश रेमिटान्सको रकम र विदेशीले दिएको भीख वा ऋणको रकमबाट रजाई गर्न पल्केको छ। सरकारी निकायमा बसेका सबैले पैसा लुट्न बसेका छन्। गलत-बदमास र ठगलाई पालेर राखेका छन् सरकारले। तिनीहरू जताबाट भए पैसा सरकारी निकायलाई बुझाउँछन्। त्यसको वापत तिनलाई छुट दिइएको हुन्छ। हिन्दु राष्ट्र नेपाल भनेर नेपाल संसारभरि चिनिन्थ्यो। तर लोकतन्त्रका सरकारले यूरोपियन यूनियनबाट डलर खाएर देशलाई धर्म निरपेक्ष बनायो। देश र जनतालाई कौडीको भाउमा बेच्यो। जनता दुःख पीडाबाट छट्पट्याउँदै छन्। यता सरकार भने रजाइ गरेर बसेका छन्। लोकतन्त्रले उब्जाएका कुरा यिनै हुन्। आम नेपाली जनता पहाडको भए पनि मधेशको भएपनि दुःखी छन्। नेतृत्व गर्ने नेताले ठगे, झुक्याए र जालमा फसाए। सबै नेताहरू एकै टेबुलमा बस्छन्, चिया-वीयर सँगसँगै खान्छन् र जनतामाथि थुकेर बस्छन्। कहाँ गए मधेशी, थारू, जनजातिका मुद्दा ? जनताले के का लागि बलिदान दिएका थिए ? सबै कुरा अब थन्काइयो। ती कुरा र वाचाहरू अब तिनीहरूले बिर्से। यस अवस्थामा अब नेपाली जनताले के गर्ने त ? के यसै पिल्सिएर मर्ने हो ? जनप्रतिनिधिहरूको दम्भ सहेर बसिरहने हो ? यी प्रश्नहरू अब हाम्रो अगाडी छ। जनताका दुई विकल्प मात्र छन्। एक सरकारी निकायलाई एउटा समय दिएर सबै समस्या समाधान गर्ने अल्टिमेटम दिने। सुधार गर्छन् कि भनेर पर्खेर बस्नु पर्‍यो या त अर्को विकल्प सरकारी निकायमा बसेर जनप्रतिनिधि वा कर्मचारी सबैलाई लखेट्ने वातावरण बनाउनु पर्‍यो। यसका लागि एउटा संयन्त्र बनाउनु आवश्यक छ। हिन्दु राष्ट्रको नाममा एकजुट हुने वातावरण सजिलो छ। हिन्दु राष्ट्र पुनः घोषणा गर होइन भने यसको विरूद्धमा जनआन्दोलन नै गर्नुपर्दछ। हिन्दु राष्ट्र बनाउन नेपालमा बसोबास गर्ने मुस्लिम समुदायलाई पनि बेफाइदा छैन। यस विषयमा मुस्लिमहरू पनि एकजुट हुनु पर्दछ। हाम्रो खतरा भनेको इसाइ धर्म नै हो। यसको विरूद्ध हामी हिन्दु र मुस्लिम एकवद्ध हुनु पर्दछ। नेपालमा हिन्दुलाई मुस्लिम बनाएको वा मुस्लिमलाई हिन्दु बनाएको एउटा उदाहरण छैन तर पैसाको लोभमा इसाइ बन्ने धर्म परिवर्तन गर्ने धेरै छन्। त्यसैले हामी सरकारको विरूद्धमा हामी एकजुट भएर सडकमा उत्रिनु आवश्यक छ। जनआन्दोलनमा भिड्नु आवश्यक छ।

(लेखक : नेपाल लोकतान्त्रीक पार्टी उपाध्यक्ष)

## भारतमा संयुक्त सैनिक अभ्यास हुने

काठमाडौं। बहुपक्षीय प्रविधिक तथा आर्थिक सहकार्यका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) सदस्य राष्ट्रको संयुक्त सैनिक अभ्यास सेप्टेम्बर (भदौ वा असोज) मा हुने भएको छ। भारतको पुनामा सो सैनिक अभ्यास हुनेछ। त्यसका लागि भारतीय सैनिकले अन्तिम सहकार्य सम्मेलन पनि आयोजना गरेकोछ। नेपालमा आगामी १४ र १५ भदौमा बिमस्टेकको चौँथो शिखर सम्मेलन हुँदैछ। नेपालमा हुने शिखर सम्मेलनलगत्तै बिमस्टेक राष्ट्रका राष्ट्रिय सेनाले संयुक्त रूपमा सैनिक अभ्यास गर्न लागेका हुन्। भारतको साउदर्न कमान्डले आयोजना गर्ने सैनिक अभ्यासमा बिमस्टेक सदस्य राष्ट्रहरूको अर्ध शहरी क्षेत्रमा हुनसक्ने आतंकवाद र उग्रवादको विस्तार नियन्त्रणको विषयमा केन्द्रित हुने बताइएको छ। सो संयुक्त सैनिक अभ्यासमा बिमस्टेक राष्ट्रहरू नेपाल, भारत, बंगलादेश, भुटान, श्रीलंका, म्यानमार, थाइल्यान्डका सैनिकहरू सहभागी रहनेछन्।यो सैनिक अभ्यासले सदस्य देशहरूबीच आतंकवाद विरूद्धमा क्षेत्रीय सहकार्यलाई सस्थागत रूपमा विकास गर्ने, सहकार्यको सिर्जना र एकले अर्कोलाई बुझ्न सघाउन मिल्नेछ।

## ईपीजी प्रतिवेदन बुझाउन ढिलाइ

काठमाडौं। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको कार्यव्यस्तताका कारण प्रबुद्ध व्यक्ति समूह (ईपीजी) ले तयार पारेको प्रतिवेदन कहिले बुझाउने भन्ने टुंगो लाग्न सकेको छैन। असार १५ र १६ मा काठमाडौंमा बसेको ईपीजी बैठकले संयुक्त प्रतिवेदनलाई अन्तिम रूप दिएको थियो। दुवै मुलुकका प्रधानमन्त्रीलाई औपचारिक कार्यक्रमबीच हस्तान्तरण गर्ने तय भएको थियो। पहिले भारतीय प्रधानमन्त्री र त्यसपछि काठमाडौंमा प्रधानमन्त्री केपी ओलीलाई संयुक्त रूपमा प्रतिवेदन बुझाउने सहमति छ। दुई देशबीचका सन् १९५० को शान्ति तथा मैत्री सन्धिलगायत सम्झौता पुनरावलोकनका लागि सुझाव दिन बनेको ईपीजीको दुईवर्षे समयावधि असार २० मा सकिएको थियो। ईपीजीका भारतीय पक्ष संयोजक भगतसिंह कोसियारीले पनि प्रतिवेदन बुझाउन प्रधानमन्त्री मोदीलाई पर्खिएको बताए। अगस्ट दोस्रो सातासम्म प्रतिवेदन बुझाइसक्ने उनको भनाइ छ।

## युवाहरूलाई एकत्रित हुन गठबन्धनको अपिल



काठमाडौं। मधेशका युवाशक्तिलाई एकत्रित भई नेतृत्वदायी भूमिका निर्वाह गर्न स्वतन्त्र मधेश गठबन्धनले अपिल गरेको छ। मधेशको हकअधिकार, सम्मान र पहिचानका लागि राजनीति गर्ने शीर्ष नेतृत्वहरू महाफेलको अवस्थामा विभिन्न पेशामा सामेल यूवाहरू आआफ्नो स्वार्थको त्याग गरि एकजुट भई मधेशको पहिचान, मधेशीको बलिदानी, आन्दोलन र मधेश विद्रोहको कदर गरि मधेशी शहीदहरूको सपना साकार पार्न मधेशलाई सहि मार्ग प्रशस्त गर्न गठबन्धनले अपिलसहित अनुरोध गरेको हो। 'जुनसुकै पार्टी, समूह र सरकारी गैरसरकारी संघ संस्थाहरूमा कार्यरत भएपनि आआफ्नो स्थानबाट मधेशको पूर्ण स्वतन्त्रता र पहिचानको निम्ति बहस, छलफल गरौं र मधेशलाई अस्तित्व र पहिचानका लागि अघि बढौं। मनलाई फराकिलो बनाई,पार्टी, जात धर्मलाई थाती राखी मधेशको अन्न र पानीको ऋण चुक्ता गर्ने समय आइसकेको छ।' गठबन्धनका प्रवक्ता अब्दुल खानले अपील गरेका छन्। खानले अपीलमा भनेका छन्, 'हामीले विश्वास गरेका शिर्ष नेतृत्वहरू जति गर्नुथियो गर्नुभयो अब उहांहरू विभिन्न बहानामा लिप्त भई उहाहरूले लिएको माग उहाँहरूलाई नै गलत लाग्न थाल्यो, आफूमा नै एक अर्कामा आरोप प्रत्यारोप लगाउने अवस्थामा मधेशी जन्तालाई यूवा नेतृत्वको अवश्यकता हुनेभएकोले सत्य, न्याय र अहिंसात्मक बाटो रोजि अघि बढौ।' मधेशको अन्तर्राष्ट्रिय अस्तित्व र पहिचान हुने स्थायी समाधान खोज्नुपर्ने भन्दै प्रवक्ता खानले सामान्य अधिकारका लागि पटक पटक रगतको खोला बगाउन नपरोस् ततपश्चात मात्र मधेशको युग परिवर्तन भई समृद्धि, उन्नतीमा प्रवेश पाउँछ, अपील गरिएको छ।



स्थानीय सम्वाद

# डोम र मुसहरका लागि विशेष योजना ल्याउँदैछौं



सलमा खातुन

उपमेयर, पोखरिया नगरपालिका, पर्सा

**○ पोखरिया नगरपालिकामा अहिले के कस्ता विकास निर्माणका कार्यहरू भइरहेका छन् ?**

– यस नगरपालिकामा हामीले खासगरी सडक र नालालाई विशेष प्राथमिकता दिएका छौं। यो नगरपालिका ग्रामीण क्षेत्र भित्र पर्छ र यहाँको सबभन्दा ठूलो समस्या बाटोघाटोकै रहेको छ। बाटोघाटोकै अभावका कारण यो नगरपालिकाको जति विकास हुनुपर्ने हो, त्यसरी हुन पाएको छैन। तसर्थ हामीले पहिलो प्राथमिकता नाला र सडकलाई दिएका छौं। यसैगरी, विद्यालयका पूर्वाधार र स्वास्थ्य क्षेत्रमा बढी ध्यान दिएका छौं।

**○ गत आर्थिक वर्षको बजेट कति खर्च भयो त ?**

–गत आर्थिक वर्षको बजेटमा हामीले करिब ८५ प्रतिशतभन्दा बढी बजेट खर्च गर्न पायौं। केही मात्र बजेट खर्च हुन पाएन। जसमा हामीले शिक्षा क्षेत्रमा बढी लगानी गर्‍यौं। छात्रवृत्तिदेखि लिएर भौतिक निर्माणमा बजेट खर्च गर्‍यौं। समाजमा पिछडिएका वर्गहरूका लागि विभिन्न तालिम, स्वास्थ्यचौकी र अस्पतालमा विभिन्न उपकरणलगायतका व्यवस्था गर्‍यौं। ज्येष्ठ नागरिकहरूका लागि सबै किसिमका सेवा सुविधाहरू निःशुल्क गर्‍यौं। स्थानीय सरकारको जिम्मेवारी स्वास्थ्य र शिक्षाका सबै कुरा आइसकेका छन्।

**○ तपाइँहरूले सोचेजस्तो काम गर्न सक्नुभएको छ ?**

– ठ्याक्कै सोचेजस्तो एक वर्षमै उपलब्धि देखिएको छैन तर यहाँका जनता खुशी छन्। किनभने दुई दशकभन्दा बढी समयदेखि स्थानीय तह सरकारविहीनताको अवस्थामा थियो। त्यसहिसावले यहाँ धेरै गर्नुपर्ने रहेको छ। तर अब विस्तारै मुहार फेरिन थालिएको छ जसले गर्दा स्थानीय जनता खुशी र हर्षित देखिएका छन्।

**○ स्थानीय तहका जनप्रतिनिधिहरू आएदेखि जनताले स्थानीय सरकारको महसुस कति गर्न पाएका छन् त ?**

– जनप्रतिनिधि आइसकेपछि स्थानीय जनतालाई निकै नै सहज भएको छ। जुन धारणा लिएर अगाडि बढिएको छ कि गाउँ-गाउँमा सिंहदरबार अथवा आफ्नो सरकार आफ्नो ठाउँमा भन्ने कुरा विस्तारै जनताले महसुस गर्न थालेका छन्।

**○ भनेपछि, सिंहदरबार गाउँ-गाउँमा जनताले महसुस गर्न पाएका छन् ?**

– केही हदसम्म महसुस गरेका छन् तर पूर्णरूपमा छैन। किनभने हामी निर्वाचित भएर आएको धेरै समय पनि भएको छैन। एक वर्षमै हामीले सबै कुरा गरिसक्यौं भन्ने दाबी पनि गर्दैनौं। तर, हामीले अहिलेसम्म गरेका पहलहरू सकारात्मक छन् र जनताले पनि त्यसलाई सहज ढंगले स्वीकार गरेका छन्। जनताले गुनासोभन्दा पनि राम्रो काम गर्नका लागि प्रोत्साहन गर्दैछन्। केही हदसम्म हामीले काम गरेर देखाइसकेका छौं भने हामी सही बाटोमा गइरहेका छौं भन्ने लागेको छ।

**○ तपाइँ यसअघि सञ्चारकर्मी हुनुहुन्थ्यो, तर अहिले जनप्रतिनिधिको रूपमा निर्वाचित भएर आइसकेपछि कति जिम्मेवारी महसुस भएको छ ?**

– एउटा जनप्रतिनिधिको रूपमा काम गर्न मलाई गाह्रो जस्तो लागेको छ। सञ्चारकर्मीको रूपमा प्रश्न गर्नु केही हदसम्म सजिलो हुँदो रहेछ तर त्यो ठाउँमा पुगिसकेर जवाफदेहितालाई अँगालेर काम गर्नु निकै गाह्रो रहेको छ। किनभने सबैको चित्त बुझाउनुपर्ने हुन्छ र आफूले गरेको निर्णयले कस्तो असर पर्छ भन्ने कुराको पनि ध्यान दिनुपर्छ।

**○ स्थानीय तहमा केकस्ता बेथितिहरू देख्नुहुन्छ ?**

– मेलै देखेअनुसार पहिलो कुरा शिक्षाको अभाव छ तर सुधार हुने क्रममा छ। यसैगरी जनचेतनाको पनि अभाव छ। जसमा सामाजिक जनचेतना छ र राजनीतिक जनचेतनाको पनि कमी छ। युवावर्ग जुन बाटोमा जानुपर्ने हो मलाई चित्त बुझेको छैन। हाम्रो गाउँ ठाउँको भविष्य कस्तो हुने हो त्यसको निर्धारण युवाले गर्ने हो। तर, त्यो माहौल नपाएको जस्तो लागिरहेको छ। यस्तै, अन्य जुन सामाजिक कुरितिहरू छन् त्यो त यथावत् नै छन्।

**○ सामाजिक कुरिति विरूद्धमा के कस्ता योजना बनाउनु भएको छ ?**

– तराई-मधेशमा देखिएका कुरितिका विरूद्धमा हामी लागेका छौं। जस्तै, बालिका शिक्षालाई हामीले जोड दिएका छौं। बीमाका कार्यक्रम ल्याएका छौं, जसअन्तर्गत शैक्षिक बीमा रहेको छ। बालिकाहरूले आधारभूत तहको शिक्षा प्राप्त गरेर २० वर्षपछि मात्र बिहे गर्दा ती रकम उपलब्ध गराउने खालका प्रावधानहरू रहेका छन्। जसले गर्दा बाल विवाह र दाइजो प्रथालगायत विभिन्न कुरितिलाई कम गर्न सक्छौं। आम जनताको बीचमा पनि यस्ता कार्यक्रमहरू निकै लोकप्रिय भएका छन्। लोकप्रियताका कारण अन्य स्थानीय तहले पनि ती कार्यक्रम अपनाइरहेका छन्।

**○ जसरी प्रदेश सरकारले 'बेटी बचाउ, बेटी पढाउ' अभियान ल्याएको छ, यसमा प्रदेश सरकारसँग कसरी सहकार्य हुँदैछ त ?**

– हामी निर्वाचित भएर आएदेखि नै 'बालिका स्वर्णिम योजना' लागू गर्‍यौं। जसअन्तर्गत बालिका जन्मेपछि ३५ दिनभित्र निःशुल्क जन्मदर्ता गराएर उनका अभिभावकले हामीसँग सम्पर्क गरेपछि ती बालिकाको नामबाट १० हजारको बीमा गर्छौं। त्यो बीमाको रकम ती बालिकाले २० वर्षपछि प्राप्त गर्छिन्। तर, त्यसका शर्तहरू के निर्धारण गरिएको छ भने उनले न्यूनतम् आधारभूत तहको शिक्षा प्राप्त गरेको हुनुपर्छ र त्यो उमेरसम्म उनले बिहे गरेको हुनुहुँदैन। यसले गर्दा हमीले कुरितिलाई अन्त्य गर्न एकै ठाउँमा एउटा प्याकेज बनायौं। त्यसलगत्तै हाम्रो मुख्यमन्त्रीको बेटी बचाउ बेटी पढाउ योजना आयो यसले हामीलाई पनि धेरै ठूलो बल मिल्यो। हाम्रो कार्यक्रमले मुख्यमन्त्रीको कार्यक्रमलाई पक्कै पनि सहयोग गर्छ भन्ने विश्वस्त छौं।

**○ चालू आर्थिक वर्षको बजेटमा के के प्राथमिकतामा राख्नुभएको छ ?**

– अहिले हाम्रो नगरसभा भइसकेको छैन, आगामी ३१ गते तोकिएको छ। तर योजना निर्माणमा लागेका छौं। तैपनि हामीले मुख्यतया शिक्षा र स्वास्थ्य क्षेत्रलाई एकदमै महत्व दिएका छौं। सँगसँगै कृषिलाई पनि त्यतिकै महत्व दिएका छौं। किनभने यहाँका अधिकांश जनता कृषिमा नै आधारित रहेका छन्। त्यसैले हामीले यी तीन वटा कुरालाई विशेष ध्यान दिइरहेका छौं। यसैगरी, महिलाको आर्थिक सशक्तीकरण र युवाहरूका लागि आयआर्जन गर्ने खालका कार्यक्रम ल्याउने योजनामा छौं। यस्तै, नगरपालिकालाई बालमैत्री बनाउने योजना पनि छ। खासगरी अतिपिछडिएका डोम र मुसहर समुदायका लागि हामी विशेष योजना लिएर आउँदैछौं।

## कपिलवस्तुबाट हज यात्राका लागि प्रस्थान

मणि प्रसाद गैह्रे, कपिलवस्तु। जिल्लाका १० वटा निकायबाट १९३ जना सय हजयात्री हज यात्रा प्रस्थान गरेका हुन्। साउदी अरबमा धार्मिक यात्राका लागि कपिलवस्तुबाट हज यात्राका लागि प्रस्थान गरेका छन्। कपिलवस्तुबाट सबैभन्दा बढी हजयात्री छन्। अघिल्लो बर्ष १ सय ७९ जना गएका थिए। सदरमुकाम तौहिलवा, पकडी, चन्द्रौटा, कृष्णनगरबाट अरब जानका लागि उनीहरू काठमाडौं लागेका छन्। हजयात्रीलाई बिदाई गर्नका लागि उनीहरूको आफन्त तथा गाँउलेहरूका ठूलो भीड लागेको थियो।

## कार्यालय पुनः स्थापना गर्नु पर्ने माग

राकेश यादव, रौतहट। रौतहटको सदरमुकाम गौरबाट संघीयता लागु हुनु भन्दा पहिला हटाइएको सरकारी कार्यालय पुनः स्थापना गर्नु पर्ने आवाज उठ्न थालेका छन्। मुलुक सघीयता गइसकेको र राज्य पुनर्संरचनाअन्तर्गत स्थानीय तहको गठन भइसकेको अवस्थामा जनताले सहज रूपमा सेवा पाउने गरी विभिन्न स्थानीय तहमा शाखा विस्तार समेत भई सकेकोले गौरबाट चन्द्रनिगाहपुरमा स्थापना गरिएको कार्यालयको मुख्य कार्यालय गौरमा हुनु पर्ने स्थानीयहरूले माग गरेका छन्। गौरमा रहेको जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय, मालपोत कार्यालय संघीयताको मर्मअनुसार चन्द्रनिगाहपुर, मौलापुर, गरूडामा सेवा विस्तारको क्रममा कार्यालय स्थापना भइसकेको छ।

## विश्व परिवेश

# निर्वाचनपछि पाकिस्तानमा विचित्र गतिविधिहरू

पाकिस्तानमा गत साता सम्पन्न निर्वाचनपछि विचित्रका गतिविधिहरू देखिनथालेका छन् । अन्तर्राष्ट्रिय समाचार समितिका पछिल्ला र ताजा समाचार विवरणहरू अनुसार पाकिस्तानका विभिन्न राजनीतिक दलले फेरि निर्वाचनको माग गर्दै तथा शुक्रबारबाट आन्दोलनको घोषणा गरेका छन् । गत जुलाई २५ मा देशभरि भएको निर्वाचनको परिणाम पूर्वक्रिकेट खेलाडी इमरान खानको पार्टी तेहरीक-ए-इन्साफले ११४ स्थान जितेको घोषणा भएपछि उनीहरूले आन्दोलनका घोषणा गरेका हुन् । आन्दोलनरत पार्टीले फेरि निर्वाचन गर्न माग गर्दै प्रदर्शन थालेको बताइएको छ । वर्तमान सत्तारूढ दल पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन) सहितका दलले आन्दोलन घोषणा गरेका हुन् । पिएमएल एनका वरिष्ठ नेता शाहबुज शरिफले आन्दोलनप्रति आफ्नो समर्थन रहेको जानकारी दिनुभएको छ । प्रतिद्वन्द्वी ती पार्टीले चुनावमा धाँधली भएको ठहर गर्दै पुन: आन्दोलन गर्ने घोषणा गरेका हुन् । तेस्रो स्थानमा बिलावल भुट्टो जर्दारीको पाकिस्तान पिपुल्सर पार्टी रहेको छ, जसले ३९ सिट जितेको छ । बिलावल पूर्वप्रधानमन्त्री बेनजिर भुट्टोका छोरा हुन् । यद्यपी पिपिपिले भने गत शुक्रबार भएको प्रतिद्वन्द्वी पार्टीहरूको भेलामा सहभागिता जनाएन । मतगणनाको परिणामअनुसार पूर्वक्रिकेटर इमरान खानको पार्टी तेहरीक-ए-इन्साफले ११४ स्थान जितेको छ । यद्यपि, खानको पार्टीले सरकार गठनको लागि आवश्यक १३७ स्थान प्राप्त गर्न सकेन । पाकिस्तान चुनाव आयोगले आम निर्वाचनको नतिजा गत शुक्रबार मात्र घोषणा गरेको थियो । जसअनुसार प्रमुख तीन दल तेहरिक-ए-इन्साफले ११४, पूर्वप्रधानमन्त्री नवाज शरीफको पार्टी पाकिस्तान मुस्लिम लिगले ६३ र पाकिस्तान पिपुल्स पार्टीले ३९ स्थान जितेको देखिएको छ । सरकार गठनका लागि आवश्यक बहुमत (१३७स्थान) प्राप्त नगरेका कारण इमरान खानले अन्य साना दलसँग गठबन्धन निर्माण गर्नुपर्ने परिस्थिति उत्पन्न भएको छ । अर्कातिर यसै महिना भ्रष्टाचार आरोपमा पक्राउ परेका पाकिस्तानी पूर्वप्रधानमन्त्री नवाज शरीफ जेलभित्र बिरामी पर्नु भएको छ । शरीफ र उहाँकी छोरीलाई भ्रष्टचार मुद्दा हेर्ने पाकिस्तानी एक अदालतले क्रमश: १० र सात महिनाका लागि जेल सजाय तोकिदिएपछि यही जुलाई १३ गते पक्राउ गरिएको थियो । आफूलाई लक्षित गरी पाकिस्तानी शक्तिशाली सुरक्षा समूहबाट खतरा रहेको बताउनुहुने शरीफले आफ्नो दल पाकिस्तानी मुस्लिम लिग नवाज (पिएमएल-एन) गत अघिल्लो साता बुधबार भएको निर्वाचनमा प्रसिद्ध पूर्व क्रिकेट खेलाडी इमरान खानको पाकिस्तान तेहरिक-ए-इन्साफसँग पराजित बनेपछि आफ्नो राजनीतिक जीवनलाई जोगाउन संघर्ष गरिरहनु परेको छ ।

शरीफलाई भ्रष्टचार आरोप लागेपछि उहाँले प्रधानमन्त्रीका रूपमा काम गर्न अयोग्य रहेको पाकिस्तानी अदालतले राय दिएको थियो । पछि उहाँ पार्टीको अध्यक्षबाट पनि हट्नु भएको थियो । उहाँको अनुपस्थितिमा उहाँकै सहोदर भाई शहवाजले पिएमएल-एनको प्रमुखका रूपमा जिम्मेवारी सम्हाल्दै आउनुभएको छ । पिएमएल-एनका नेता शहवाजले हालैको निर्वाचनमा धाँधली भएको भन्दै अन्य दलले झैं निर्वाचन परिणामप्रति असन्तुष्टि जनाउदै आउनुभएको छ । उनीहरूले निर्वाचनमा भएको धाँधलीको विरोधमा आन्दोलन गर्ने पनि बताउँदै आएका छन् । अर्कातिर पाकिस्तानको केन्द्रिय संसदमा १६ वर्षपछि पहिलो गैरमुस्लिम सदस्य निर्वाचित भएका छन् । पाकिस्तान पिपुल्स पार्टी (पीपीपी) का महेस मलानी पाकिस्तानको इतिहासमा संसद्को तल्लो सदनको सांसद् बन्ने पहिलो हिन्दु व्यक्ति बन्नुभएको छ । पाकिस्तानी निर्वाचन आयोगलाई उद्धत गर्दै पाकिस्तानी पत्रिका डनले मलानीले सिन्ध प्रान्तको एनए-२२२ ( थारपारक -दोस्रो) बाट निर्वाचन लडी एक लाख छ हजार ६३० मत ल्याई संसद्मा प्रतिनिधित्व गर्नुभएको उल्लेख गरेको छ भने उहाँका निकटतम प्रतिद्वन्द्वि ग्रान्ड डेमोक्रेटिक गठबन्धनका अर्वाव जाकुल्लाहले ७ हजार २५१ मत प्राप्त गर्नुभएको छ ।

मलानी खाद्यन्नका लागि सिन्ध सभाका स्थायी समिति प्रम्ख हुनुहुन्छ । पाकिस्तानी पूर्व राष्ट्रपति प्रवेज मुशर्रफले सन् २००२ मा गैरमुसलमान समुदायबाट मतदान तथा निर्वाचन लड्न पाउने कानुनी व्यवस्थाको सुनिश्चितता गर्नुभएको थियो । जस अनुसार पाकिस्तानी अल्पसंख्यक समुदायले पनि केन्द्रीय, प्रान्तीय सभा तथा पाकिस्तानी सिनेटमा निर्वाचित हुनपाउने प्रावधान बनेको थियो । यस पहिले त गत मार्चमा पीपीपीकै कृष्ण कुमारी थरपारकरबाट सिनेट सदस्यमा निर्वाचित बन्ने पहिलो महिला हुनुभएको थियो ।

संसद्को तल्लो सदनका २७२ स्थानका लागि गरिएको निर्वाचनमा कतिपय दलले धाँधलीको संज्ञा दिएका छन् र उनीहरूको अर्को निष्पक्ष र स्वतन्त्र निर्वाचनको माग पनि गरेका छन् । निर्वाचनको पूर्वसन्ध्यामा पूर्वप्रधानमन्त्री नवाज शरिफलाई भ्रष्टचारको आरोपमा १० वर्षको जेल सजाय सुनाइएको छ । उहाँ हाल जेलमा हुनुहुन्छ । उहाँसँगै उहाँकी छोरी पनि सोही आरोपमा जेलपर्नु भएको छ । उहाँ प्रधानमन्त्री छँदा गरेको भ्रष्टचारको आरोपमा अदालतले लामो अनुसन्धान पछि उहाँलाई १० वर्षको जेल सजाय सुनाइएको थियो । त्यस्तै अर्को दल पिपीपी पनि भ्रष्टचारबाट अछुतो छैन । सन् २००८ को अमनिर्वाचनको प्रचार प्रसारकाक्रममा उक्त दलको अध्यक्षसमेत रहेकी बेनिजर भुट्टोको हत्या भएको थियो । तर चुनावमा उहाँको दलले बहुमत ल्यायो । उहाँका श्रीमान् असिफ अलीजर्दारी राष्ट्रपति बन्नुभयो । अहाँमाथि पनि भ्रष्टचारको आरोप लाग्यो । अदालतले तत्कालिन प्रधानमन्त्रीलाई राष्ट्रपतिमाथि कारवाहीको आदेश दियो । तर प्रधानमन्त्रीले यस्तो कारवाही गर्ग सक्ने कुरा थिएन । त्यसपछि अदालतले प्रधानमन्त्रीलाई नै कारवाही गर्‍यो । पछि उहाँपनि पदमुक्त हुनुभयो । राष्ट्रपतिबाट निस्किएपछि जर्दारी माथि भ्रष्टचारको कारवाहिगर्ने भनियो । यसरी इतिहास बोकेका यी दुई दल भ्रष्टचारको दलदलमा फसेपछि पाकिस्तानमा नयाँ राजनीतिक शक्तिको विकल्प नागरिकले खोजेका थिए ।

कतिपय विश्लेषकहरूका अनुसार राजनीतिमा भ्रष्टचार यहाँ नियमितताजस्तै भएको छ । हुनत शरिफले आफूलाई पाकिस्तानको सेनाले फसाएको बताउनुभएको थियो । त्यस्तै जर्दारीको त्यतिबेलाको अभिव्यक्ति पनि त्यस्त नै थियो । पाकिस्तानमा सेनाको प्रभावलाई कम आँक्न सकिदैन । त्यसैले यी नेताको आरोपलाई होइन भन्न सकिँदैन । तर अहिलेका लागि भने यहाँको प्रजातान्त्रिक धारका दुई ठूला र पुराना दलको नेतृत्वलाई यहाँको नागरिकले भ्रष्टचारको आरोपमा फलेका हुन् भन्ने कतिपयको विचार छ । त्यसो त यो पछिल्लो आम निर्वाचनमा भ्रष्टचार एक संयोग र सुनियोजित नै बन्न पुगेको छ । किनभने यसपटकको निर्वाचनमा पहिलो दल बन्न सफल पाकिस्तान तेहरिक एसान, पिटीआईले शरिफका विरूद्धमा भ्रष्टचारको मुद्दा दर्ता गराएको थियो । त्यसै मुद्दाबाट शरिफ जेल जानुभएको छ भने इमरान खानको दल सबै भन्दा ठूलो भई सत्तारोहणको तयारी गर्दैछ । त्यसैले कतिपयले यसलाई संयोगभन्दा बढी सुनियोजित भनेका छन् ।

पाकिस्तान अघिल्ला दशकमा सेना र आतंकवादको छायाँमा पर्ने गरेको थियो भने अहिले आएर भने अवस्था फेरिएको छ । अहिले त्यहाँको राजनीति भ्रष्टचारका कारणले अर्को रूपमा देखिएको छ । त्यसका कारण पनि त्यहाँको राजनीतिमा नयाँ शक्तिको उदय भएको मानिएको छ । अघिल्लो बुधबारको निर्वाचनले यो अवस्था स्पष्टरूपमा नै देखाएको छ । अनि त्यहाँको शक्तिशाली सेनाले पनि यस्तै वैकल्पिक शक्तिलाई आड दिएको पाइएको छ । सेनाले खुलेरै यो वास्तविकता नबोले पनि इमरान खानको दल पिटीआइले सबै भन्दा धेरै स्थान ११४ मा जित हासिल गरेको छ । यसरी हेर्दा पाकिस्तानी नागरिकले पनि भ्रष्टचारको दलदलबाट माथि उठेर यहाँ एक नयाँ र वैकल्पिक शक्तिलाई रोजेका छन् । यस निर्वाचनले स्थापित गर्न खोजेको इमरान खानको दलले यहाँका परम्परागत र पुरानो विरासत भएका दललाई स्थापित गरेको देखिन्छ र एक सशक्त वैकल्पिक शक्तिको नेतृत्व पनि गरेको देखिन्छ ।

हुनत यस निर्वाचनमा धाँधली भएको विपक्षी दलले बताएका छन् । मुस्लिम लिग र पिपीपीले सेनाले निर्वाचनमा धाँधली गरेको भन्दै अर्को निर्वाचनको माग गरेका छन् । तर आफैले सरकार गठन गर्न सक्ने सुविधाजनक बहुमत नपाए पनि पाकिस्तानमा क्रिकेटका पूर्वकप्तान खानले भने अर्को दलसँग मिलेर सरकार बनाउने तयारी गर्नुभएको छ । चुनाव जितेमा भ्रष्टचारको अन्त्य गर्ने, आतंकवादको अन्त्य गर्ने र भारतसँगको सम्बन्ध विस्तार गर्ने एजेण्डा छन् खानका । त्यसैले यी एजेण्डाको कार्यान्वयनमा उहाँले कसरी सफलता प्राप्त गर्नुहुनेछ भन्नेबारेमा पाकिस्तान लगायत विश्वभर नै चर्चा पनि शुरू भएको छ । पछिल्लो राजनीतिक जोड घटनालाई हेर्दा पाकिस्तानले अब राजनीतिक कोल्टे फेर्नै लागेको होकी ? भन्ने भान हुन्छ ।

*–देशप्रेमबाट*

# पाकिस्तानमा इमरानको उदय

पूर्वक्रिकेटर तथा पाकिस्तान तहरिक-ए-इन्साफ (पीटिआई) पार्टीका अध्यक्ष इमरान खान पाकिस्तानका १९ औं प्रधानमन्त्री बन्दैछन् । २५ जुलाईमा सम्पन्न त्यहाँको संसद् 'नेशनल एसेम्बली'को निर्वाचनमा उनको पार्टीले सबैभन्दा बढी स्थान हासिल गरेपछि उनी प्रधानमन्त्री बन्ने लगभग निश्चित भएको हो । इमरान खानको दल पीटीआईले निर्वाचनमा २७० स्थानमध्ये ११६ स्थानमा विजय प्राप्त गरी पहिलो दल बनेको छ । सरकार गठनको लागि उसलाई थप २० सांसद्को समर्थन आवश्यक पर्छ । स्मरणीय छ, पाकिस्तानको नेशनल एसेम्वलीमा कुल ३४२ सदस्य रहन्छन्, जसमध्ये २७२ प्रत्यक्ष निर्वाचित हुन्छन् । बहुमतका लागि कम्तीमा १३७ सिटमा विजय प्राप्त गर्नुपर्छ । यस निर्वाचनमा २ निर्वाचन क्षेत्रमा मतदान भएन । यसैले १३६ स्थान पुऱ्याएमा बहुमत पुग्छ ।

इमरानले नवाज शरीफको पिएमएल-एन र बिलावल भुट्टोको पीपीपीलाई 'भ्रष्ट' भन्दै ती दलको समर्थन नलिने बताएका छन् । यसबाट उनले निर्दलीय र साना दलको सहयोग लिई गठबन्धन सरकार गठन गर्न सक्ने देखिन्छ । यसका लागि उनले संवादसमेत थालिसकेका छन् । निर्दलीयसँग १३ सिट छ । दुई नवगठित दल जिडीए र बीएपीले इमरान खानलाई समर्थन गर्ने संकेत दिएका छन् । उनीहरूसँग २ र ४ सीट छ । आवश्यक समर्थन जुटाएपछि इमरान खानले पाकिस्तानको स्वतन्त्रता दिवस अर्थात् अगस्त १४ अघि नै प्रधानमन्त्री पदको सपथ लिने सम्भावना छ । पाकिस्तानको संविधानमा राष्ट्रपतिले नेशनल एसेम्वलीको पहिलो बैठक निर्वाचन सम्पन्न भएको २१ दिनभित्र आह्वान गर्नुपर्ने व्यवस्था छ । पाकिस्तान मुस्लिम लीग (नवाज) समेतका दलहरूको २७ जुलाईमा बसेको बैठकले निर्वाचन परिणामलाई अस्वीकार गर्ने बताएको छ । बैठकमा सहभागी दलहरूले पुन:पारदर्शी निर्वाचनको माग गरेका छन् । उनीहरूले मुलुकभरी विरोध प्रदर्शनको घोषणा पनि गरेका छन् । यस बैठकमा यसपटकको निर्वाचनमा सहभागी भई नराम्ररी पराजित भएका दलहरूको सहभागिता थियो भने पाकिस्तान पिपुल्स पार्टी र मुताहिदा कौमी मुभमेन्ट भने यसमा भाग लिएनन् । असन्तुष्ट दलहरूले मतगणनाको तरिका तथा परिणाम घोषणामा गरिएको ढिलाईप्रति समेत असन्तुष्ट छन् । यस सन्दर्भमा आगामी केही दिन पाकिस्तानको राजनीतिका लागि महत्वपूर्ण हुने र धेरै स्थानमा विजय प्राप्त गरेको दलका विरूद्ध एक हुने स्थिति आएमा त्यसले राजनीतिक अस्थिरता उत्पन्न गर्ने अनुमान गरिएको छ ।

गजब के छ भने सन् १९९६ मा पार्टी गठन गरी राजनीतिमा प्रवेश नगरेसम्म इमरानले मुलुकमा भएका कुनै पनि निर्वाचनमा मतदान गरेका थिएनन् । राजनीतिमा आएपछि उनले जनरल परवेज मुसर्रफ आसिफ अलि जरदारी जस्ता सत्ताधारी नेता र तिनका अमेरिकी तथा बेलायती निकट विदेश नीतिको विरोध तथा प्रदर्शन गराउन थाले । सन् १९९६ मा पार्टी गठन गरेर त्यसका अध्यक्ष बनेका उनी यस्तै गतिविधिका कारण पाकिस्तानको राष्ट्रिय नेताको पहिचान बनाउन सफल भए । सन् २००२ मा उनले पहिलो पटक नेशनल एसेम्बलीको निर्वाचनमा प्रतिस्पर्धा गरे । सन् २००७ सम्म प्रतिपक्षमा रहे । २०१३ मा उनी पुन: संसदमा पुगे । त्यतिखेर उनको पार्टी पाकिस्तानको दोस्रो ठूलो दल बनेको थियो । इमरानले यसपाली तेस्रोपटक चुनावी प्रतिस्पर्धा गरेका हुन् । इमरान खानले १३ वर्षको उमेरदेखि नै क्रिकेट खेल्न थालेका थिए । पहिले उनी आफ्नो कलेजका लागि खेल्थे । १८ वर्षको उमेरमा पहिलोपटक पाकिस्तानी टिमका तर्फबाट सन् १९७१ मा वर्मिङ्घमको इग्लिस सिरीजमा खेलेका थिए । अक्सफोर्डबाट स्नातकको योग्यता हासिल गरेपछि इमरान खान सन् १९७६ मा पाकिस्तानको राष्ट्रिय टीममा सामेल भए । उनको क्रिकेट यात्रा सन् १९९२ सम्म रह्यो । उनी सन् १९८२ देखि लगातार १० वर्षसम्म कप्तान रहे । सन् १९९२ मा उनकै नेतृत्वमा पाकिस्तानले पहिलो पटक विश्वकप क्रिकेटमा विजय हासिल गऱ्यो । क्रिकेट खेलबाट सन्यास लिएपछि सन् १९९४ मा उनले आफ्नी आमा को सम्झनामा २ करोड ५ लाख डलरको लगानीमा लाहौरमा एक क्यान्सर अस्पतार स्थापना गरे । त्यसपछि सन् २०१५ मा पेशावरमा दोस्रो अस्पताल बनाए । इमरान खानले ३ विवाह गरेका छन् । पहिलो विवाह सन् १९९५ मा ब्रिटिस नागरिक जेमिमा गोल्डस्मिथसँग गरे । उनीसँगको सम्बन्ध २००४ मा विच्छेद भयो । यस पछि सन् २०१५ मा उनले टेलिभिजन कार्यक्रम प्रस्तोता रेहम खानसँग दोस्रो विवाह गरे । तर यो विवाह केवल १० महिना टिक्यो । तेस्रो विवाह यसै वर्ष बुशरासँग गरेका हुन् । इमरान खान विभिन्न विवादमा पर्दै आएका छन् । उनी सबै भन्दा बढी लागू औषधसँग जोडिएका विवादित भएका छन् । उनका टीमको खेलाडीहरूले नै यो कुरा खुलाएका हुन् । सन् १९८७ मा पाकिस्तानका वरिष्ठ खेलाडी कासिम उमरले इमरान लागू औषधको प्रयोग गर्छन भन्ने कुरा खोलेका थिए । यतीमात्र होइन, उनका टिमका अन्य खेलाडी पनि लागू औषध प्रयोग गर्ने बताइएको थियो । यसको अनुसन्धान भएपछि यत्तिकै छाडिएको थियो । कुनै कारवाही गरिएको थिएन । कुनै कुनै खेलाडीले इमरानलाई 'अय्याशी' को आरोप लगाउने गरेका छन् । उनी महिलासँगको सम्बन्धका कारण पनि विवादित छन् । उनकी दोस्रो पत्नीले नै उनी माथि पाँच अवैध सन्तान भएको आरोप लगाएकी छन् । सन् १९९० को दशकमा पाकिस्तान क्रिकेटका कतिपय खेलाडीले इमरानलाई जिद्दी र खराब आचरण भएको व्यक्ति ठान्थे । पूर्वप्रधानमन्त्री शरिफको पद खोसिनुदेखि उनलाई कैद सजाय हुनुसम्ममा इमरानको निकै ठूलो भूमिका छ । सन् २०१३ मा सम्पन्न निर्वाचन पछि उनले भ्रष्टचार विरोधी आन्दोलन चलाए, जसले शरिफलाई पद छोड्न बाध्य बनायो । इमरानले अघिल्लो निर्वाचनमा नवाज शरीफमाथि धाँधलीको आरोप लगाएका थिए । प्रधानमन्त्रीको पदमा आसिन हुँदा इमरान कुनै मुलुकको सर्वोच्च पदमा पुग्ने तेस्रो व्यक्ति हुनेछन् । यसअघि फुटबल खेलाडी जर्ज बी लाइवेरिया र पूर्व बक्सर इदी अमीन युगान्डाका राष्ट्रपति बनिसकेका छन् । जर्ज बी यसै वर्ष जनवरी २२ मा लाइबेरियाका २५ औं राष्ट्रपतिका रूपमा चुनिएका हुन् । उनी विभिन्न क्लबबाट फुटबल खेल्थे । इदी अमीन चाहिँ सन् १९५१ देखि १९६० सम्म लाइट हेभिवेट वक्सिङ च्याम्पियन थिए । इदी अमीन सन् १९६२ मा युगान्डाको सेनामा प्रवेश गरेका थिए । यसअघि उनी ब्रिटिस आर्मीमा थिए । सन् १९७१ मा युगान्डाको तेस्रो राष्ट्रपतिको रूपमा सत्तासीन भई उनले सन् १९७९ सम्म शासन गरे ।

यसपटकको निर्वाचनमा इमरान खान 'न्यू पाकिस्तान' को नाराका साथ चुनावी मैदानमा उत्रिएका थिए । इमरानले पाकिस्तानका जनतालाई भ्रष्टचारबाट मुक्ति दिलाउने विश्वास दिलाएका छन् । सम्पन्न निर्वाचनको जनादेशलाई पूर्व पूधानमन्त्री नवअज शरीफले 'चोरीको जनादेश' भनेका छन् । उनले परिणाम संदिग्ध रहेको र यसले देशको राजनीतिलाई दूषित गर्ने बताएका छन् । आडियाला जेलमा कैद गरिएका पीएमएल-एनका पूर्व प्रमुख शरीफले फैसलावाद, लाहौर र रावलपिण्डीका चुनाव परिणाममाथि आशंका व्यक्त गरेका हुन् । अवैध सम्पत्ति आर्जन मुद्दामा दोषी ठहरिएका उनी निर्वाचन अभियानपूर्व स्वदेश फर्कदा विमानस्थलबाटै छोरीसहित पक्राउ गरी जेल पठाइएको थियो । उनले ती क्षेत्रमा आफ्नो दलका उम्मेदवारहरूको स्थिति राम्रो भएपनि तिनलाई पराजित घोषणा गरिएको र खैबर पख्तूनख्वा प्रान्तमा पूर्ववर्ती सरकारका कामकाज खराब भएपनि इमरान खानको पार्टीका उम्मेदवारलाई विजयी गराइएको प्रति असन्तुष्टि जनाएका छन् । पाकिस्तानमा कुनै पनि प्रधानमन्त्रीले पूरा कार्यकाल शासन गर्न पाएका छैनन् । कहिले सेना र कहिले अदालतले उनीहरूलाई पदमुक्त गरेको छ । वंशवाद र भ्रष्टचार त्यहाँको समस्या हो । यसपटक भिन्न चरित्र बोकेका इमरान खानले आफूलाई अगाडी ल्याउन सफल भएका छन् तर उनको पछाडि सेना रहेको र केही कट्टरपन्थीहरूको समेत उनी प्रति समर्थन रहेको छ । क्रिकेटबाट राजनीतिमा प्रवेश गरेका इमरान पाकिस्तानी सेनाको निकट मानिन्छन् । पाकिस्तानी समाजलाई सञ्चालन गर्न यिनै दुईको प्रमुख भूमिका रहेको मानिन्छ । चुनाव प्रचारका क्रममा इमरानले सेना विरूद्ध एक शब्द पनि नबोलेका बरू पूर्वप्रधानमन्त्री नवाज शरीफमाथि सेनालाई कमजोर बनाएको आरोप लगाएका थिए । यसले पनि इमरान सेनाको नजिक रहेको अनुमान गर्न सकिन्छ । भनिन्छ सम्पन्न निर्वाचनमा त्यहाँको सेनाले उनलाई पूरा सहयोग गऱ्यो । उता दक्षिण एसिया मामला विशेषज्ञ तथा अमेरिकी गुप्तचर संस्था सीआईएका पूर्व विश्लेषक ब्रुस रिडेलले इमरान सत्तामा आउनु विश्वको सबैभन्दा खतरनाक देश अझ खतरनाक हुनु हो भन्ने प्रतिक्रिया दिएका छन् । उनले इमरान सबैभन्दा ठूला अमेरिका विरोधी दक्षिण एसियाली नेता भएको पनि बताएका छन् । तर उनले गठबन्धन सरकार टिकाउ हुनेमा भने आशंका गरेका छन् ।

## जनकपुर-जयनगर रेलको परीक्षण



काठमाडौं । जनकपुर-जयनगरमा सञ्चालन गरिने रेलको सफल परीक्षण गरिएको छ । विगत ४ वर्षदेखि पूर्णरूपमा बन्द रहेको देशको एकमात्र रेल सेवा पुन: सञ्चालनमा ल्याउने उद्देश्यले भारतीय पक्षले परीक्षण गरेको हो । भारतीय पक्षले नेपाल भू-खण्डको जयनगर रेलवे स्टेशनबाट खजुरीसम्म साढे आठ किलोमिटर लामो इन्जिन र बोगीसहित परीक्षण गरेको हो । जयनगरबाट खजुरीसम्म इन्जिनसहित ५३ वटा बोगी गिट्टी ( ब्लास्ट) बोकेर खजुरी स्टेशनसम्म पुगेको थियो । उक्त रेलले आवश्यक स्थानमा ब्लास्ट ओछ्याउने काम गर्नुका साथै सहज रूपमा आवत-जावत गरेको छ । भारत सरकारको सात अर्ब रूपैयाँको सहयोगमा जनकपुर हुँदै जयनगर-कुर्था ब्रोडगेज रेलसेवा निर्माण अन्तिम चरणमा पुगेको छ ।

## नेपाल जोड्ने पहिलो सडक निर्माण हुँदै

काठमाडौं । भारतको सिक्किम सरकारले पश्चिम सिक्किममा रहेको सुन्दर उत्तरी भेगका गाउँलाई नेपालको सिमानामा रहेको चिवा भञ्ज्याङसँग जोड्न सडक निर्माण गर्न थालेको छ । नेपाल सिक्किमबीचको प्रवेशविन्दु चिवा भञ्ज्याङ समुद्र सतहदेखि १० हजार ५०० फिटको उचाइमा छ । उक्त सडकले सिक्किमको पर्यटन र व्यापारमा टेवा पुऱ्याउनाका साथै सिक्किम र नेपाल जोड्ने पहिलो स्तरीय सडक सम्पर्क हुने बताइएको छ । सय किमीसम्म सिमाना जोडिएको नेपाल र सिक्किमबीच हालसम्म कुनै गुणस्तरीय सडक सम्पर्क छैन । उत्तरी-चिवा भञ्ज्याङ मार्ग १८ किलोमिटर लामो हुनेछ । सिक्किम सडक तथा पुल विभागले २५ करोड भारू विनियोजन गरेको सो सडक आगामी माघसम्म निर्माण भइसक्ने आशा गरिएको छ । सिक्किमका शहरी विकास र आवास विभागमन्त्री एनके सुब्बाले सो सडक धेरै पहिले बनिसक्नुपर्नेमा वातावरणीय अनुमतिमा भएको ढिलाइले निर्माण ढिलो भएको बताए ।

## नेपालगञ्जमा हरियाली अभियान

नेपालगञ्ज । नेपालगञ्ज नेपालको सबैभन्दा बढी गर्मी हुने शहरका रूपमा परिचित छ । पछिल्लो समय विकास निर्माणको संरचना विस्तार हुने क्रमसँगै नेपालगञ्जमा दिन प्रतिदिन बढ्दो तापक्रम सन्तुलन गर्न र वातावरण स्वच्छ बनाउन हरियाली अभियान थालिएको छ । आउँदो चार वर्षभित्र नेपालगञ्जलाई हरियाली शहरका रूपमा विकास गरिने अभियानको उद्देश्य छ । "सामाजिक संस्थाको सहयोग र सहकार्यमा नगरका टोलटोलका सडक किनारमा रूख रोप्न थालेका छौं," नगर प्रमुख डा धवलशम्शेर राणा भन्छन् । नगरलाई हरियाली बनाउन थुप्रै चुनौती छन् । अधिकांश साँघुरा बस्तीमा रूख रोप्ने ठाउँ बाँकी नराखी बनाइएका सडक र नालाका कारण अभियानले सोचेजस्तो परिणाम दिन सक्ला जस्तो देखिँदैन । "त्यसको कुनै विकल्प खोज्छौं, ठूलो रूखको सट्टा ससाना बोटबिरूवा त्यस्ता बस्तीमा लगाइने छ"- नगर प्रमुख राणाको कथन छ ।

## जिल्ला समाचार

### रौतहटमा पनि स्तनपान दिवस मनाइयो

राकेश यादव, रौतहट । स्तनपान जीवनको आधार मूल नाराको साथ २६औं विश्व स्तनपान दिवस सप्ताहव्यापी कार्यक्रम गौर नगरपालिकामा सम्पन्न भएको छ । स्तनपान सबै बालबालिकाको नैसर्गिक अधिकार हो भन्ने मूल मंत्रका साथ श्रावण १६ गतेदेखि २२ गतेसम्म विभिन किसिमको कार्यक्रम गरी मनाइएको नगरपालिकाको स्वास्थ्य संयोजक कपलेश्वर वर्माले बताएका छन् । नगरपालिकाको ९ वटै वडा, जिल्ला अस्पताल, स्वास्थ्य संस्था, हाट बाजार तथा मेला लाग्ने ठाउँमा विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना समेत गरिएको स्वास्थ्यकर्मी दिनबन्धु यादवले बताएका छन् । गर्भवती महिलाहरूलाई स्तनपानबारे जानकारी समेत गराइएको थियो ।

### तीन विधेयक सर्वसम्मतिले पारित

बुटवल । प्रदेश नं ५ मा प्रदेशसभाको बैठकले तीन विधेयक सर्व-सम्मतिले पारित गरेको छ । मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा र अन्य शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको प्रतिवेदन सहितको विधेयक, प्रदेश नं ५ अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन २०७५ संशोधन गर्न बनेको विधेयक र प्रदेश नं ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियासम्बन्धी ऐन २०७५ संशोधन गर्न बनेको विधेयक सभामुख पूर्णबहादुर घर्तीले निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतिले पारित भएको घोषणा गरेका थिए । यसअघि तीन वटै विधेयक प्रदेश नं ५ का आन्तरिक मामिला तथा कानूनमन्त्री कूलप्रसाद केसीले पारित गरियोस् भन्ने प्रस्ताव प्रदेशसभामा पेश गरेका थिए ।

### दश करोड ६३ लाख राजश्व संकलन

विराटनगर । जिल्ला वन कार्यालय मोरङले आर्थिक वर्ष २०७४/७५ मा रू १० करोड ६३ लाख ३२ हजार राजश्व संकलन गरेको छ । गत आवमा कार्यालयले वन पैदावार (सरकारी र साझेदारी)बाट रू नौ करोड ३४ लाख २२ हजार, दाउरा बिकक्रीबाट रू १६ लाख ५७ हजार, जडीबुटीबाट रू एक लाख ९१ हजार, सामुदायिक वनबाट रू ६४ लाख ६ हजार, न्यायिक दस्तुरबाट रू १० लाख ३३ हजार, बेरूजु असुलिबाट रू २८ लाख २२५ हजार र प्रशासनिक सेवाबाट रू सात लाख ९५ हजार राजश्व संकलन गरेको जिल्ला वन अधिकृत डा विनोद देवकोटाले जानकारी दिए । आव २०७३/७४ मा कार्यालयले रू सात करोड ५० लाख राजश्व संकलन गरेको थियो । सामुदायिक वनबाट तीन लाख ३४ हजार, साझेदारी वनबाट एक लाख ९३ हजार, सरकारी वनबाट ४४ हजार ९९० तथा निजी वनबाट दुई लाख ११ हजार क्युफिट काठ उत्पादन भएको छ । वनबाट उत्पादित काठ उपभोक्तालाई यसवर्ष पनि वन पैदावार आपूर्ति समितिमार्फत वितरण गर्ने तयारी भइरहेको छ । वन पैदावार आपूर्ति समितिले ५५० उपभोक्तालाई गतवर्ष ३४ हजार क्युफिट काठ वितरण गरेको थियो ।

### गाउँपालिकाको नाम हेरफेर गर्न सिफारिश

धनगढी । डोटी जिल्लाको बोगटान गाउँपालिकाको नाम हेरफेर गरी 'बोगटान फुडसिल' नाम राख्न सिफारिश गर्ने निर्णय प्रदेश सरकारले गरेको छ । प्रदेश नं ७ को मन्त्रिपरिषद्को आज बसेको बैठकले गाउँसभा र स्थानीय बासिन्दाको मागबमोजिम डोटीको बोगटान गाउँपालिकाको नाम हेरफेर गरी 'बोगटान फुडसिल' गाउँपालिका राख्नका लागि संघीय सरकारसमक्ष सिफारिश गर्ने निर्णय भएको बैठकपछि प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानूनमन्त्री प्रकाशबहादुर शाहले जानकारी दिए । मन्त्री शाहका अनुसार बैठकले कैलाली जिल्लाको दक्षिणी क्षेत्रको कैलारी गाउँपालिकाको वडा नं ४ मा पर्ने नवलपुर गाउँलाई वडा नं १ मा समावेश गर्न, डोटीको आर्दश गाउँपालिकाको वडा नं ४ मा पर्ने पातल गाउँलाई वडा नं ५ मा समावेश गर्न तथा डडेल्धुराको भागेश्वर गाउँपालिकाको केन्द्र वडा नं ४ को गुवाडी टप्वामा सार्न संघीय सरकारसमक्ष सिफारिश गरी पठाउने निर्णयसमेत गरेको छ ।

### वाणिज्य सङ्घको राष्ट्रिय भेला सम्पन्न

पर्सा । उद्योग व्यापारका क्षेत्रमा देखिएका समस्या समाधानका लागि २३ बुँदे सुझावसहितको घोषणापत्र जारी गर्दै वीरगञ्जमा आयोजित जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य सङ्घको राष्ट्रिय भेला सम्पन्न भएको छ । नेपाल उद्योग वाणिज्य महासङ्घको आयोजनामा मङ्गलबार सम्पन्न भेलाबाट पारित घोषणापत्रलाई बुधबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्दै नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष किशोरकुमार प्रधानले कर प्रणालीमा भएका समस्याका बारेमा जानकारी गराए । उनले स्थानीय एवं प्रदेशबाट लागू गरिएका करका दरहरू अत्यधिक भएको, अध्ययनबिना कर लागू गरिएको, करमा दोहोरोपन भएको, एकीकृत सम्पत्ति कर, र घरबहाल करमा समस्या रहेको जानकारी दिए ।

### सशस्त्र प्रहरीद्वारा अवैध सामान बरामद

दिनेश ठाकुर, नेपालगन्ज । सशस्त्र प्रहरी बल नेपाल गण हेडक्वाटर ३० नं गण महेन्द्रनगर बाँकेले आइतबार भन्सार छलि भित्राएको अवैध सामान बरामद गरेको जनाएको छ । गणले धोती, लेडिज सूट, लेंहगा तथा दालमोट र पस्ता जस्ता किरानाका सामान बरामद गरी नेपालगन्ज भन्सार कार्यालयमा बुझाएको जनाएको छ । गणबाट खटिएको मोबाइल गस्ती टोलीले नेपालगन्ज १४ बालेगाउँबाट अन्दाजी ७ हजार बराबरको सामान बरामद गरेको सशस्त्र प्रहरी उपरीक्षक भेष बहादुर शाहले जानकारी दिए । गणबाट खटिएको मोबाईल पट्रोल टोलीले नेपालगन्ज १४ बालेगाँउ नजिकै सडक छेउमा बेवारिसे अवस्थामा रहेको मनि ब्याग फेला पारेको गणले जनाएको छ ।

### फरार भएका सहकारीका सञ्चालक पक्राउ

विराटनगर । बचतकर्ताको रकम हिनामिना गरी फरार भएका सहकारीका एक जना सञ्चालक पक्राउ परेका छन् । विराटनगर महानगरपालिका-९ बाटारोडमा रहेको प्राइम बचत तथा ऋण सहकारी लिमिटेडको रू दुई करोड भन्दाबढी रकम अपचलन गरी लामो समयदेखि फरार मुख्य सञ्चालक एवं सहकारीका सचिव ईश्वर श्रेष्ठ पोखरामा पक्राउ परेको जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक(डिएसपी) निशान थापाले जानकारी दिए । उक्त सहकारीका १३८ जना बचतकर्ताले रू दुई करोड २८ लाख बिगो माग गर्दै जिल्ला प्रहरी कार्यालय मोरङमा निवेदन दिएको प्रवक्ता थापाले बताए । उक्त सहकारीमा एक जना बचतकर्ता रू १० लाखसम्म रकम जम्मा गरेका छन् ।

### हत्या अभियोगमा पक्राउ

धनुषा । जनकपुर उपमहानगरपालिका-१९ श्रीपुर बस्ने ५० बर्षीय रामबृक्ष यादवको चक्कु प्रहार गरी हत्या गरेको अभियोगमा सोहि ठाउँ बस्ने ५० बर्षीय अरूणकुमार यादव र उनका ३० बर्षीय छोरा अतिसुन्दर यादवलाई आइतबार प्रहरीले पक्राउ गरेको छ । अरूणकुमार र अतिसुन्दरले रामबृक्ष र उनको छोरा २८ बर्षीय राम सोगारथ यादवलाई ट्युबेल पानीको बिषयलाई लिएर झगडा हुँदा चक्कु प्रहार गरेका थिए । चक्कु प्रहारबाट गम्भीर घाइते भएका रामबृक्षको उपचारको क्रममा अंचल अस्पताल जनकपुरमा मृत्यु भएको हो । राम सोगारथको सोही अस्पतालमा उपचार भइरहेको छ ।

### भोजपुरी टाइम्सले मनायो वार्षिकोत्सव

वीरगंज । प्रदेश २ का प्रदेशसभा सदस्य अब्दुल रहिम अंसारी (मञ्जुर)ले पहिचान र संघीयताका लागि भएको ऐतिहासिक मधेश आन्दोलनमा यहाँका सञ्चारकर्मीहरूको महत्वपूर्ण भूमिका रहेको बताएका छन् । मध्य तराईको वीरगंजबाट प्रकाशित हुँदै आएको भोजपुरी टाइम्स दैनिक पत्रिकाको चौथो वार्षिकोत्सव समारोहको उद्घाटन गर्दै प्रमुख अतिथि मंजुर अंसारीले अन्य प्रदेशको तुलनामा दुई नम्बर प्रदेशको आफ्नै विशिष्टता रहेको भएपनि यस प्रदेशलाई अगाडि बढ्न नदिन पुरातन खसवादी सोंच भएका कर्मचारीहरू लागि रहेकोले त्यसलाई चिर्दै प्रदेशको आर्थिक सामाजिक र सांस्कृतिक विकासका लागि सञ्चारकर्मीहरूको भूमिका अझ पेचिलो हुनु पर्ने उल्लेख गरे ।

### खोलामा डुबेर एक महिलाको मृत्यु

रौतहट । रौतहट जिल्लाको ईशनाथ नगरपालिका वड़ा नम्बर ९ डुमरिया स्थित रहेको सखुवा खोलामा बुधबार दिउँसो डुबेर एक विबाहित महिलाको मृत्यु भएको छ । बाख्रा चराउन गएको स्थानीय कैमुदिन धुनियाको बिवाहित छोरी १९ वर्षीय हसिना खातुनको पानीमा डुबेर मृत्यु भएको हो । बाख्रा चराउन गएको खातून खोलामा हात मुख धुने क्रममा अचानक चिप्लिन गई डुबि बेपता भएको खबर प्राप्त हुनासाथ स्थानीय मानिसहरू र जिप्रकाबाट प्रहरी निरिक्षक मनोज कुमार यादवको कमाण्डमा ११ जना समेतको टोली खटि खोत तलास गर्दा १:४५ बजेको समयमा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घटनाको सम्बन्धमा अनुसन्धान कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

### श्रीमतीको हत्यापछि सन्तानको बिचल्ली

बाँके । एक वर्षअघि श्रीमतीको हत्या गरी इलाका प्रहरी कार्यालयमा आत्मसमर्पण गरेका मोहम्मद अस्ताव बेडुवाका सन्तानको बिचल्ली भएको छ । कोहलपुर नगरपालिका-४ बेलनपुरका २९ वर्षीय बेडुवाले विसं २०७३ असारमा २७ वर्षीया श्रीमती फल्सुनदेवीको हत्या गरेर सजाय भुक्तानका लागि अहिले कारागारमा रहेकाले उनका छ छोराछोरी बिचल्लीमा परेका हुन् । उनले झारफुक गर्न जाने भन्दै श्रीमतीलाई तीन किलोमिटर टाढा बाटोमा लगेर हत्या गरेका थिए । हाल टुहुरा जस्तै बानेका उनीहरू जहाँ जान्छन् त्यहीँ खान्छन् । कसैले मतलव गर्दैनन् । अलि ठूलो भएको जेठा छोरोले पनि मागेरै गुजारा चलाउँदै आएको बेडुवाको भाइबुहारी आसरा खानले बताइन् ।

### सेफ्टीटचांकीमा निस्सासिएर एकको मृत्यु

धनुषा । धनुषामा निर्माणाधीन सेफ्टीटचांकीको रिङ खोल्ने क्रममा निस्सासिएर एकजनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन् । जनकपुर ल्याउँदै गर्दा मिस्त्री दिनेश चौधरीको बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ । धनुषाको विदेह नगरपालिका-६ तीन कौरिया बस्ने रामशोभित महतोको घरमा सेफ्टीटचांकीको रिङ खोल्ने क्रममा स्थानीय ३० वर्षीय मिस्त्री दिनेश चौधरीको निस्सासिएर मृत्यु भएको प्रहरीले जनाएको छ । स्थानीय शुभनारायण दास र फुलगेन दास निस्सासिएर घाइते भएका छन् ।

### नालामा डुबेर बालकको मृत्यु

कपिलवस्तु । कपिलवस्तु नगरपालिका-५ श्रीरामपुर बस्ने धुर्बराज यादवको ५ वर्षीय छोरा करण यादवको नालामा डुबेर मृत्यु भएको छ । खेल्ने क्रममा घरनजिकैको मसैया नालामा डुबेर बालकको मृत्यु भएको प्रहरीले जनाएको छ ।


नीति तथा कार्यक्रम होस् वा बजेट, विश्वासको प्रस्ताव होस् वा कुनै प्रस्ताव, प्रधानमन्त्रीको तर्फबाट संसदमा वा संसदीय समितिमा राखिएर अस्वीकृत भएमा सरकार अल्पमतमा परेको मानिन्छ र प्रधानमन्त्रीले राजीनामा दिने चलन छ। लोकतान्त्रिक र संसदीय मुल्य मान्यता यहि हो। कम्युनिष्टहरूको कुन्नि ? **विमलेन्द्र निधि**


एक प्रदेशका डीआइजीले प्रदेश प्रमुखलाई भनेछन् : सर, हजुर केन्द्रको नियुक्ति हुनाले म हजुरको सुरक्षामा ज्यान दिन्छु, यी सिँगाने मुख्य मन्त्री, मन्त्रीको मलाई बाल मतलब छैन। भनेसि ओली राजले संघीयताको बालहत्या गर्ने भो, हैन ? कहाँ छन् संघीयताका जनक भनाउँदा पीके बादलहरू ? **खर्गेन्द्र संगौला**


संविधानको सफलता त्यसलाई लागू गर्नेको आचरणमा निर्भर गर्दछ। संविधानको आन्तरिक दृढ़ता कायम राख्न संशोधन अपरिहार्य छ। नेपाल विविधताको दृष्टिले विशाल देश हो। अहिले यस्तो माहौलको खाँचो छ। प्रत्येक नेपालवासीलाई लागोस। देश निर्माणको कार्यमा ऊ जुटेको छ र मुलुकलाई अगाडी बढाउनु परेको छ। **चन्द्रकिशोर**


प्र.न्या प्रकरणमा सत्तापक्षले आफ्नो अडान स्पष्ट गरिसकेकोले अब फर्किन सक्ने अवस्था छैन। यो विषयमा जनताको चासो नरहेकोले ने.का. पनि अन्ततः सहमतमा आउनुको विकल्प देखिदैंन। पटाक्षेप जसरी भएपनि विगतका विद्रोहीहरू आफ्ना एजेण्डामा सफल हुँदै गएका छन्। **देवेश झा**


अचेल मौलिक लिपीका कुरा खुबै चर्चामा छ। त्यसैक्रममा मिथिलाका खास दुई जाति (ब्राह्मण र कायस्थ)ले विगतमा जातिय पंजिकरणका लागि प्रयोग गरेका तिरहुता र कैथीको सन्दर्भ पनि उठेको छ। यी दुई लिपी ती दुई जातिका लागि महत्वपूर्ण भएपनि सबै मिथिलाजनमा महत्व राख्दैन। **दिनेश यादव**


हामी मानिसलाई आक्रमक रूपमा ब्याख्या गर्दा कस्तो जनावर जस्तो भन्ने गर्छौं। तर जतिनै आक्रमक र खतरनाक भएपनि जनावरले बलात्कार गर्दैनन। बलात्कार महिलाको जीन्दगी र आत्मसम्मानसंग मात्र होइन बलात्कारी बाहेक अन्य पुरूषको स्वभिमान र आत्मसम्मानसंग जोडिएको कुरा पनि हो। बबिता बस्नेत


राजनीतिका साथै शिक्षा, सुरक्षा, निजामती एवं न्याय क्षेत्र समेतका शीर्षस्थ व्यक्तिहरूका शैक्षिक योग्यता र प्रमाणपत्र नक्कली भेटिन थालेपछि सिङ्गो राष्ट्र लज्जित भैरहेको अनुभुत हुन्छ। यस्तो अवस्थामा सुशासन र विकासको कुरा गर्नु ठट्टा झैं लाग्छ। सी.एन खड्का


मानिसले आफुलाई धार्मिक, मानवीय र नैतिक मूल्य मान्यतासित जोडेर आफ्नो पहिचान बनाउनुपर्दछ, कुनै अमूक जात, जाति, सम्प्रदाय, भाषा अथवा भौगोलिक क्षेत्रसित होइन्। गान्धी, मन्डेला र मार्क्सहरू उनीहरूको जात,जाति, सम्प्रदाय अथवा भाषाबाट नभई उनीहरूको बिचारबाट चिनिन्छन्। संकीर्णताबाट माथि उठौं। **गोविन्दा साह**


आफू पदमा हुदा माखो नमार्ने, न कुनै आदर्श न कुनै नविनतम काम, खाली सुविधा उपभोग र व्यक्तिगत स्वार्थमा तल्लिन तर निबृत भएपछि महान दर्शन छांट्ने, आदर्श अर्ति बुद्धि दिने, हर विषयको विज्ञ, संसारलाई नै मार्गदर्शन गर्छन कि जस्तो गर्ने पूर्व पदाधिकारी देखि कतिलाई विरक्त लाग्दो होला। **कृष्ण घिमिरे**

# नेपाल भारत व्यापार समस्यालाई तत्काल समाधान गरिन्छ : प्रम ओली



काठमाडौं। प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल भारत व्यापारमा भएको समस्यालाई तत्काल समाधान गरिने बताएका छन्। हालसम देखिएका व्यापारका असमझदारीहरू हटाउन उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयका सहसचिबको नेतृत्वमा एक टोलीलाई भारतीय समकक्षीसँग छलफल गर्न तत्काल पठाउने लागिएको प्रधानमन्त्री ओलीले जानकारी दिए। उद्योग संगठन मोरङले आज प्रधानमन्त्री निवास बालुवटारमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा प्रधानमन्त्री ओलीले सो कुरा बताएका हुन्। नेपालमा हुन लागेको विमस्टेक सम्मेलनमा सहभागी हुन आउन लागेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग व्यापार समस्याको बारेमा कुरा गरिने प्रधानमन्त्री ओलीले बताए। "विमस्टेकमा आउनुभएका राष्ट्रप्रमुखसँग सामुहिक रूपमा र व्यक्तिगत रूपमा पनि हाम्रा व्यापारका समस्या समधानका लागि हामी कुरा गर्छौं।" प्रधानमन्त्री ओलीले उद्यमी र सरकार मिले नेपालको परिचय बदल्नु पर्ने बताए। "नेपाललाई आयातकर्ताबाट निर्यातकर्तामा, गरिब नेपालबाट सम्पन्न नेपालमा, पछौटेपनबाट आधुनिक नेपालमा, बेरोजगार नेपालबाट रोजगारयुक्त नेपालमा बदल्नु पर्दछ" प्रधानमन्त्री ओलीले भने "नेपालको पुरानो परिचय बदल्नका लागि उद्यमी व्यवशायीले योजना ल्याउन त्यसमा सरकारको साथ सहयोग हुन्छ।"

प्रधानमन्त्री ओलीले अहिलेको बढ्दो व्यापार घाटालाई कम गर्नु पर्ने,व्यापार सन्तुलन कायम गर्नुपर्ने र समग्र आर्थिक अवस्था परिवर्तन गर्नुपर्ने प्रधानमन्त्री ओलीको भनाइ छ। "हामी आर्थिक परिर्वतन त भनिरहेका छौं तर त्यो बाटो पक्रिरहेका छैनौ" प्रधानमन्त्री ओलीले भने "सरकार र उद्यमीको संयुक्त प्रयासबाट आर्थिक परिवर्तनको बाटो तय गर्नुपर्दछ। यसमा कृषिलाई पनि जोड्नु पर्दछ।" प्रधानमन्त्री ओलीले नेपालीहरूमा उपभोक्तावादी चिन्तन बढेको बताए। "विश्वको जुनसुकै ठाउँमा निस्केको अत्याधुनिक फेसन पनि नेपालीले लगाएकै छन्। अत्याधुनिक खाना पनि खाएकै छन्" प्रधानमन्त्री ओलीले भने "तर आफ्नोमा त्यस्तो फेसन बनाउने वा खाना उत्पादन गर्नेतिर हाम्रो ध्यान छैन। व्यापार घाटा घट्ने मुख्य कारण पनि उपभोक्तावादी चिन्तन नै हो।"

अहिलेको सरकार स्थिर भन्नाले गतिहिन नभएको प्रधानमन्त्रीले बताउनुभएको छ। देशलाई स्थिरता चाहिएको छ। जनताले स्थिरताको अपेक्षा गरेको तर अगाडी नै नबढ्ने एकै ठाउँमा अडिरहने सरकार नचाहेको प्रधानमन्त्रीको भनाइ छ। "जनताले स्थिरताका लागि पनि गतिशिल सरकारको अपेक्षा गरेका थियो। त्यो पुरा भएको छ। अब यो सरकाले तिनै जनताको अपेक्षा बमोजिमका काम गर्छ" प्रधानमन्त्री ओलीले भने।

उद्योगको स्थापना र सञ्चालनका लागि सरकारले जे जति सहुलियत दिन सकिन्छ त्यसमा सरकारले कञ्जुष्याईं नगर्ने प्रधानमन्त्री ओलीले प्रतिवद्धता व्यक्त गरेका छन्। सरकारले दोहोरो तेहोरो कर नलिने प्रधानमन्त्रीले बताए। व्यावसायीहरूले कर वृद्धिको बिषयमा गुनासो गरेपछि प्रधानमन्त्रीले त्यस बिषयमा आफूले थप जानकारी लिने तर दोहोरो करको व्यवस्था चाँही हटाइने बताए।

कार्यक्रममा उद्योग संगठन मोरङका अध्यक्ष भीम घिमिरेले नेपालको व्यापार सन्तुलनका लागि सरकारले गर्नुपर्ने तत्कालिन र दीर्घकालिन कामका बारेमा एक कार्यपत्र प्रस्तुत गरेका छन्। कार्यक्रममा नेपाल कम्यूनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुपष्कमल दाहाल प्रचण्डले मन्तव्य राखेका थिए। अन्तरक्रिया कार्यक्रममा मन्त्री र सचिबहरूको पनि उपस्थिती थियो।

# मोदीले पोखरा र लुम्बिनीको भ्रमण गर्ने



काठमाडौं। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी चौथो पटक नेपाल आउने भएका छन्। भदौ १४ र १५ गते हुने चौंथो विमस्टेक बैठकमा भाग लिन नेपाल आउन लागेका प्रधानमन्त्री मोदी नेपालमा दुई दिन रहने छन्। सो क्रममा उनले गौतमबुद्धको जन्मस्थान लुम्बनी र पोखराको समेत भ्रमण गरी नेपालस्थित भारतीय दूतावास तयारीमा जुटेको छ। यसअघि वैशाख २८ गते दुई दिनका लागि नेपाल भ्रमणमा आएका मोदीले मुस्ताङ्गबाट फर्किने क्रममा पोखरामा घुम्ने योजना बनाएका थिए। गौशालामा भारतको सहयोगमा निर्माण भएको धर्मशालाको उद्घाटन पनि मोदीले गर्ने तयारी भइरहेको छ। मोदीले उद्घाटन गर्ने धर्मशालाको अवलोकन भारतीय जनता पार्टीका महासचिव राम माधवले गरिसकेका छन्। साउन १४ गते थिङ्क ट्याङ्कको सम्मोलनमा भाग लिन नेपाल आएका राम माधवले नेपालका लागि भारतीय राजदूत मञ्जिभ सिंह पुरीको साथमा सो धर्मशालाको अनुगमन गरेका थिए।

# आर्थिक समाचार

## आइएमई जनरल इन्स्योरेन्सको प्रमुख कार्यकारी अधिकृतमा श्रेष्ठ

काठमाडौं। आइएमई जनरल इन्स्योरेन्स लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा युगेशभक्त बादे श्रेष्ठ नियुक्त भएका छन्। श्रेष्ठ सोही कम्पनीको महाप्रबन्धक तथा का.मु. प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत थिए।
श्रेष्ठ २३ बर्ष देखि निर्जीवन बीमा क्षेत्रमा कार्यरत छन्। बीमा क्षेत्रलाई नै आफ्नो कर्मथलो बनाएर यही क्षेत्रको विकासमा निरन्तर लागि परेका श्रेष्ठको नेतृत्वमा करिब ३ वर्षमा आईएमई जनरल इन्स्योरेन्सले १ अर्ब भन्दा बढीको बीमा शुल्क आर्जन गर्न सफल भएको छ। कार्यकारी अधिकृतको सपथ लिंदै श्रेष्ठले आफनो कार्यकालमा आइएमई जनरल इन्स्योरेन्सलाई उत्कृष्ठ कम्पनीको रूपमा स्थापित गर्ने प्रतिवद्धता व्यक्त गर्दै सोही अवसरमा आफूलाई सदैव सहयोग गर्ने नियमन निकायहरू, बीमा समिति, कम्पनीको संचालक समिति, शेयधनीहरू, कम्पनीमा व्यवस्थापकिय पदमा कार्यरत कर्मचारी, विभागीय प्रमुखहरू, शाखा प्रमुखहरू लगायत समस्त कर्मचारी वर्गलाई धन्यवाद दिंदै कम्पनीका ग्राहक महानुभावहरूलाई सधन्यवाद व्यक्त गरेका थिए।

## एनआईसी एशियाको शाखारहित सेवा

काठमाडौं। एनआईसी एशिया बैंक गुल्मी जिल्लाको गुल्मीदरबार गाउँपालिकाको ठूलोपोखरामा आफ्नो सत्रौं शाखारहित बैंकिङ्ग सेवा संचालनमा ल्याएको छ। बैंकले गुल्मीदरबार गाउँपालिकाको ठूलोपोखरामा संचालनमा ल्याएको शाखारहित बैंकिङ्ग सेवाको उद्धाटन गुल्मीदरबार गाउँपालिका वडा नं. ७ का वडा अध्यक्ष हिरा बहादुर खत्रीको उपस्थितिमा सम्पन्न भयो र उक्त शाखारहित बैंकिङ्ग सेवाका प्रतिनिधिको रूपमा बैंकले खुमलाल अर्याललाई नियुक्त गरेको छ। शाखारहित बैंकिङ्ग सेवाबाट देशका विभिन्न ग्रामीण क्षेत्रका स्थानीय बासिन्दाले आफ्नो गाउँमै स्थानीय प्रतिनिधि मार्फत बैंकिङ्ग सेवा लिन सक्नेछन्। साथै सो सेवाबाट बैंकिङ्ग कारोबारको लागि स्थानीय बासिन्दाहरूलाई लामो दुरीसम्म हिड्नु पर्ने बाध्यताको अन्त्य गरी ग्रामीण र दुर्गम क्षेत्रहरूमा बैंकिङ्ग कारोबारको विकास हुने विश्वास बैंकले लिएको छ।

## ग्लोबल आइएमई बैंक र अस्पतालबीच सम्झौता

काठमाडौं। ग्लोबल आइएमई बैंक र दिर्घायु गुरू अस्पताल एंव रिर्सच सेन्टरबीच अस्पतालले प्रदान गर्ने विभिन्न सेवा तथा सुविधाहरूमा दिइने छुट सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ। बैंकले हस्पिटलसँग आफ्ना ग्राहकलाई स्वदेशमै गुणस्तरीय उपचारमा सहुलियत दिने उदेश्यले दुईपक्षीय सम्झौता गरेको हो। उक्त सम्भौतापत्रमा दिर्घायु गुरू अस्पताल एंव रिर्सच सेन्टरका प्रबन्ध निर्देशक सुरज बला श्रेष्ठ र ग्लोबल आइएमई बैंकका रेमिट्यान्स, कार्ड वितरण तथा बजार प्रर्वद्धन विभाग प्रमुख रविन्द्र ढकालले हस्ताक्षर गरे। ग्लोबल आइएमई बैंकले आफ्ना ग्राहकहरूलाई बैंकिङ्ग सेवाको अतिरिक्त अन्य सुविधाहरू प्रदान गर्ने उद्देश्यले लामो समयदेखि विभिन्न संस्थासँग समन्वय गरी यस्ता विभिन्न खाले योजनाहरू ल्याईरहेको छ।

# रवि-भानु साहित्यिक प्रतिष्ठान स्थापनाका लागि पहल

काठमाडौं। कोलकातामा नेपालका आदिकवि भानुभक्त आचार्य तथा भारतका विश्वकवि रवीन्द्रनाथ ठाकुरका नाममा रवि-भानु साहित्यिक प्रतिष्ठान स्थापनाका लागि पहल गरिएको छ। भारतमा रहेका भारतीय-नेपालीभाषी तथा रोजगारी, व्यवसाय, अध्ययनलगायत विभिन्न कारणले त्यहाँ रहेका नेपालीको संयुक्त पहलमा यस क्षेत्रका दुई अति विशिष्ट कविका नाममा प्रतिष्ठान गठन गर्न लागिएको हो। दुवै देशका भाषा, साहित्य र संस्कृतिको विस्तार गरी जनस्तरको सम्बन्धमा नयाँ आयाम ल्याउने विश्वासले प्रतिष्ठानको आवश्यकता बोध गरिएको कोलकातास्थित नेपाली जनकल्याण समितिका अध्यक्ष बद्रीविक्रम थापाले बताए। कोलकातामा यसअघि भानुभक्तको शालिक स्थापना गरिसकिएको छ। कोलकातामा क्रियाशील नेपाली समुदायका २६ संस्थाको पहलमा आगामी दिनमा प्रतिष्ठान स्थापनाको कानूनी तथा भौतिक तयारी तीव्र पारिने समितिका महासचिव रामबहादुर कार्कीले बताए।

## मानवअधिकार...

पारेको प्रतिवेदन सत्यभन्दा निकै टाढा र सत्तापक्षलाई खुशी पार्ने मात्र ल्याएको छ। किनभने प्रतिवेदन एकपक्षीय विरोधाभाषपूर्ण तथा पूर्वाग्रही रहेको ठहर सर्वत्र गरिएको छ। सो प्रतिवेदनको चौतर्फी आलोचनाका साथै आयोगको छवि तथा विश्वसनियतामाथि नै प्रश्न उठेको छ।

आयोगको सदस्य तथा प्रवक्तासमेत रहेकी मोहना अंसारीले आफ्नो नोट अफ डिसेन्ट अध्यक्ष अनुपराज शर्मालाई बुझाई सैद्धान्तिक विषयहरू पुनःविचार गर्न अनुरोध गरिनुले पनि प्रतिवेदनको वैधानिकतामाथि प्रश्न उठेको छ।

अन्सारीले आफ्नो नोट अफ डिसेन्टमा भने कि छिन्, 'मेरो नेतृत्वमा भएको अनुगमनमा यो घटनामा सुरक्षा निकाय, एमाले मधेशी मोर्चा तीन वटै पक्ष जिम्मेवार रहेको निष्कर्ष निकालिएको थियो।' उनले भीडमा चलेको गोलीले नागरिकको ज्यान जानुलाई मानवअधिकारका दृष्टिकोणले 'बाध्यात्मक' भन्न नसकिने बताएकी छन्। प्रतिवेदनका विषयमा आयोग सदस्यहरूबीच मत विभाजन हुनु र अध्यक्ष शर्माले पनि प्रतिवेदनको समीक्षा गरिने भन्नुले यसको विश्वसनीयतामाथि प्रश्न उठेको छ।

यस सन्दर्भमा प्रदेश २ को सरकारले घटनाको छानविन थाल्नु अवश्य पनि सराहणीय कदम हो। तर एउटै घटनाको विषयमा दुई थरी प्रतिवेदन आएपछि यसले थप आशंका जन्माउन सक्छ।

## प्रतिवेदनलाई...

**० तत्कालीन अवस्थामा तपाइँहरू नै आन्दोलनकारी हुनुहुन्थ्यो, भनेपछि आन्दोलनकारीहरूले नै कसरी निष्पक्ष छानबिन गर्न सक्छ त ?**

– हेर्नुस्, हाम्रो भूमिका परिवर्तन भइसकेको छ। हुन सक्छ हामी त्यो बेला आन्दोलनकारी थियौं, अहिले हामी प्रदेश २ का सरकारका प्रतिनिधि हौं। सरकारका प्रतिनिधि जहिले पनि पार्टी र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर जनतालाई न्याय दिलाउनका लागि काम गर्न सक्ने प्रतिबद्ध र उत्तरदायी हुनुपर्छ। प्रदेश २ को सरकार जनताप्रति उत्तरदायी भएकोले हाम्रो प्रतिवेदन निष्पक्ष हुन्छ। गल्ती गर्ने मान्छेलाई पर्दाफास गर्छौं। जब हाम्रो प्रतिवेदन आउँछ त्यसपछि हामीमाथि गरिने शंकाहरू समाप्त हुन्छ।

**० यस्ता घटनाहरूको छानबिन गर्ने अधिकार प्रदेश सरकारसँग हुन्छ त ?**

– निश्चितरूपमा हुन्छ। हामी जनताका प्रतिनिधि हौं, जनताले आफ्नो अमूल्य मत दिएर जिताएका छन्। यो प्रदेशको शान्ति, सुरक्षा र सुशासनको जिम्मा जनताले दिएका छन् भने प्रदेश सरकारको अधिकार किन हुँदैन।

**० आयोगको प्रतिवेदनमा कहाँ-कहाँ त्रुटिहरू देख्नुभएको छ ?**

– आयोगको प्रतिवेदनमा त्रुटि नै त्रुटि छन्। एउटा दुईटा त्रुटि भन्दा पनि एकहोरो र एकतर्फी किसिमले प्रतिवेदन ल्याइएको हो। प्रतिवेदनमा के भनिएको छ भने पर्खाल फोडेर आगो लगाउने प्रयास गरिएको छ। जबकि घटनास्थलको पाँच सय वरसम्म प्रहरीको घेरा थियो। त्यसलाई तोडेर आउन सक्ने स्थिति नै थिएन। अर्को कुरा प्रहरीभन्दा आन्दोलनकारीहरूको संख्या कम थियो। जब कार्यक्रम सकेर जान थालेपछि त्यो घटना भएको हो। उनीहरू फर्कि सकेपछि बाटोमा कुनै किसिमको अवरोध नै थिएन। त्यसैले गोली चलाउने कुनै आवश्यक्ता नै थिएन। जबर्जस्ती गोली चलाएको स्थिति छ। त्यसपछि दुई जना मृतकहरूको पोष्टमार्टम रिपोर्ट नै छैन। यस्ता थुप्रै त्रुटिहरू छन्, जसले यो प्रतिवेदनमाथि विश्वास गर्ने ठाउँ नै छैन।

**० तपाइँहरूको प्रतिवेदनमा जो दोषी देखिन्छन्, उनीहरूलाई कारबाही गर्ने हैसियत तपाइँहरूसँग छ त ?**

– कारबाहीका लागि हामी सिफारिस गर्छौं। त्यसपछि हामी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियमकानूनअनुसार कारबाही भइहाल्छ। नहुने कुरै छैन। जुन बेला हामी आन्दोलनमा थियौं त्यो बेला पनि कारबाही त भएकै हो नि। राष्ट्रिय/अन्तर्राष्ट्रिय कानूनलाई कसैले तोड्न सक्दैनन्।

**० तपाइँहरूले दिने प्रतिवेदनको आधारमा दोषीलाई कारबाही हुन्छ नै भन्ने के आधार छ त ?**

– यो कुरालाई हामी अन्तर्राष्ट्रियकरण गर्छौं। हामीले तयार पारेको प्रतिवेदन संयुक्त राष्ट्र संघमा पनि बुझाउँछौं। अन्तर्राष्ट्रिय अदालतमा पनि बुझाउँछौं। त्यसैले यसलाई हामी निर्णायक स्थितिसम्म पुऱ्याउने हाम्रो प्रतिबद्धता छ र त्योअनुसार हामी अगाडि बढ्छौं। मधेश आन्दोलनका क्रममा भएका घटनाहरू छानबिनका लागि गठित आयोगहरूको प्रतिवेदन पनि सरकारले सार्वजनिक गर्न चाहेको छैन। यसबाट नै सरकारको नियत स्पष्ट हुन्छ। हामीले बुझाएको प्रतिवेदनलाई दबाउन खोजियो भने अन्तर्राष्ट्रिय जगतमा लिएर जान्छौं।

## कठिन...

रूढिवादी परम्परामा आधारित भएको देखिन्छ तर यसलाई एउटा खास धार्मिक, सांस्कृतिक मान्यताको प्रतीकको रूपमा बुझ्ने गरिन्छ। यो विधिमा डाम्दा हुने पीडा जत्तिकै दाम्पत्य जीवनमा पर्न सक्ने दुःख, कष्ट, पीडा खप्ने हुनुपर्दछ भन्ने अर्थ दिने गरिन्छ।

मिथिलाका नारीको जीवनपद्धतिसँग जोडिएको मधुश्रावणी पर्वलाई महत्वपूर्ण पर्वको रूपमा मनाइने गरिन्छ। यो पर्व धार्मिक मात्र नभई मिथिलाञ्चलको सांस्कृतिक चाड पनि हो। यतिबेला व्रतालु युवतीहरूले साथीहरूसँग मैथिली लोकगीत र लोकगाथा गाएर मनोरञ्जन गर्ने गर्दछन्। गीत र मनोरञ्जनका माध्यमले नवदम्पतीमा एकअर्काप्रति अनुरागको अभिवृद्धि गर्ने अवसरको रूपमा पनि यस व्रतलाई लिने गरिन्छ। रातो पहिरन, राता फूल र राता अक्षतालाइ सौभाग्य, प्रेमको प्रतीकको रूपमा मान्नु नेपालीहरूको साझा संस्कृति हो। नेपाली संस्कृतिमा सुर्ख–दुःख, हर्ष–विस्मात् र उल्लास-उमंग साटासाट गर्ने अवसरहरू प्रशस्त रहेका छन्। यसै अवसरहरू मध्ये मुधश्रावणी पनि एक हो। नवविवाहिता जोडीले परम्परालाई आफ्ना भावना साटासाट गर्ने अवसरका रूपमा यस चाडलाई लिन सकिन्छ। आफ्ना परम्परागत धरोहरलाई जीवन्त राख्ने र तिनकै माध्यमबाट जीवनलाई सार्थक पार्ने कुरामा अविचलित नभई मैथिली युवतीहरू मुधश्रावणी पर्व मनाउने गर्दछन्।

## कुरिती अन्त्य गर्न अभियान

पर्सा। प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउत गद्दीले समाजको सोचमा रूपान्तरण तथा सकारात्मक परिवर्तन नआएसम्म राष्ट्र समृद्ध हुन नसक्ने धारणा व्यक्त गरेका छन्। सडक, नाला, विद्यालय भवनजस्ता पूर्वाधार निर्माणले मात्र राष्ट्र समृद्ध हुन सक्दैन भन्दै उनले समाजको सकारात्मक र प्रगतिशील सोचको विकासले नै मुलुकलाई समृद्धितर्फ लैजान सक्ने बताए। पर्साको कालिकामाई गाउँपालिकाको वीरञ्चिबर्वामा सञ्चालन भइरहेको दिव्यकन्या उच्च माविको उद्धाटन समारोहमा मुख्यमन्त्री गद्दीले समाजलाई रूपान्तरण गर्दै स्वास्थ्य शिक्षामा गुणात्मक प्रगतिसँगै गरिबीलाई समाप्त गरे मात्र राष्ट्र समृद्ध हुनसक्छ भने। उनले समाजमा रहेको पुरातनवादी सोचलाई हटाउँदै समाजभित्रको कुरीति अन्त्य गर्नका लागि प्रदेश सरकारले "बेटी बचाउ बेटी पढाउ"को अभियानलाई अगाडि बढाएको र यस अभियानमा सहभागी हुन सबैलाई आह्वान गरे। यस अभियानलाई थप प्रभावकारी बनाउन प्रदेश सरकारले प्रदेश प्रहरी सेवामा महिलालाई ५० प्रतिशत आरक्षणको व्यवस्था गरेको जानकारी दिँदै मुख्यमन्त्री गद्दीले अब प्रदेशबाट वितरण गरिने अन्य सेवामा समेत महिलाका लागि आरक्षण गरिने उल्लेख गरे।




## भारतीय मन्त्रीसँग नेपाली व्यवसायीको माग

काठमाडौं। भारतका सडक पारबहन तथा राजमार्गमन्त्री नीतिन गडकरीसमक्ष वीरगन्ज उद्योग वाणिज्य संघले माग प्रस्तुत गरेको छ। संघका अध्यक्ष ओमप्रकाश शर्मा तथा पूर्वअध्यक्ष एवं नेपाल-भारत मैत्री संघका अध्यक्ष अशोक वैदले केन्द्रीय पारवहनमन्त्री गडकरीसँग रक्सौलको रेल्वे क्रसिङका कारण हुने जामले पर्यटक, सर्वसाधारण तथा मालसामानको आवागमनमा समस्या परेको भन्दै त्यहाँ आकासे पुल निर्माण गरिदिन आग्रह गरेको हो। मोतीहारी-पिप्रा-रक्सौल मार्गलाई ४ लेनमा स्तरोन्नति गर्न, रक्सौललाई आधुनिक सहरका रूपमा विकास गर्न, मितेरी पुलको समानान्तर अर्को पुल निर्माण गरिदिन पनि संघले आग्रह गरेको हो। संघका मागप्रति आफूले गम्भीरताका साथ पहल गर्ने आश्वासन दिएको पूर्वअध्यक्ष वैदले जानकारी दिए।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं